
# सामुदायिक रेडियो

वर्ष १३ अंक १ २०७७ फागुन



# विपद् र महामारीमा रेडियो


LIVE on Facebook
basudev dhakal
Mohammad Arif Ansari






विजय एफ एम

# सामुदायिक रेडियो




- विपद् र महामारीमा सामुदायिक रेडियो ५
- कोभिड १९ मा अकोराब र सामुदायिक रेडियोको भूमिका ९
- कोभिड-१९ मा सामुदायिक रेडियो मदनपोखराको हाम्रो पाठशाला १२
- बन्दाबन्दीले जन्मायो 'नुवाकोट रेडियो सञ्जाल' १६
- रेडियो बहसमा किशोरीहरू १८
- कोभिड-१९ प्रभाव : सूचनाको हकबाट वञ्चित गरिएन २०
- लकडाउनले जुरायो विद्यालयको वार्षिक नतिजा सार्वजनिक गर्ने अवसर २२
- लकडाउनको बेला पुलको काम गर्‍यौं २५
- कोरोना कालमा सामुदायिक रेडियो २८
- विपद्मा रेडियोको योगदान ३२
- संकट र विपदमा सामुदायिक रेडियोको भूमिका ३५
- लकडाउनको समय र रेडियो सञ्चालनको चुनौती ३८
- रेडियो स्टेसन नै आइसोलेसन बन्दा... ४०
- कोरोनाको जोखिममा रेडियो पत्रकारिता र हाम्रो भूमिका ४२
- कोरोना कहरमा हुम्लाका सामुदायिक रेडियो ४५
- रेडियो कक्षा 'स्कुल मिरर' र यसको उपदेयता ४६
- कोरोनाको हट स्पट वीरगन्ज बन्दा ५३
- तथ्यांक र प्रविधिमा स्थानीय एफएम रेडियो ५६

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) द्वारा
प्रकाशित 'सामुदायिक रेडियो' का लागि

**सम्पादन संयोजक**
बालकृष्ण पोखेल

**सम्पादन मण्डल**
दीपक आचार्य
गोविन्द खड्का

**व्यवस्थापन**
बाबुराम खड्का

**लेआउट/प्रिन्टिङ**
मिडिया क्याफे
अनामनगर, काठमाडौं

**पत्राचारका लागि**
सामुदायिक रेडियो प्रसारक संघ (अकोराब)
चाकुपाट, ललितपुर,
पोष्ट बक्स : १९३२४ काठमाडौं, फोन : ५२६०६६१, ५२६०६७१
फोन/फ्याक्स : ५२६०६४६
इमेल : info@acorab.org.np, acorab@gmail.com, वेबसाइट : www.acorab.org.np

**अनुरोध**
देशभरका सामुदायिक रेडियोले गरेका गतिविधि हामीलाई पठाउनुस् । तपाईंका गतिविधि र क्रियाकलाप सामुदायिक रेडियो (न्युजलेटर) मा समावेश गर्नेछौं ।

# विपद् र महामारीमा सामुदायिक रेडियो

**समुदायको निकटमा रहेर स्थानीय विषयवस्तु र घटनाको बेलिविस्तार दिने सामुदायिक रेडियो विपद्को बेला समुदायको भरपर्दो सहयोगी भए ।**



विपद् र महामारीको समयमा समुदायलाई अत्यावश्यक सूचना र जानकारी दिनु सामुदायिक रेडियोको प्रमुख दायित्व हो। विपद्का कारण स्थानीय समुदायलाई के कस्तो अप्ठ्यारो परेको छ भन्ने जानकारी सामुदायिक रेडियोले छिटो थाहा पाउँछ। सामुदायिक रेडियो समुदायको साथमै रहने भएकाले उनीहरूले सामुदायिक रेडियोमार्फत धेरै जानकारी र उपयोगी कुराहरू थाहा पाउँछन् । सामुदायिक रेडियो र समुदायकाबीच सुमधुर सम्बन्ध हुने हुनाले एकले अर्कोलाई सहयोग गर्नु स्वभाविक र नियमित कार्य हो। सामान्य अवस्थामा भन्दा विपद्को बेला आफूलाई चाहिएको सूचना र जानकारी सञ्चारमाध्यममार्फत खोज्नेहरूको संख्या धेरै हुन्छ ।



**सुवास खतिवडा**
अध्यक्ष, अकोराब

यस्तो समयमा सञ्चारमाध्यमको खोजी गर्नेहरूको संख्या बढ्ने अध्ययनहरूले देखाएका छन् । विपद्का बेला औषधि, पानी र खाद्यान्नको जति महत्व हुन्छ, त्योभन्दा धेरै महत्व सूचना र जानकारीको हुन्छ। भौतिक र मानवीय क्षति हुन नदिने र सम्भाव्य हानि-नोक्सानीबारे सम्बन्धित नागरिकलाई बेलैमा सुसूचित गराउनु आमसञ्चार माध्यमको दायित्व हो। समुदायको निकटमा

रहेर स्थानीय विषयवस्तु र घटनाको बेलिविस्तार दिने सामुदायिक रेडियो विपद्को बेला समुदायको भरपर्दो सहयोगी भएका छन् । समुदायको स्वामित्व, सहभागिता एवं सक्रियतामा सञ्चालित सामुदायिक रेडियो विपद्को समयमा समुदायलाई अत्यावश्यक सूचना एवं जानकारी पुऱ्याउन सक्रिय भइरहेका हुन्छन् । स्थानीय प्रसारण माध्यम भएकाले यसको मुख्य प्राथमिकता स्थानीय सवाल र विषयवस्तु नै हुनु स्वभाविक हो । समुदायले आफ्नो वरिपरिको स्थानीय समाचार र विचार थाहा पाउने मुख्य माध्यम सामुदायिक रेडियो नै हो ।

नेपालका सामुदायिक रेडियोले विपद् र संकटको समयमा नागरिकको जीउधनको सुरक्षाका लागि सार्थक प्रयास गरेका छन् । रेडियोले महामारीको समयमा जोखिमकै बीच नागरिकलाई सूचना र जानकारी पुऱ्याउन योगदान दिएका छन् । २०७२ को विनाशकारी भूकम्पको समयमा सामुदायिक रेडियोको प्रसारण केन्द्र भत्किएर भग्नावशेषमात्र रहँदा पनि सामुदायिक रेडियोले समुदायको सेवाको लागि खुल्ला चौरमा पाल टाँगेर टुटेफुटेका उपकरण जोडी रेडियो प्रसारण गरेका थिए ।

भूकम्पले उत्पन्न गरेका असामान्य अवस्थामा रेडियोले उद्धार, राहत र पुनर्स्थापन कार्यमा पुऱ्याएको योगदान प्रशंसनीय र प्रेरणादायी छ । भूकम्पले रेडियोको भवन भत्काएको, टावर ढालेको र अन्य भौतिक क्षतिको अवस्थामा तत्काल रेडियो प्रसारणमा ल्याउन रेडियोकर्मीले साहसिक कार्य गर्नु भयो । पालमुनि एफएम रेडियो सञ्चालन गरेर संकटको घडीमा अत्यावश्यक सूचना र जानकारी नागरिकसम्म पुऱ्याउन सामुदायिक रेडियोकर्मी सफल भए । तराईको ढुवान, सितलहर र अन्य रोगव्याधिको समयमा समेत एफएम रेडियोले आपतकालीन प्रसारण सञ्चालन गरेर मानवीय सेवा पुऱ्याएको छ । सामुदायिक रेडियोकर्मी अनेक प्रकारका कठिनाइको सामना गरेर पनि समुदायको सेवा गरिरहेका छन् । कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथामका निम्ति जनचेतनामूलक सूचना एवं जानकारी प्रसारण गर्ने सवालमा समेत नेपालका सामुदायिक रेडियोहरू एक कदम अघि बढेर सामाजिक एवं मानविय दायित्व निर्वाह गरिरहेका छन् ।

**नेपालमा प्रसारित ९८ प्रतिशत सामुदायिक एफएम रेडियोले कोरोना महामारीको बेला जनहितको निम्ति कोरोना भाइरस संक्रमणसम्बन्धी जनचेतनामूलक सामग्री प्रसारण गरिरहे ।**

कोभिड १९ संक्रमण फैलिन नदिन सामुदायिक रेडियोहरूले सार्वजनिक हितको सन्देश प्रसारण गरी समुदायलाई सचेत बनाउन मद्दत गरे । कोभिड-१९ संक्रमण फैलिन नदिन कस्तो सावधानी अपनाउने, कसरी सुरक्षित रहने र दैनिक आनीबानीमा कस्तो होसियारी अवलम्बन गर्नेलगायत आधारभूत जानकारी सामुदायिक रेडियोमार्फत नै समुदायले प्राप्त गरे । सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालले २०७७ जेठमा २२४ सामुदायिक रेडियोमा गरेको अध्ययनले समेत केही तथ्य सार्वजनिक गरेको छ । सर्भेले ९८ प्रतिशत सामुदायिक एफएम रेडियोले जनहितको निम्ति कोरोना भाइरस संक्रमणसम्बन्धी जनचेतनामूलक सामग्री प्रसारण गरिरहेका छन् । कोरोना भाइरससम्बन्धी जानकारी लिन, यसको संक्रमण रोकथाप, उपचार एवं र यससँग सम्बन्धित विषयमा एफएम रेडियोमार्फत सूचना प्राप्त गर्नेको संख्या ६२ प्रतिशत रहेको सोही अध्ययनले देखाएको छ । यस्ता अध्ययनबाट प्राप्त तथ्यांकले समेत रेडियोले संकटको समयमा निर्वाह गरेको प्रभावकारी भूमिकालाई स्पष्ट बनाउँछ ।

**पत्यारिलो माध्यम**

कतिपय अनलाइन र सामाजिक सञ्जालमा आउने गलत र भ्रमपूर्ण समाचारका कारण नागरिकलाई त्यसले प्रत्यक्ष प्रभाव पारेको छ । विपद् र महामारीमा



यस्ता गलत र भ्रमपूर्ण समाचारले नागरिकमा छिट्टै नकारात्मक असर पार्छ। अर्कोतर्फ सबै प्रकारका सञ्चारमाध्यम उस्तै हुन् कि भन्ने मनोविज्ञान निर्माण हुन पुग्छ। विपद्को सामना गरिरहेका नागरिकलाई अलमल्याउने र अन्यौल उत्पन्न गर्ने सनसनीपूर्ण शीर्षक राखेर समाजमा भ्रम पार्नेहरू हुन्छन्। गतल समाचारले उत्तेजना पैदा गर्ने र भ्रमपूर्ण जानकारी फैलाएर मानिसलाई सत्यतथ्यभन्दा धेरै टाढा पुऱ्याइदिन्छ। जिम्मेवार सञ्चार माध्यमबाट सही र यथार्थ जानकारी दिँदासमेत गतल समाचारको प्रभावका कारण विश्वास गरिहाल्न कठिन बनाउँछ। तर, पनि सही र वास्तविक समाचार पटकपटक दिएर नै यस्ता गलत र भ्रमपूर्ण समाचारबाट नागरिकलाई जोगाउन सकिन्छ। बन्दाबन्दीकै समयमा गरिएको मिडिया सर्भेले एफएम रेडियोबाट प्रसारण हुने समाचारप्रतिको विश्वास बलियो रहेको देखाएको छ। रेडियो स्टेसन स्वयंले समाचार र कार्यक्रम तयार गर्दा आफ्नो विश्वसनीयता कायम हुनेगरी सावधानी अपनाउनु आवश्यक छ। अझ विपद् र संकटको समयमा अन्य समयमा भन्दा सूचनाको स्रोतको पुष्ट्याइँ र आधिकारिकताप्रति समेत प्रसारक बढी नै सचेत बन्नुपर्छ। समुदायमा रेडियोप्रतिको पत्यारलाई कायम राख्न विश्वासिलो र यथार्थ सूचना एवं जानकारी प्रसारणमा जोड दिनुपर्छ।

**संकटमा समुदायको सेवा**

कोरोना भाइरस संक्रमण जोखिम र बन्दाबन्दीका कारण नेपालका सामुदायिक रेडियोले गम्भीर आर्थिक संकटको समाना गर्नुपऱ्यो। २२४ वटा सामुदायिक रेडियोमा गरिएको अध्ययनले एफएम रेडियोको ७५ प्रतिशत नियमित आम्दानी घटेको देखाएको थियो। विज्ञापन, सूचना र कार्यक्रम उत्पादन प्रसारणको आम्दानीसमेत बन्दाबन्दीका कारण उठ्न सकेन।

रेडियोलाई स्वयंसेवक र कर्मचारीको तलब भत्ता, विद्युत्, टेलिफोन महसुल, घरभाडा तथा वार्षिक नवीकरण, रोयल्टी शुल्क जुटाउनसमेत कठिन पऱ्यो। यद्यपि रेडियो स्टेसनले विपद्को समयमा सकेसम्म कर्मचारी र स्वयंसेवकको कटौती गरेनन्। उनीहरूको जिम्मेवारीमा खासै ठूलो परिवर्तन नगरी सकेसम्म नागरिकलाई विपद्सँग जुध्ने ज्ञान, सीप र जानकारी प्रदान गर्नमै रेडियो स्टेसन सक्रिय छन्। ८१ प्रतिशत सामुदायिक रेडियोले आफ्ना कर्मचारी एवं स्वयंसेवकको जिम्मेवारीमा कुनै परिवर्तन गरेनन् भने १९ प्रतिशत रेडियोले आपसी समझदारीमा जिम्मेवारीमा केही परिवर्तन गरे। कोरोना भाइरस सक्रमण फैलन नदिन एफएम रेडियोले बन्दाबन्दीको समयमा सार्वजनिक हितका सन्देश प्रसारणको

अभियान नै सञ्चालन गरे । ९२ प्रतिशत रेडियोले कोरोना भाइरस संक्रमण जोखिमबाट जोगिन अवलम्बन गरिनुपर्ने सावधानीको बारेमा सूचना प्रसारण गरेर समुदायमा योगदान पुऱ्याए । विद्यालय बन्द रहेको र लाखौ बालबालिका घरमै रहेको अवस्थामा सामुदायिक रेडियोले विद्यालयको पाठ्यक्रमअनुसारको रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण सञ्चालन गरे । ५८ प्रतिशत रेडियोले पाठशाला कार्यक्रम सञ्चालन गरे । बालबालिकालाई लक्षित गरेर सामुदायिक रेडियोले घरमा बस्दाको समयलाई कसरी सिर्जनात्मक बनाउने भनेर परामर्श सञ्चालन गरे । शैक्षिक कार्यक्रमका साथै जीवन उपयोगी ज्ञान, सीप र रचनात्मक सामग्रीहरू प्रसारण गर्ने रेडियोहरूको संख्या ८८ प्रतिशत रहेको अध्ययनले देखाएको छ ।

**धेरैको सहज पहुँचको माध्यम**

कोभिड-१९ संक्रमणसम्बन्धी गतल सूचना र भ्रमपूर्ण तथ्यहरू फैलन सक्ने अवस्थालाई ध्यान दिदै सामुदायिक रेडियोले आधिकारिक निकाय र विशेषज्ञहरूबाट सत्य, तथ्य जानकारी दिने प्रयास गरे । विद्युत्, इन्टरनेट एवं पत्रपत्रिकाको पहुँच नपुगेको स्थानमा रेडियोमार्फत नै सूचनाको प्राप्त गर्नुको विकल्प छैन । सामुदायिक रेडियोले स्थानीय भाषा र लवजमा स्थानीय आवश्यकता र रुचि पहिचान गरेर सोही अनुरुपका कार्यक्रम र जानकारी प्रस्तुत गर्ने भएकाले रेडियो धेरैको रोजाइको माध्यम बनेको छ ।

स्थानीय विषयवस्तुका साथै संस्कृति र शैलीलाई रेडियोले अवलम्बन गर्ने हुनाले अन्य आमसञ्चार माध्यमको पहुँच भएका स्थानहरूमा समेत रेडियो प्रसारण लोकप्रिय छ । मोबाइल, रेडियो सेट, सवारी साधन, ल्यापटप, कम्प्युटरलगायतका उपकरणमा रेडियो सुन्न सकिने भएकाले यो सबै भूगोल, समुदायका साथसाथै सबै उमेर समूह र सबै वर्गका मानिसका निम्ति उपयोगी छ । लेखपढको अवसरबाट वञ्चितका निम्ति सूचना र जानकारी प्राप्त गर्न रेडियो उपयोगी माध्यम हो । रेडियो काम गर्दागर्दै, हिंड्डुल र यात्रा गर्दासमेत सुन्न सकिने माध्यम भएकाले यसको उपयोग सजिलै गर्न सकिन्छ ।

एफएम रेडियो सुन्ने माध्यम भएकाले यसले प्रसारण गर्ने समाचार र कार्यक्रममा धेरैको पहुँच रहेको हुन्छ । यो प्रभावकारी पनि छ । श्रुति परम्पराबाट हुर्किंदै आएको समाज भएकाले सुन्ने माध्यम रेडियो हाम्रो समाजमा लोकप्रिय छ । पढ्नभन्दा सुन्नुमा आनन्द मान्ने र विश्वास गर्ने ठूलो तप्का कायमै छ । यही कारणले हुनुपर्छ नेपालमा एफएम रेडियो संख्यात्मक वृद्धि रोकिएको छैन । एफएम रेडियोको व्यापक पहुँचका साथै यसले आर्जन गरेको विश्वास र लोकप्रियता विपद्को समयमा नागरिकलाई अत्यावश्यक सूचना एवं जानकारी प्रस्तुत गर्नमा उपयोग भएको छ । रेडियोले प्रसारण गर्ने सूचना, जानकारी र शिक्षामूलक कार्यक्रमका कारण विद्को समयमा मानवीय र भौतिक क्षति न्यूनीकरणमा मद्दत पुगेको छ ।

**आशा जगाउन योगदान**

कोभिड-१९ महामारीले विश्वका शक्तिशाली एवं धनिराष्ट्रहरूमा समेत ठूलो मानवीय क्षति भइरहेको छ । यसले मानिसमा निराशा बढाउने एवं डर, त्रास उत्पन्न गऱ्यो । यस्तो मनोविज्ञानलाई परिवर्तन गरी मानिसमा आशा र विश्वास निर्माण गर्न एफएम रेडियोले महत्वपूर्ण प्रयास गरे । मनोपरामर्शविद्देखि कोरोना भाइरसबारे भ्रमहरू निवारण गर्न रेडियोले विषय विज्ञसँगको छलफलमार्फत समुदायमा यथार्थ जानकारी पुऱ्याउने कार्य गऱ्यो । लामो समयदेखिको बन्दाबन्दीले उत्पन्न गरेको चुनौती र कठिनाइबारे नागरिकका गुनासा र विचार सरकार र नीति निर्मातासम्म पुऱ्याउनु सञ्चार माध्यमको दायित्व हो । आर्थिक अवस्था कमजोर भएका, दैनिक ज्यालादारीबाट जीवन निर्वाह गर्नेहरूको दैनिकी थप कठिन भएको आवाजलाई रेडियोले स्थान दिएको थियो । कोरोना भाइरसको त्रासका कारण अन्य रोगबाट बिरामी भएकाहरूले अस्पताल र स्वास्थ्य संस्थाबाट उपचार पाउन नसकेको पीडादायी आवाज रेडियोमा आएका थिए । बेरोजगारको संख्या बढ्दै जाँदा अन्य सामाजिक एवं आर्थिक समस्याहरू थपिएका छन् । समाजको समस्यालाई जस्ताको तस्तै प्रस्तुत गर्दा समस्या समाधानमा समेत मद्दत पुगेको हुन्छ । ●



# कोभिड १९ मा अकोराब र सामुदायिक रेडियोको भूमिका

**सामुदायिक रेडियोहरू पहुँच र प्रभावकारिताका हिसाबले सामान्य अवस्था र विपद्का बेलामा जनतालाई सूचना तथा सन्देश प्रवाह गर्ने भरपर्दो माध्यम बनेका छन् ।**



**बालकृष्ण पोखेल**
कार्यकारी निर्देशक, अकोराब

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणले विश्वलाई नै आक्रान्त बनायो । विश्वमा यस भाइरसबाट संक्रमितको संख्या ११ करोड ६२ लाख कटिसकेको छ भने २५ लाख ८३ हजारभन्दा बढीको मृत्यु भइसकेको छ । नेपालमा पनि संक्रमितको संख्या २ लाख ७४ हजार ६ सय नाघिसकेको छ भने ३ हजार १० जनाको मृत्यु भइसकेको छ । यस्तै २ लाख ७० हजार ८ सयको हाराहारीमा निको भइसकेका छन् ।

विपदको यस अवस्थामा विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट गलत सूचना र अफबाहसमेत फैलिए । जसबाट

जनमानसमा अन्यौलता र आशंका थप्ने काम भयो । हाल विश्वका विभिन्न मुलुकहरूले कोरोनाबिरुद्धको खोप सुरु गरिसकेका छन् । नेपालमा पनि दोस्रो चरणको खोप सुरुवात भएको छ र पहिलो चरणमा ५ लाखभन्दा बढी मानिसले खोप लगाइसकेका छन् ।

नेपाली जनताका सुख दुःखका साथी सामुदायिक रेडियोहरूले यस अवस्थामा स्वयंसेवी रुपमा सही र यथार्थपरक सूचना सम्प्रेषण गरी जनतालाई सुसूचित गर्ने काम गरिरहेका छन् । पहुँच र प्रभावकारिताका हिसाबले सामान्य अवस्था र विपद् को अवस्थामा जनतालाई सूचना तथा सन्देश प्रवाह गर्ने भरपर्दो माध्यम भनेका रेडियो नै हुन् । यस अवस्थामा देशभर रहेका सामुदायिक रेडियोहरूले समुदाय तहसम्म सूचना दिने काम गरिरहेका छन् भने सरोकारवालाहरूको जवाफदेहिता वृद्धि गराउने काम पनि गरिरहेका छन् । अझ विपद्को समयमा रेडियो सूचनाको निर्विकल्प माध्यम हो र रेडियो सुन्ने श्रोताहरू पनि विपद्को अवस्थामा बढेका छन् ।

नेपालका सामुदायिक रेडियोहरूले कोरोना भाइरसबाट बच्न अपनाउनुपर्ने सावधानी, साथै संक्रमणको शंका भएमा वा संक्रमण भइहालेमा अपनाउनु पर्ने उपाय तथा उपचारका सम्बन्धमा व्यापक रुपमा सही सूचना तथा जानकारी सम्प्रेषण गरिरहेका छन् । त्यसैगरी लामो समय विद्यालय बन्द रहेका कारण विद्यार्थीहरू घरमै बस्न बाध्य भएका थिए । उनीहरूको पठनपाठन बन्द रहेको अवस्थालाई मध्यनजर गर्दै धेरै सामुदायिक रेडियोहरूले रेडियोमार्फत पठनपाठन गर्ने काम पनि गरे । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको पाठ्यक्रममा आधारित रेडियो कक्षा सीआईएनमार्फत देशभरिका सामुदायिक रेडियोहरूमार्फत प्रसारण गरियो । जसबाट लाखौंको संख्यामा विद्यार्थी लाभान्वित भए ।

सामुदायिक रेडियो प्रसारक संघले आफ्ना सदस्य रेडियोहरूमा गरेको एक सर्वेक्षणअनुसार ८३ प्रतिशत सामुदायिक रेडियोहरूले सामान्य अवस्थामा सञ्चालन गरेका कार्यक्रममा कोभिड-१९ सम्बन्धी जानकारी तथा सूचनामूलक सामग्री थप गरेर प्रसारण गरिरहेका छन् । ७८ प्रतिशत रेडियोहरूले यस्ता कार्यक्रमहरू स्वयंसेवी रुपमा आफ्नै पहलमा सञ्चालन गरेका छन् भने २२ प्रतिशत रेडियोहरूले मात्र स्थानीय तह र विभिन्न संघसंस्थाको आंशिक सहयोग पाएका छन् । ५८ प्रतिशत रेडियोहरूले बालबालिकालाई लक्षित गरी पाठ्यक्रममा आधारित तथा अतिरिक्त क्रियाकलापमा आधारित पाठ्यसामग्रीहरू रेडियोमार्फत प्रसारण गरिरहेका छन् ।

यसरी जनतालाई अहोरात्र सूचना तथा जानकारी सम्प्रेषण गरिरहेका सामुदायिक रेडियोहरू भने कोभिड-१९ का कारण आफैं भने चरम संकटमा छन् । अकोराबको सर्वेक्षणअनुसार लकडाउनको समयमा रेडियोहरूको मासिक कारोबार ७५ देखि ८० प्रतिशतले घटेको थियो भने अझै पनि पुरानो अवस्थामा फर्कन सकेको छैन । एकातिर आम्दामी बढिरहेको र अर्कोतिर यस अवस्थामा रेडियोकर्मीहरूको सुरक्षा उपाय अपनाउँदै प्रसारण नियमित रुपमा सञ्चालन गर्दा खर्च बढिरहेको छ । अधिकांश रेडियोहरू कर्मचारीको पारिश्रमिकलगायत टेलिफोन तथा विद्युत्को महसुल बुझाउनसमेत धौ धौ परेको छ । यही अवस्था स्थानीय तह तथा नेपाल सरकारको अन्तिम चौमासिक निकासा गर्ने समय तथा यस अवधिमा अन्य संघसंस्थाको पनि कार्य तथा भुक्तानी रोकिने भएका कारण रेडियोहरू अत्यन्त धरासायी अवस्थामा पुगेका छन् ।

सामुदायिक रेडियोहरूको छाता संगठन सामुदायिक रेडियो प्रसारक संघले रेडियोका समस्या समाधानका लागि अर्थ, सञ्चार तथा सूचना प्रविधि मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्री, राष्ट्रिय योजना आयोगमा माननीय उपाध्यक्ष तथा सदस्यहरूसँग भेटघाट गरी छलफल गरेको छ । संघले ती भेट तथा छलफलमा रेडियोहरूको यस वर्षको नवीकरण छुट मिनाहा, रोयल्टीमा छुट, लकडाउन अवधिको टेलिफोन तथा विद्युत् महसुलमा छुट, रेडियोमार्फत पठनपाठन सञ्चालनको सहकार्य तथा कोभिड-१९ को सूचना



तथा जानकारी सम्प्रेषणका लागि अकोराब तथा सामुदायिक रेडियोहरूसँग सहकार्यलगायतका विषयहरूमा लिखित माग र ध्याकर्षण गराएको थियो । साथै सबै प्रदेशका मुख्य मन्त्रीसँग भेटघाट तथा छलफल नीति, कार्यक्रम तथा बजेटमा राख्नुपर्ने विषयहरूका सम्बन्धमा ध्यानाकर्षण तथा सामुदायिक रेडियोहरूसँगको सहकार्यका सम्बन्धमा सुझाव पेश गरेको थियो ।

यसरी अकोराबले उठाएका केही विषयहरू आंशिक र केही विषयहरू पूर्णरुपमा सम्बोधन भएका छन् । तर अझै पनि केही विषयहरू सम्बोधन हुन बाँकी छ । प्रसारणका अन्य माध्यमहरू नपुगेका अति दुर्गम र विकट क्षेत्रमा जनताको सूचनाको अधिकार प्रत्याभूत गर्न महत्वपूर्ण योगदान गरिरहेका सामुदायिक रेडियोहरूलाई टिकाउनकै लागि भए पनि यस अवस्थामा संघीय, प्रदेश तथा स्थानीय सरकारले अभिभावकत्व ग्रहण गर्नुपर्ने देखिन्छ । संघीय तथा प्रदेश सरकारको आव २०७७/०७८ को बजेटमा केही व्यवस्था गरिएको भए तापनि ती पूर्ण छैनन् । तसर्थ यो विषम परिस्थितिमा सामुदायिक रेडियो मार्फत सूचना तथा सन्देश प्रसारणका लागि तिनै तहका सरकारले वजेटको व्यवस्था गर्ने तथा सामुदायिक रेडियोहरूलाई परेका नीतिगतलगायतका समस्या समाधानका लागि समेत सम्बोधन गर्नुपर्ने टड्कारो आवश्यक्ता छ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको पाठ्यक्रममा आधारित रेडियो कक्षा सीआईएनमार्फत देशभरिका सामुदायिक रेडियोहरूमार्फत प्रसारण गरियो । जसबाट लाखौंको संख्यामा विद्यार्थी लाभान्वित भए ।**

# कोभिड–१९ मा सामुदायिक रेडियो मदनपोखराको हाम्रो पाठशाला

**रेडियो पाठशाला नै बन्दाबन्दीमा असल अभ्यास गर्ने र सामुदायिक रेडियो मदनपोखरालाई नेपालभर परिचित गराउने माध्यम बन्न पुग्यो । रेडियो सेट महामारीमा शिक्षक र विद्यार्थीबीच शैक्षिक संवाद गर्ने थलो बन्यो ।**



**राजेशकुमार अर्याल**

**दूरशिक्षा, रेडियो पाठशाला र सिकाइ**

विपद्का बेला प्रायः धेरै मानिस हडबडाउँछन् । सरकार र सामुदायिक संस्थाले पनि ठीक समयमा उपयुक्त निर्णय गर्न सक्दैनन् । कोभिड-१९ (कोरोना भाइरस) को विश्वव्यापी फैलावटपछि लकडाउन जारी भयो । सिंगो राष्ट्र बन्दाबन्दीमा गयो । शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायातलगायत सबै क्षेत्र खुल्न सकेनन्, बन्द भए । बालबालिकाले विद्यालयमा गएर खेल्दै सिक्ने परम्परा रोकियो । स्वास्थ्य सुरक्षाको खातिर विद्यालयमा विद्यार्थी बोलाउन सक्ने अवस्था रहेन । देशविदेशबाट फर्किएका नागरिकलाई राख्न विद्यालयहरू क्वारेन्टिनमा परिणत भए । यस्तो बेला विद्यार्थी स्कुल जान पाएनन् मात्र होइन, सिकाइ प्रक्रिया नै अवरुद्ध बन्यो ।

सामुदायिक रेडियो मदनपोखराले कोरोनाको कहरले शिक्षामा पारेको असरलाई ध्यान दिई दूरशिक्षा रेडियो कार्यक्रम उत्पादन र प्रसारण गर्ने योजना बनायो । पाल्पा जिल्लाका विषयमा दक्ष र योग्य शिक्षकहरूसँगको बैठकपछि एसईई लक्षित पाठशाला सञ्चालन गर्ने निधो भयो । सारेमको स्थापना दिवसका अवसरमा आयोजित अन्तर्क्रियामा तानसेन नगरपालिका प्रमुख अशोककुमार शाहीसँग छलफल गरी स्थानीय तहसँगको सहकार्यमा २०७६ चैत २५ गतेदेखि रेडियो पाठशाला सुरु गरियो । एसईई पाठशालामा अंग्रेजी, गणित, विज्ञान, नेपाली, सामाजिक र स्वास्थ्य तथा जनसंख्या विषयमा रेडियोबाट दैनिक पठनपाठन चल्यो । रेडियोमा विषयगत कक्षा चल्दा रेडियो नै पाठशाला बन्न पुग्यो । यसरी सूचना, मनोरञ्जन, शिक्षा र अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने सामुदायिक रेडियो मदनपोखरा दूरशिक्षा रेडियो कार्यक्रमका कारण दिनभर शैक्षिक प्रसारण केन्द्र बन्न पुग्यो । यो पाठशाला नै बन्दाबन्दीमा असल अभ्यास गर्ने र सामुदायिक रेडियो मदनपोखरालाई नेपालभर परिचित गराउने माध्यम बन्न पुग्यो । रेडियो सेट महामारीमा शिक्षक र विद्यार्थीबीच शैक्षिक संवाद गर्ने थलो बन्यो ।



सरकारका अधिकांश निकाय कोरोना संक्रमण नियन्त्रण, संकास्पद व्यक्तिको आवासका लागि क्वारेन्टिन, स्वास्थ्य परीक्षणका लागि पिसिआर प्रयोगशाला र उपचारका लागि कोभिड अस्पताल निर्माणमा सक्रिय रहँदा तानसेन नगरपालिका र सामुदायिक रेडियो मदनपोखराले थालेको यो शैक्षिक अभियान देशव्यापी नै बन्न पुग्यो । सारेमले एक महिने एसईई पाठशालाको अभियानपछि कक्षा ६ देखि १० सम्मलाई मध्यनजर गरी हाम्रो पाठशाला सञ्चालन गऱ्यो, जुन विद्यालय नखुल्दासम्म सञ्चालनमा रह्यो । संकटको यो घडीमा सामुदायिक रेडियो मदनपोखराले विद्यार्थीलाई शैक्षिक पाहुरका रुपमा हाम्रो पाठशाला सञ्चालन गरेर धेरै महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल भएको छ ।

आमसञ्चार र सूचना प्रविधिको यो प्रयोगले शिक्षामा वैकल्पिक विधिबाट शिक्षण गर्ने र सिकाइलाई निरन्तर प्रवाह गर्न सकिने सन्दर्भ स्थापित भएको छ । नेपालको विषम भौगोलिक अवस्थितिमा रेडियो माध्यम प्रयोग गरी निरन्तर शिक्षक सिकाइ सञ्चालन गर्दा आमसमुदायको पहुँचमा पुग्न सकिन्छ । यद्यपि रेडियो, टेलिभिजन र भर्चुअल माध्यम नै प्रयोग गर्न, शिक्षाका लागि उपयोग गर्न सकिन्छ, सबै माध्यम प्रयोग गरी सर्वव्यापकता ल्याउन सकिन्छ ।

**बन्दाबन्दी र शिक्षामा असर**

शिक्षाम कोभिड-१९ को असर र प्रभाव दुवै देखिन थालेको छ । संघीयताको कार्यान्वयनमा प्रवेश गरेको नेपालका लागि कोभिड महामारी अवसर र चुनौती पहिचान गर्ने ठूलो अवसर बन्न पुग्यो । एसईईको परीक्षा केन्द्र आसपासमा डेरा लिएर बसेका विद्यार्थी अघिल्लो साँझ परीक्षा स्थगितको सूचनाले मर्माहत बने । त्योभन्दा ठूलो पीडा लामो

लकडाउन, परीक्षा हुने नहुने अनिश्चय र शिक्षक तथा अभिभावकको तयारीका लागि पढपढ भनेर दिएको दबाब विद्यार्थीका लागि मनोवैज्ञानिक त्रास बनेर आयो । कोरोना भाइरसको महामारीको असर २०७६ साल चैत ११ मा लकडाउनको घोषणापछि बल्ल नेपालमा सबैले सोच्ने अवस्था सिर्जना भएको हो ।

गाउँ सहरका विद्यालय बन्द हुँदा सिंगो राज्य नै अनन्तसम्म बन्दाबन्दीमा पऱ्यो । यो बन्दाबन्दीले शैक्षिक संस्थाहरू अस्तव्यस्त बने । विद्यार्थीको नियमित गतिविधि रोकियो, सिकाइ प्रक्रिया अवरुद्ध भयो । शिक्षकले शिक्षण गर्न पाएनन्, संस्थागत विद्यालयका शिक्षक र सामुदायिकका निजी स्रोतका शिक्षकको तलब रोकियो । हातमा पैसा नहुने र बजारमा खाद्यवस्तुलगायत सामग्री नपाइने अवस्था आयो । दैनिक ज्यालामजदुरी र निमेक गरेर जीविकोपार्जन गर्ने परिवारमा संकट देखा पऱ्यो । तीनै श्रमिकमजदुरमा आश्रित परिवार र बालबालिकाको अवस्था बेहाल बन्न पुग्यो । नागरिकले खान, लाउन र बाँच्न पाउने आधारभूत अधिकार प्राप्तिका लागि नै संघर्ष गर्नुपऱ्यो । शिक्षा प्राप्तिको अधिकार दोस्रोमा पुग्यो । सबैले शिक्षाभन्दा पहिले खाद्यान्नका लागि राहत र स्वास्थ्योपचारमा जोड दिए ।

> विद्यालयमा भौतिक उपस्थिति बर्जित गरिएको समयमा वैकल्पिक माध्यमबाट शिक्षण गर्न प्रेरित गरेको छ । दूरशिक्षा कार्यक्रमअर्न्तगत रेडियो र टेलिभिजनमार्फत् पठनपाठन, अनलाइन र भर्चुअल कक्षाको खोजी भएको छ ।

**विपत्तिमा समुदायले देखेको अवसर**

कोभिड-१९ ले त्रास र संत्रास दियो । अभाव र अक्षमता पहिल्याइदियो । राज्यको शक्ति र क्षमता जाँच्ने अवसर पैदा गऱ्यो । साँचो अर्थमा अप्ठेरो र असहजताका बीचमा सम्भावना र अवसरको ढोका पनि खोलेर देखाइदिएको छ । विद्यालय र कलेज बन्द हुँदा आमअभिभावकलाई शिक्षक र शैक्षिक संस्थाको महत्व थाहा भएको छ । विद्यालयले लाखौं बालबालिका विद्यालयमा राखेर पढाइलेखाइमात्र गरेका रहेनछन्, अभिभावकको दायित्वमा रहेको स्याहारसुसार पनि गरिरहेका रहेछन् । कोभिड-१९ ले सरकारलाई आफ्नो क्षमता र कमजोरी चिन्ने अवसर प्रदान गरेको छ । शिक्षण संस्थाको पूर्वाधार किन विपद् र महामारी संवेदनशील हुनुपर्छ भन्ने सचेतना जगाएको छ ।

विद्यार्थीको बसाइ दूरी कायम गर्नुपर्ने सन्देश दिएको छ । कक्षाकोठाको फर्निचर व्यवस्थापनमा एक व्यक्ति र अर्को व्यक्तिबीचको दूरी कायम गर्न सिकाएको छ । परम्परागत शैक्षिक सामग्रीको सट्टा नयाँ प्रविधि र शैली आत्मसाथ गर्न शिक्षा दिएको छ । शिक्षकमात्र शिक्षणकर्ता बन्ने परिवेशलाई बहुव्यक्ति र बहुमाध्यमको उपयोगमा जान घचघच्याएको छ । विद्यालयमा भौतिक उपस्थिति बर्जित गरिएको समयमा वैकल्पिक माध्यमबाट शिक्षण गर्न प्रेरित गरेको छ । दूरशिक्षा कार्यक्रमअर्न्तगत रेडियो र टेलिभिजनमार्फत् पठनपाठन, अनलाइन र भर्चुअल कक्षाको खोजी भएको छ । रेडियोमार्फत् पठनपाठन गर्न सकिने शिक्षा दिएको छ । स्मार्ट बोर्ड र डिजिटल कक्षाको महत्व उजागर गरेको छ । शिक्षक विद्यार्थीबीचको संवाद र सिकाइ अभ्यासमा सिर्जनशीलता थप्ने भावना पैदा गरेको छ । सिकाइ उपलब्धिको मापन र विद्यार्थीको सिकाइस्तर वा परीक्षाका

प्रचलित अभ्यासमा परम्परागत शैली तोड्ने सन्देश दिएको छ ।

**संकटमा समुदायलाई रेडियोको सहयोग**

बालबालिकाले विद्यालय जान नपाउँदा पाठ्यक्रममा आधारित शिक्षाप्राप्त गर्न सकेनन् । विद्यालय रुपी पिंजडामा रहेका विद्यार्थी बाहिरी कुरामा चासो र रुचि राख्ने बानी हटिसकेको थियो । कोभिड-१९ पछि घरमा सीमित हुन पुगेका बालबालिकालाई हाम्रो पाठशाला सञ्चालनपछि रेडियो सुन्ने बानीको विकासमात्रै गराएन, रेडियोमार्फत् ज्ञानगुनका कुरा सिक्ने अवसर प्रदान गऱ्यो । बालबालिकाले समाज र राष्ट्रका गहन विषयमा नयाँ कुरा सुन्ने, अध्ययन र विश्लेषण गर्ने माध्यम पाएका छन् । शिक्षकले डोऱ्याएको विषयमा मात्र होइन, आफ्नो रुचि र चाहनाका विषयमा समय दिन प्रेरित भएका छन् । दूरशिक्षा र भर्चुअल कक्षामा सिंगो विश्वले अध्ययन/अध्यापन गराइरहेको छ । रेडियोका कारण अहिले सामुदायिक विद्यालयले सामुदायिक गतिशीलतालाई बढाएका छन् । विद्यालय बन्द, सामुदायिक गतिविधि पनि बन्द हुँदा पनि रेडियोमार्फत्को कक्षा निरन्तर सञ्चालन हुन सक्यो । कोरोना संक्रमणको जोखिमलाई मध्यनजर गरी रेडियोले विद्यालय घरमै पुऱ्याएर समुदायलाई सघाएको छ । रेडियो मदनपोखराले यसरी देशलाई नै योगदान गरेको छ ।

**महामारीमा सारेमको भूमिका र जवाफदेहिता**

विद्यालय र शिक्षक समुदायका हुन् । बालबालिका र अभिभावक समुदायका हुन् । समुदाय सञ्चालन र व्यवस्थापन गरेका विद्यालयका बालबालिकाको शिक्षाका लागि समुदायकै सदस्यका हैसियतले सामुदायिक रेडियो मदनपोखराले संकटका बेला सहयोग गर्ने नीति अख्तियार गरेको हो । सारेमले विद्यालय बन्द भएपछि घर न विद्यालयका हुन पुगका बालबालिकालाई 'हाम्रो पाठशाला', 'गुरुकुल' र 'सुन्दै पढ्दै' जस्ता सिकाइ केन्द्रित कार्यक्रम सञ्चालन गरेर सामाजिक जवाफदेहिता निर्वाह गरेको छ ।

**यो पाठशाला नै बन्दाबन्दीमा असल अभ्यास गर्ने र सामुदायिक रेडियो मदनपोखरालाई नेपालभर परिचित गराउने माध्यम बन्न पुग्यो । रेडियो सेट महामारीमा शिक्षक र विद्यार्थीबीच शैक्षिक संवाद गर्ने थलो बन्यो ।**

त्यतिमात्र होइन, सचेतनाका लागि 'कोरोना सल्लाह' स्वास्थ्य कार्यक्रम नियमित सञ्चालन गरेर विपत्ति र महामारीमा बाँच्ने र बचाउने कुरालाई प्राथमिकता दियो । कोरोनासँग बाँच्ने र अरुलाई बचाउने अभियानमा यो रेडियोको भूमिका रहेको छ । संकटबाट मुक्ति पाउनका लागि सामुदायिक सचेतना फैलाउने र नियमित स्वास्थ्य सन्देश जारी गरेर यसले आफ्नो दायित्व निर्वाह गरेको छ । कोरोना भाइरसविरुद्ध चिकित्सा विज्ञानले ठोस उपलब्धि दिन नसकेको अवस्थामा यो अवस्था कति लम्बिने हो भन्ने यकिन छैन । महामारीको यो जटिल अवस्थामा सूचना, स्वास्थ्य सल्लाह, सचेतना र ज्ञान दिएर सामुदायिक रेडियो मदनपोखराले सामाजिक उत्तरदायित्व वहन गरेको छ । संकटका बेला रेडियोमा नाफा नोक्सान खोज्ने होइन, समुदायको जीवन रक्षा खोज्ने कार्यले नै यस रेडियोलाई समुदायले माया दिएका हुन् । ●

*स्टेशन प्रबन्धक, सामुदायिक रेडियो मदनपोखरा*

# बन्दाबन्दीले जन्मायो 'नुवाकोट रेडियो सञ्जाल'

**विपद् र महामारीको समयमा हामी सामुदायिक रेडियोले अत्यावश्यक सूचना, जानकारी दिएर जीवन रक्षामा केही न केही योगदान दियौं भन्ने महसुस गराएको छ ।**



**कपिलदेव खनाल**

कोभिड-१९ (नोबेल कोरोना भाइरस) ले सबै क्षेत्र ठप्प बनाएको कहालिलाग्दो अवस्थालाई हामीले भर्खरै साहसका साथ सामना गरेका छौं । वर्ष दिनभन्दा लामो त्रासबाट गुज्रिरहेका हामीले यो विश्व महामारीका कारण के के गुमायौं, जीवनशैली कहाँ पुग्यो र यसका घाउ कत्ति गहिरोसँग हाम्रो दैनिकीमा परेको छ भन्ने लेखाजोखा गरिरहनु पर्दैन । तर यो विपत्ति र चुनौतीबाट हामीले प्राप्त गरेका केही अवसर र सुखद पक्षहरू पनि छन् । जसमा 'नुवाकोट रेडियो सञ्जाल' पर्दछ ।

नुवाकोट जिल्लाबाट प्रसारणमा रहेका सामुदायिक रेडियोहरूको छाता संस्था बनाउने र सबै रेडियोको प्रयास र पहलकदमीमा साझा कार्यक्रम तथा समाचार बुलेटिन उत्पादन गर्ने भन्ने सोच लामो समयदेखि पलाएको थियो । तीन वर्षदेखि जिल्लामा सबै सामुदायिक रेडियोहरू एकै थलोमा अट्न सक्ने गरी छलफल चलिरहेको थियो । तर यसलाई टुङ्गोमा पुऱ्याउन सकिरहेका थिएनौं ।

कोभिड-१९ का कारण २०७६ चैत ११ गतेबाट नेपालमा बन्दाबन्दी सुरु भयो । जसका कारण जो जहाँ छ त्यही रोकिनु पर्ने अवस्थाको सृजना भयो । सञ्चारगृह, सामुदायिक रेडियोकर्मी वा पत्रकारको नाममा बाहिर निस्कनु पनि त्यस समय उपयुक्त थिएन । अवस्था यत्तिसम्म डामाडोल बनेको थियो कि अहिले सम्झना हामीले साँच्चै यो सबै भोगेर आएका हौं र भने जस्तो लाग्छ । त्यस्तो अवस्थामा सामुदायिक एफएम/रेडियोहरूले आफ्ना नियमित कार्यक्रम उत्पादन र प्रसारण असाध्यै ठूलो चुनौती थियो । टेलिफोनका भरमा उत्पादन हुने रेडियो सामग्रीसमेत कत्तिपय रेडियोहरूका लागि बोझ बनिसकेको थियो । अझ स्थानीय समाचार बुलेटिन उत्पादन र प्रसारणका लागि फलामकै चिउरा चपाउनुजस्तै बनेको थियो । समाचारको खोजी, लेखन, सम्पादन र प्रसारणका लागि

आवश्यक जनशक्ति, स्रोतसाधन नै शून्यजस्तै बनेको अवस्थामा जिल्लाका केही एफएम/रेडियोले आफ्नो नियमित समाचार बुलेटिनसमेत बजाउन सकेका थिएनन् । १२/१३ दिनकै बीचमा एफएम/रेडियोहरूलाई परेको यो अप्ठ्यारोलाई सहज बनाउन र संकटमा साथसाथ अभियानलाई जन्माउन हामी तम्सियौं र परारैदेखि छलफल गर्दै छोड्दै आएको विषयवस्तुमाथि टेलिफोनबाट छलफल सुरु भयो : सबै एफएम/रेडियोमा प्रसारण गर्नेगरी स्थानीय समाचारहरूको बुलेटिन साझा तयार गर्ने र प्रसारण गर्ने ।

सुरुमा हामी चारवटा सामुदायिक रेडियोहरूले सुरु गरेको यो छलफल जिल्लाका अन्य व्यावसायिक रेडियोहरूसम्म पुग्यो । २०७७ वैशाख १ गतेबाट दैनिक तीनवटा स्थानीय समाचार बुलेटिन सबै सामुदायिक एफएम/रेडियोहरूले प्रसारण गर्ने गरी तयारी भयो । बिहान ५:३० बजे, ९:०० बजे र साँझ ७:०० बजे आधा घण्टा सबै एफएम रेडियोबाट 'जिल्ला खबर' प्रस्तुत गर्ने र आलोपालो रुपमा बुलेटिन उत्पादनको तयारी गरिरहेका थियौं । हाम्रो यही तयारीको जानकारीसँगै जिल्लाका अन्य तीन व्यावसायीक रेडियोहरू पनि जोडिन आई पुगे । नुवाकोट रेडियो सञ्जाल नै तयार गरेर हामीले स्थानीय समाचारहरूको बुलेटिनलाई साझा रुपमा प्रस्तुत गर्ने भयौं । त्यसपछि नुवाकोट जिल्लाबाट प्रसारणमा रहेका सामुदायिक रेडियोहरू रेडियो त्रिशूली, रेडियो जालपा, नुवाकोट एफएम र रेडियो भैरवी, त्यस्तै व्यावसायिक रेडियोहरू मिक्स एफएम, गज्जबको रेडियो र रेडियो सञ्जिवनीबाट 'जिल्ला खबर' प्रसारण थालियो । हाम्रो यो प्रयास यत्तिसम्म प्रभावकारी देखियो कि, श्रोताहरूको प्रतिक्रियाका कारण कोरोनासम्बन्धी जानकारी दिन स्थानीयस्तरमा उत्पादन भइरहेको दैनिक आधा घण्टाको रेडियो कार्यक्रम 'नुवाकोट कोरोना अपडेट' समेत सबै रेडियोबाट प्रसारण गर्न थाल्यौं ।

यसरी बन्दाबन्दी र विपत्तिले सृजना गरेको एउटा सामूहिक कार्यले नुवाकोटमा अहिलेसम्म पनि निरन्तरता पाइरहेको छ । अवस्था सहज भएसँगै दुईवटा एफएम/रेडियोहरू आफ्नै समाचार बुलेटिन उत्पादन गर्न थाले । बाँकी पाँचवटा रेडियोले यो अभियानलाई निरन्तर रुपमा अगाडि बढाइरहेका छन् । बन्दबन्दीका कारण सृजना भएको अप्ठ्यारोबाट जन्मिएको नुवाकोट रेडियो सञ्जाल र यस रेडियो सञ्जालले दैनिक उत्पादन गर्ने तीनवटा समाचार बुलेटिन अहिले रेडियो त्रिशूली, रेडियो जालपा, नुवाकोट एफएम, मिक्स एफएम र गज्जबको रेडियोबाट प्रसारण भइरहेको छ ।

**सामूहिक रुपमा समाचार बुलेटिन प्रसारण गर्दा दिन सकिने गुणस्तर, आमश्रोताको पहुँचमा सूचना स्थापित हुने कुरा हामी रेडियोकर्मीहरूका लागि स्वादिलो बन्दो रहेछ ।**

यसरी सामूहिक रुपमा समाचार बुलेटिन प्रसारण गर्दा दिन सकिने गुणस्तर, आमश्रोताको पहुँचमा सूचना स्थापित हुने कुरा हामी रेडियोकर्मीहरूका लागि स्वादिलो बन्दो रहेछ । रेडियो प्रविधिको विकास भएर रेडियो नियमित प्रसारणमा आएको पनि एक सय वर्ष पूरा भइसकेको छ । र, यस बीचको विभिन्न कालखण्डहरूमा रेडियो प्रसारणले पुऱ्याएको योगदानका कारण रेडियो मानव समुदायको अभिन्न अंग बनेकै छ । तर पनि यसरी गरिने कार्यका कारण नुवाकोटमा श्रोताको संख्यामा समेत वृद्धि भएको छ । विपद् र महामारीको समयमा हामी सामुदायिक रेडियोले अत्यावश्यक सूचना, जानकारी दिएर जीवन रक्षामा केही न केही योगदान दियौं भन्ने महसुस हामीलाई भएको छ । ●

*केन्द्रीय सदस्य, सामुदायिक रेडियो प्रसारक संघ (अकोराब), नेपाल*

# रेडियो बहसमा किशोरीहरू

**विद्यालय बन्द भएर पढाइ नहुँदा भोलि बालिकाहरू फेरि नआउन सक्छन्, घरमा रहँदा हिंसामा पर्न सक्छन्, बालविवाह हुनसक्छ भन्नेजस्ता विषय हामीले सोचेका रहेनछौं, अब स्थानीय सरकारले पनि सोच्नै पर्ने रहेछ**



**गोविन्द खड्का**
समाचार प्रमुख,
सीआईएन

नमस्कार म पार्वती बिष्ट । म एक किशोरी । मेरो सवालमा म आफैं बहस गर्न मैले रेडियो कार्यक्रमको नेतृत्व लिएको छु । अन्तर्राष्ट्रिय बालिका दिवसका अवसरमा आज हामी हाम्रो नेतृत्व : हाम्रै सवालमा रेडियोमा विशेष संवाद गर्दैछौं । सिकाइ कहिल्यै रोकिँदैन भन्ने अभियानअन्तर्गत रेडियो रामारोशनमार्फत भइरहेको विशेष बहसमा तपाईहरूलाई स्वागत छ ।' कोभिड-१९ पछि शिक्षामा परेको असरका विषयमा छलफल गर्ने अवसर पाएपछि पार्वती बिष्ट रेडियो रामारोशनमा पुग्नु भयो । आफ्नो सवालमा स्थानीय सरकारसँग एकघण्टा भएको बहसमा पार्वती खरो उर्तिनु भयो । कार्यक्रममा पछि पार्वतीले कोभिड-१९ पछि बालिकालाई निरन्तर सिकाइमा जोड्न आवाज उठाइरहनु पर्ने थप हौसला मिलेको बताउनुभयो ।

पार्वतीजस्तै बाजुराको बूढीनन्दाका लक्ष्मी रेग्मीले रेडियो बार्जुमार्फत आफ्ना सवालमा विषयमा छलफल गर्नुभयो । कोभिडपछि बालिका शिक्षामा परेको प्रभावका विषयमा स्थानीय सरकारलाई उहाँले ध्यानाकर्षण गराउनुभयो । सिकाइ कहिल्यै रोकिँदैन भन्ने विशेष अभियान घोषणा गरेको संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को), सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) र सीआईएनको संयोजनमा देशभरका २६ रेडियोमार्फत् हाम्रो सवाल : हाम्रै नेतृत्वमा बहस गरेका छन् ।

लक्ष्मी र पार्वती जस्तै सुदूरपश्चिमको अछाम बाजुरा, प्रदेश दुईको रौतहट, सर्लाही र प्रदेश १ को सुनसरीमा रहेका २६ रेडियोबाट किशोरीले अन्तर्राष्ट्रिय बालिका दिवसका अवसरमा रेडियो बहस गरे ।

किशोरीहरूलाई नियमित संलग्नताभन्दा फरक भूमिका बहन गराएर कोभिडपछि बालिका शिक्षामा परेको असर र मुद्दाबारे स्थानीय सरकारसँग छलफल गरिएको छ । कार्यक्रम सञ्चालन पनि किशोरीहरूले नै गरेका छन् । २६ रेडियोमा ५५ किशोरीले स्थानीय सरकार प्रमुख, उपप्रमुख र प्रशासकीय अधिकृतसँग कोभिड-१९ का कारण विद्यालय बन्द रहुदा बालिकाको संरक्षण, स्वास्थ्य र निरन्तर सिकाइमा परेको असरका विषयमा

बहस गरेका छन् । आजको बहसपछि स्थानीय सरकारले शिक्षामा परेको असरलाई कम गर्न र उनीहरूलाई विद्यालय फर्काउन के गर्न सकिन्छ ? भन्नेमा छलफल केन्द्रित गर्ने प्रतिबद्धता जनाएका छन् । अछामको चौपाटी गाउँपालिका उपप्रमुख माया कुँवरले बालिका दिवसका अवसरमा गरिएको बहसले आफुहरूलाई नयाँ ढंगले सोच्नेगरी आँखा खुलेको बताउनुभयो । "विद्यालय बन्द भएका बेला सिकाइ रोकिएको विषयलाई हामीले सामान्य ढंगले लिएका थियौं," उहाँले भन्नुभयो, "यसले गर्दा भोलि बालिका विद्यालय नआउन सक्छन्, घरमा रहँदा हिंसामा पर्न सक्छन्, बालविवाह हुनसक्छ भन्नेजस्ता विषय हामीले सोचेका रहेनछौं यो छलफलबाट अब स्थानीय सरकारले पनि सोच्नै पर्ने रहेछ भन्ने बाटो देखाएको छ ।" स्थानीय सरकारमात्रै होइन कार्यक्रम सुन्ने आम श्रोता, सरोकारवाला निकायलाई समेत विषयबारे अवगत गराउने र आगामी दिनमा पनि चेतनामूलक अभियान चलाउनु पर्ने गरी सोच्न बाध्य बनाएको उपप्रमुख कुँवरको तर्क छ ।

अक्टोबर ११ मा विश्वभर मनाइएको आठौं अन्तर्राष्ट्रिय बालिका दिवसको सन्दर्भमा ती रेडियोहरूमा किशोरीले नेतृत्व गर्दै स्थानीय तहका प्रतिनिधिहरूबाट समेत बालिकाको निरन्तर सिकाइका लागि प्रतिबद्धता जायर गर्न लगाए । सुनसरीका पुनम ऋषिदेवले धरानमा रहेको रेडियो गणतन्त्रबाट बालिका सिकाइको निरन्तरताका विषयमा कार्यक्रम चलाउनु भयो । पहिलो रेडियो कार्यक्रम चलाउनुभएका पुनमले स्थानीय मैथिली भाषामा कोभिडपछि शिक्षामा परेको असर, विद्यालय जान नपाउँदा बालिकालाई हुने समस्या, निरन्तर सिकाइका सवालमा स्थानीय सरकारको ध्यानाकर्षण गराउनु भयो ।

'कार्यक्रम चलाउन पाउँदा धेरै खुसी लाग्यो र आफूले पनि केही गर्न सक्छु भन्ने आत्मविश्वास जागेको छ,' उहाँले बताउनुभयो । त्यसैगरी रेडियो सर्लाहीबाट बालक्लबका सदस्य मञ्जु शान्ति र आरती शान्तिले पनि बालिकाको शिक्षाको अधिकार विषयमा स्थानीय सरकारसमक्ष जिज्ञासा राख्नु भयो । किशोरीको जिज्ञासाले स्थानीय सरकारलाई कोभिड-१९ पछि बालिका शिक्षामा परेको प्रभाव र भोलिको निरन्तर सिकाइमा नयाँ ढंगले सोच्न बाध्य बनाएको वागमती नगरपालिका प्रमुख लीलाकुमारी मोक्तानले बताउनुभयो ।

रेडियोमा किशोरीले निरन्तर सिकाइ अभियानअन्तर्गत बिहानदेखि दिउँसोसम्म छलफल चलाएका थिए । नेपाली, डोटेली, मैथिली, बजिकासहितका स्थानीय भाषामा किशोरीले कार्यक्रम सञ्चालन गरेका थिए ।

कार्यक्रममा सम्पूर्ण वर्गका बालिका एवं किशोरीको आवाज समेटियोस् भनेर फरक क्षमता भएका, दलित, सीमान्तकृत, मधेसी, द्वन्द्वपीडित, छाउपडी प्रभावितलगायतलाई समेटिएको थियो । युनेस्कोका कार्यक्रम अधिकृत अनामिका गौचनले यसपालि अन्तर्राष्ट्रिय बालिका दिवसको नारा 'मेरो आवाज, हाम्रो समान भविष्य' सँग मिल्ने गरी निरन्तर सिकाइमा बालिकाको अधिकारसँग जोडेर भएको छलफलले महत्वपूर्ण भूमिका खेलको बताउनुभयो । किशोरीले आफ्नै हातमा माइक्रोफोन बोकेर सम्बन्धित निकायलाई जिम्मेवारी बोध र उत्तरदायित्व बहन गराउन सम्भव छ भन्नेमा अकोराब, युनेस्कोको सहकार्यमा भोलिका दिनमा पनि आवश्यक छ भन्ने यो छलफलले पुष्टि गरेको उहाँको भनाइ थियो ।

नवौं अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा बालिकाहरूले आफ्नो सवालमा आफैंले बहस गर्ने भएका छन् । कोभिड-१९ अघि १३ करोड बालिका विद्यालयको पहुँचभन्दा बाहिर थिए ।

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन युनेस्कोको तथ्याङ्कअनुसार कोभिड-१९ पछि १ करोड १० लाखभन्दा बढी बालिका पुनः विद्यालय जान नसक्ने जोखिममा रहेको आँकलन गरिएको छ । विद्यालय पुनः खुलेपछि केही बालिकाहरूले आफ्नो शिक्षालाई निरन्तरता दिन्छन् तर कतिपय बालिका भने पुनः विद्यालय कहिल्यै नआउन सक्छन् । नेपालमा पनि ठूलो संख्यामा किशोरीहरू पुनः विद्यालय फर्किन नसक्ने संभावना रहेको तथ्यांकहरूले देखाएका छन् । ●



# कोभिड–१९ प्रभाव : सूचनाको हकबाट वञ्चित गरिएन

**रेडियोले कोरोना भाइरस (कोभिड–१९) को समयमा आमनागरिकलाई सूचना प्रवाहसँगै विभिन्न सामाजिक कार्यसमेत गरेको छ**



**विदुर खवास**

कोरोना भाइरस (कोभिड-१९) संक्रमणले विश्व नै अक्रान्त बनेको बेला नेपाल पनि त्यसबाट अछुतो रहन सकेन । कोरोना भाइरस (कोभिड-१९) जोखिम रोकथामका लागि देश लामो समयसम्म लकडाउनमा रह्यो । जसले गर्दा आमनागरिकले ठूलै समस्या झेल्नु पर्‍यो । त्यस्तो अवस्थामा नेपालका सञ्चारमाध्यमले खेलेको भूमिका निकै महत्वपूर्ण छ । त्यसमा पनि सबैभन्दा प्रभावकारी भूमिकामा देखिए नेपालका सामुदायिक रेडियोहरू । कोरोना भाइरस जोखिम रोकथामका लागि सरकारले गरेको लामो लकडाउनमा नागरिकलाई समुदायस्तरमा सूचना प्रवाह गर्ने सबैभन्दा प्रभावकारी माध्यम नै सामुदायिक रेडियो बने ।

घरमै बसीबसी देशविदेशका खबर सुन्न र मनोरञ्जनको गतिलो माध्यम बन्यो त्यति बेला सामुदायिक रेडियो । अरु सञ्चारमाध्यमभन्दा रेडियो सजिलो भएका कारण पनि सबैको रोजाइमा सामुदायिक रेडियो परेका हुन् । लकडाउनको बेला सबैले रेडियो नै आफ्नो सूचनाको माध्यमका रुपमा प्रयोग गरेका कारण रेडियो सुन्ने श्रोताको पनि उल्लेखनीय वृद्धि भयो । अब धनकुटाबाट आफ्नो प्रसारण रहेको रेडियो लालीगुराँस १०५.२ मेगहर्जले चाहिँ कोरोना भाइरसको संक्रमणबाट जोगिन आमनागरिकलाई कसरी सुसूचित पार्‍यो भन्ने प्रसंग जोड्न चाहान्छु ।

रेडियो लालीगुराँसले कोरोना भाइरसले पारेको प्रभाव, यसबाट बच्न गर्नुपर्ने उपायहरू, संक्रमितको अवस्था आदि विषयमा निरन्तर रुपमा आफ्ना कार्यक्रममार्फत प्रवाह गरिहह्यो । रेडियोले विविध समस्याका बाबजुद पनि आफ्नो प्रसारणलाई घटाएन, बरु प्रसारण अवधिभर कसरी आमनागरिकलाई विसम परिस्थितिमा लड्न सकिन्छ भन्ने विषयमा सूचित गरिरह्यो दैनिक १८ घण्टासम्म । रेडियोकर्मीले आफ्नो ज्यानको प्रवाह नगरी निरन्तर आमनागरिकलाई सूचना प्रवाहमा लागिरहे । जसले गर्दा रेडियो लालीगुराँस सुन्ने उल्लेखनीय रुपमा वृद्धि भयो । रेडियोले आफ्नो दैनिक १८ घण्टा प्रसारणलाई कोरोना भाइरस महामारीमा पनि निरन्तर कायम राख्यो । यस रेडियोले आफ्नो प्रसारण अवधिलाई कायम राख्दै कोरोना भाइरसबारे सचेतनासम्बन्धी अन्य थप दैनिक कार्यक्रम उत्पादन तथा प्रसारण गऱ्यो ।

त्यतिमात्र होइन, यस रेडियोले आफ्नो प्रसारण क्षेत्रका नागरिकले अन्य रेडियो सुन्न नपरोस् भनेर सामुदायिक सूचना नेटवर्क (सीआईएन) ले प्रसारण गर्ने विशेष कार्यक्रमहरूलाई प्रमुख प्राथमिकतामा राखेर प्रसारण गऱ्यो । रेडियोमा कार्यरत सबै रेडियोकर्मीको कोरोना बिमा गरायो । जसले रेडियोकर्मीमा थप जिम्मेवारीपूर्वक काम गर्ने उत्साह थपियो । रेडियोले आफ्नो दैनिक ३ बुलेटिनलाई बढाएर ५ वटा बनायो, जुन लकडाउन अवधिभर कायम रह्यो । त्यस्तै धनकुटा जिल्लाका सातै स्थानीय तहसँगको सहकार्यमा विभिन्न सचेतनामूलक कार्यक्रम तथा सूचना प्रसारण गरेको थियो । यसलाई अहिले पनि निरन्तर दिइएको छ । त्यस्तै विभिन्न गैरसरकारी संघसंस्थासँगको सहकार्यमा विभिन्न जनचेतनामूलक सामग्री प्रसारण गऱ्यो । जसले रेडियोको प्रभावकारितामा उल्लेखनीय वृद्धि भयो । जिल्लाका स्थानीय तह र विभिन्न संघसंस्थासँगको साझेदारीले विभिन्न कार्यक्रम उत्पादन तथा प्रसारणले जिल्लामा रहेका सबै सरोकारवालासँग सम्बन्ध बलियो बन्यो । रेडियोमा काम गर्ने पत्रकार तथा कर्मचारीलाई थप हौसला प्राप्त भएको छ । त्यसैले रेडियो लालीगुराँसलाई अबका दिनमा अझ प्रभावकारी बनाउँदै श्रोताको मन जित्ने खालका कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने र समाज रुपान्तरणमा रेडियोको भूमिका उल्लेखनीय हुन्छ भन्ने आमनागरिकमा बनाउने अभियानमा लाग्ने प्रेरणा मिलेको छ । रेडियोले कोरोना भाइरस (कोभिड-१९) को समयमा आमनागरिकलाई सूचना प्रवाहसँगै विभिन्न सामाजिक कार्यसमेत गरेको छ । समाजमा रहेका विपन्न परिवार तथा असहायलाई स्वास्थ्य सुरक्षाका सामग्री प्रदान गर्नुका साथै अन्य सहयोगसमेत गऱ्यो ।

**रेडियोकर्मीले आफ्नो ज्यानको प्रवाह नगरी निरन्तर आमनागरिकलाई सूचना प्रवाहमा लागिरहे । जसले गर्दा रेडियो लालीगुराँस सुन्ने उल्लेखनीय रूपमा वृद्धि भयो ।**

विश्व नै कोरोना भाइरसको संकम्रणले विक्षिप्त बनेको बेला पनि ज्यानलाई जोखिममा राखेर आफ्नो कर्ममा अहोरात्र खटेर रेडियोको प्रभावकारिता वृद्धि गर्न अहम् भुमिका निर्वाह गर्नु हुने मेरा सहकर्मीप्रति ह्दयदेखि आभार प्रकट गर्छु । यससंकटको घडीमा सहकार्य गरी आमनागरिकलाई सूचना प्रवाह गर्न आफ्नो दायित्व ठान्ने सबै स्थानीय तह तथा सरोकारवाला र विज्ञापनदाता सबैलाई विशेष धन्यवाद दिन चाहन्छु । रेडियो लालीगुराँसलाई संकटमा पनि दरिलो खम्बा बनेर सधैं हौसला प्रदान गर्नु हुने रेडियो व्यवस्थापन पक्षसँग आभारी छौं । रेडियोलाई माया गरी सधैं साथ दिनु हुने आदरणीय श्रोताप्रति आभारी हुँदै रेडियोको प्रभावकारितालाई अझै समाजमा स्थापित गर्दै समाज रुपान्तरणमा रेडियो लागिरहने प्रण गर्दछु । ●

*स्टेशन प्रमुख, रेडियो लालीगुराँस, धनकुटा*

# लकडाउनले जुरायो विद्यालयको वार्षिक नतिजा सार्वजनिक गर्ने अवसर

**सातवटा एफएम रेडियोहरू रेडियो त्रिशूली, रेडियो जालपा, नुवाकोट एफएम, रेडियो सञ्जिवनी, मिक्स एफएम, गज्जवको रेडियो र रेडियो भैरबीमा एकैसाथ परीक्षाको नतिजा प्रसारण गर्ने आन्तरिक सहमति जुट्यो ।**



**शर्मिला उप्रेती**

वैशाख ११, २०७७ मा नुवाकोटबाट प्रसारण सातवटा एफएमहरू रेडियो र टीभी त्रिशूलीबाट एउटा विद्यालयको वार्षिक परीक्षफलको नतिजा सार्वजनिक भयो । नुवाकोटको सन्दर्भमा विल्कुलै फरक अनुभव र प्रयोगको रुपमा रहेको आमसञ्चारका माध्यमबाट विद्यालयको परीक्षाफल सार्वजनिक गर्ने प्रयास सम्भवत अन्यत्र पनि कमै भएको हुनुपर्छ ।

विश्व महामारीको रुपमा रहेको कोभिड-१९ अर्थात् कोरोना भाइरसको संक्रमण फैलन नदिन चैत ११, २०७६ देखि देश लकडाउन (बन्दाबन्दी) मा थियो । विदुरमा रहेको पृथ्वी मावि बर्सेनि एसईई परीक्षामा जिल्लामै सर्वोकृष्ट नतिजासहित तारिफको केन्द्रमा रहँदै आएको छ । एक दशकभन्दा पनि कम समयमा गरिएको सुधारमुखी व्यवस्थापनले पृथ्वी माविलाई 'यहाँबाट त्यहाँ' पुऱ्याएको छ । विद्यार्थी, अभिभावक, शिक्षक र नतिजाका लागि 'क्रियटिभ' काम हुँदै आएको पृथ्वी माविका प्रधानाध्यापक बाबुराम लामिछाने एक किसिमको औडाह र उकुसमुकुसमा हुनुहुँदो रहेछ । परीक्षाको नतिजा तयार पारेर राखिएको तर अभिभावक र विद्यार्थीमाझ एकैसाथ पुऱ्याउने विकल्पको खोजीमा उहाँ हुनुहुँदो रहेछ ।

विद्यालयमा नतिजा टाँस गरेर सामाजिक सञ्जालमा राख्ने विकल्प उहाँसित थियो । तर त्यसो गर्दा पनि आमअभिभावक इन्टरनेट (सामाजिक सञ्जाल) को पहुँचमा नरहेकाले कम प्रभावकारी हुने बुझाई उहाँकै देखियो । फेरि अभिभावकहरू बन्दाबन्दी छल्न र जीवन सहज पार्न विदुर र आसपासलाई छाडेर आफ्नो पुख्यौली ठाउँ वा गाउँतिर फर्किएको अवस्था



पनि थियो । यो अवस्थामा एफएम रेडियोलाई प्रयोग गरेर नतिजा प्रकाशन गर्ने तरिका हामीले उहाँलाई सुझायौं । उहाँ तुरुन्तै तयार देखिनुभयो र सुरु भयो रेडियोबाट विद्यालयको नतिजा प्रकाशन गर्नका लागि गृहकार्य ।

एफएम रेडियोबाट कुनै विद्यालयको नतिजा सार्वजनिक गर्नु एउटा क्रम भङ्गता थियो । मानिसहरूले के भन्छन्, वा कुन कुन कोणबाट बहस हुनसक्छ भन्ने सामान्य आँकल पनि मनमनै नगरेको होइन । तर अहिलेको अवस्थामा यही तरिका बढी सान्दर्भिक ठान्यौं । त्यसबेला भर्खरै सुरु भएको 'नुवाकोट रेडियो सञ्जाल' का सदस्य रेडियोहरूलाई यो प्रस्ताव पठायौं, सबैले सहर्ष स्वीकार गर्नुभयो । सातवटा एफएम रेडियोहरू रेडियो त्रिशूली, रेडियो जालपा, नुवाकोट एफएम, रेडियो सञ्जिवनी, मिक्स एफएम, गज्जवको रेडियो र रेडियो भैरबीमा एकैसाथ परीक्षाको नतिजा प्रसारण गर्ने आन्तरिक सहमति जुट्यो । सबैको अनुकूल समय अपरान्ह साढे चार बजे उपयुक्त भएपछि स्कुलका प्रधानाध्यापक बाबुराम सरलाई समय प्रस्ताव गर्यौं । नतिजलाई पुनः हेर्ने र अन्तिम

अभिभावकहरू विद्यालयसम्म पुगेर नतिजा थाहा पाउने वा अन्य केही गतिविधि गर्ने सम्भव थिएन । जो जहाँ छ त्यही बस्नुपर्ने अवस्थामा रेडियोका कारण प्राप्त सुविधा र सहुलियतलाई श्रोताले उपयोग गर्नुभयो ।

रुप दिँदा दिउँसोको समय नै उपयुक्त हुने भएपछि उहाँहरू नतिजालाई अन्तिम रुप दिन लाग्नु भयो, हामी रेडियोमा प्रसारण गर्नका लागि चाहिने तरतम्यतिर लाग्यौं ।

विद्यालयमै गएर रेकर्ड गर्ने, विद्यालयबाटै टेलिफोन प्रयोग गरेर प्रत्यक्ष प्रसारण गर्ने, स्टेशनमै बोलाएर प्रत्यक्ष प्रसारण गर्ने वा स्टेशटमा उहाँहरूलाई बोलाएर रेकर्ड गरेर साढे चार बजे प्रसारण गर्ने । हामीसित यत्ति विकल्पहरू थिए । यसमध्ये एउटा विकल्प छनौट गरेर त्यसको तयारीतिर लागियो । त्यसबेलासम्म फोनमै भइरहेको संवाद, तयारीले अन्तिम रुप लिने बेला करिब दिउँसोको १ बज्नै लाग्दा भयो ।

प्रधानाध्यापक बाबुराम लामिछाने र सहायक प्रधानाध्यापक विश्वराज भट्टराई रेडियो त्रिशूलीको स्टेशनमा आउनु भयो । यो बीचमा हाम्रो योजना केही फेरिसकेको थियो । रेडियोबाट मात्रै किन टेलिभिजनबाट पनि प्रसारण गरुँ भनेर तयारी सुरु गरिसकेको थियौं । टीभी त्रिशूली र रेडियो त्रिशूलीको स्टेशन एकै ठाउँमा भएरै हामीलाई सजिलो भइरहेको थियो । टीभीका समाचार प्रमुख भाइ सुजित भण्डारीलाई स्टेशनमा बोलाएर रेडियोमा प्रस्तुत गर्ने विद्यालयको वार्षिक परीक्षाको नतिजा सार्वजनिक गर्ने कार्यक्रमलाई रेडियोकै स्टेशनमा छायाङ्कन गर्ने तयारी गरिसकेका थियौं ।

रेडियो त्रिशूलीका प्राविधिक बहिनी प्रीतिका थापा तयारी अवस्थामा हुनुहुन्थ्यो । टीभीको 'लाइट' लाई रेडियोको स्टुडियोमा सार्ने काम भइसकेको थियो । यी सबैको जोरजम्मा र व्यवस्थापनका लागि म आफैं सक्रिय थिएँ ।

प्रधानाध्यापक बाबुराम सर र सहायक प्रधानाध्यापक विश्व सरले रेडियोको स्टुडियोमा बसेर नतिजा रेकर्ड गर्नुभयो । साथमा हाम्रो रेडियोका अध्यक्ष कपिलदेव खनाल पनि हुनुहुन्थ्यो । त्यही मौकामा मैले एउटा तस्बिर पनि लिन भ्याएँ । विश्व सरसित एफएम रेडियोमा लामो समयसम्म कार्यक्रम प्रस्तुत गरेको अनुभवका कारण पनि झन् सजिलो भयो । मलाई मनमनै भइरहेको खुल्दुली चाहिँ अनुत्तीर्ण हुने विद्यार्थीको नाम यसरी आमसञ्चारका माध्यमबाट भन्दा विद्यार्थीमा के चोट पर्ला भन्ने थियो, तर उहाँहरूको तयारी उत्तीर्ण विद्यार्थीको नाम र प्राप्ताङ्कमात्रै भन्ने गरी भएको रहेछ । मेरो कौतुहलता पहिलो कक्षाको नतिजा सुन्दा नै शान्त भयो । करिब साढे १ बजेतिर सकिएको रेकर्डिङलाई साढे चार बजेबाट सातवटै एफएम रेडियो, टीभी त्रिशूलीमा एकसाथ प्रसारण गरियो । सँगै टीभीको युट्युब च्यानल, रेडियोहरूको अनलाइन पेज, फेसबुक पेजबाट पनि प्रसारण भए ।

प्रसारण सुरु भएसँगै अधिकांश टिप्पणीहरू सकारात्मक आए । ओहो ! लकडाउनले नतिजा पनि सार्वजनिक गर्न पाइएन भनेर बसेका हामीलाई यो सिकाइको रुपमा रह्यो, हामीले पनि यसरी गर्दा त हुने रहेछ नि भन्ने शिक्षकहरू पनि भेटिनु भयो । त्यसपछि नुवाकोटका अधिकांश विद्यालयले सञ्चारमाध्यमबाट वार्षिक परीक्षाफल सार्वजनिक गरेका हुन् । आफू उत्तीर्ण भइयो कि भइएन भनेर थाहा पाउन विद्यार्थी अनि आफ्ना नानीबाबुहरूको नजिता सुन्न रेडियोको 'भोलुम' ठूलो पारेर रेडियो सामुन्ने बसेका श्रोताको पछि आएको प्रतिक्रियाले हामीलाई खुब उत्साही बनाएको छ ।

त्यसबेलाको अवस्था अहिलेको जस्तो बिल्कुलै पनि थिएन । कोही व्यक्तिलाई आफ्नो घर वा कार्यालयमा प्रवेश दिने भन्ने कुरा कल्पनासम्म पनि मुस्किलको कुरा थियो । अभिभावकहरू विद्यालयसम्म पुगेर नतिजा थाहा पाउने वा अन्य केही गतिविधि गर्ने सम्भव थिएन । जो जहाँ छ त्यही बस्नुपर्ने अवस्थामा रेडियोका कारण प्राप्त सुविधा र सहुलियतलाई श्रोताले उपयोग गर्नुभयो । त्यस्तो अवस्थामा हामी सामुदायिक रेडियो र सामुदायिक रेडियोकर्मीहरूले स्टुडियोमा विद्यालय परिवारलाई सहर्ष आमन्त्रण गरेको प्रयासले संकटमा रेडियोको महत्व र भूमिका कत्तिसम्म हुन्छ भनेर पुष्टि गरेको छ । ●

*स्टेसन म्यानेजर, रेडियो त्रिशुली ८८.४ मेगाहर्ज, नुवाकोट*



# लकडाउनको बेला पुलको काम गर्‍यौँ

**रेडियो त्यस्तो सञ्चारमाध्यम हो जसलाई खरिदबाहेक प्रयोग गरेबापत कुनै शुल्क तिर्नु पर्दैन तर आमसञ्चारका अन्य माध्यम भने प्रयोग गरेबापत श्रोता, दर्शक वा पाठकले कहीँ न कहीँबाट भुक्तानी गर्नै पर्छ ।**



जीवन सुवेदी

रेडियोबाट सार्वजनिक गरिएको नम्बरमा फोन आयो । 'हेलो सर नमस्कार, हेर्नु न लामो समय भयो ज्यामी काम गर्दै आएको थिएँ । २ महिना भइसक्यो साहुले काममा पनि बोलाएको छैन, वडाबाट दिएको १२ किलो चामलसहितको राहत पनि सकियो । घरमा सुत्केरी श्रीमती छन् । खाने केही नभएर हजुरलाई फोन गरेको, काम पाए पनि गर्न हुन्थ्यो, तर ढलानबाट खसेर मेरो खुट्टा फ्याक्चर भएको छ । हजुरहरूमार्फत केही राहत पाइन्थ्यो कि भनेर ।'

अहिले सम्झन्छु पोखरा महानगरपालिका-१४ स्थित मनकामना टोलबाट कृष्ण श्रेष्ठले गरेको टेलिफोन संवादको केही अंश थियो यो । कृष्णजस्ता सयौं पीडितको पीडामा मल्हम लगाउने प्रयासस्वरुप पोखराको थ्रि एन्जल्स सामुदायिक रेडियोमार्फत "कोरोना विपद्मा थ्रि एन्जल्स सामुदायिक रेडियोको पहल" नामक कार्यक्रम श्रोताका लागि आशाको केन्द्र बनेको थियो । दैनिक रुपमा बिहान साढे ७ देखि ९ बजेसम्म (विज्ञापनरहित) करिब डेढ घण्टाको यो कार्यक्रम रेडियोबाट

६ महिना (१८७ औँ शृंखला) सम्म सञ्चालन गरेका गऱ्यौँ । उक्त अवधिभित्र हामीले सेवा अपेक्षी र मनकारी व्यक्ति गरी ६ हजार ८ सय ५४ जनासँग प्रत्यक्ष संवाद गऱ्यौँ । जुन कार्यक्रम हामीले सामाजिक सञ्जाल फेसबुकमा पनि संग्रहित गरेका छौं ।

दैनिक ज्याला मजदुरी गरेर जीवनयापन गर्दै आएका सयौँ व्यक्तिको पीडा सुन्दै उनीहरूलाई सकेसम्म राहतको व्यवस्थापन गर्न थालेसँगै उक्त कार्यक्रममा दैनिक ४० भन्दा बढी फोन आउन थाले । कार्यक्रम प्रस्तुतिमा हामी दुई जना थियौँ । रेडियो म्यानेजर सिलास केसी र म समाचार र कार्यक्रम प्रमुख जीवन सुवेदी । उक्त समयमा दैनिक लगातार प्रविधिबाट हामीलाई सुशान्त रेग्मीले साथ दिए ।

सेवाअपेक्षीहरूका पीडा सुनेर धेरैजसो मनकारी सहयोगी व्यक्तिले राहत दिने वचनबद्धता व्यक्त गर्दै सम्बन्धित ठाउँमै पुगेर राहत दिने गर्दथे । कसैको घरमा दाल हुँदैनथ्यो, कसैसँग नुनसमेत किन्ने पैसा छैन भन्ने फोन आउँथ्यो । सुत्केरी महिलाका लागि पोषिलो खानादेखि नवजात शिशुलाई लिटो र न्यानो कपडासमेत श्रोताले प्रदान गर्ने प्रतिबद्धता जनाउनुभयो । खासगरी दृष्टिविहीन, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, नियमित औषधि सेवन गर्ने र अति विपन्न वर्गका व्यक्तिहरूलाई यो कार्यक्रम निकै प्रभावकारी बनेको थियो ।

गत २०७६ चैत ११ गतेदेखि नेपालमा बन्दाबन्दी सुरु भएपछिको २५ औं दिनदेखि रेडियोले सुरुआत गरेको उक्त कार्यक्रम उक्त समयमा भोकाहरूको गाँस जुटाउने माध्यम नै बन्यो । धेरै श्रोताले टेलिफोनकै माध्यमबाट जयजयकार गर्नुहुन्थ्यो तर हामी केवल माध्यममात्र थियौँ । प्राप्त गर्ने र प्रदान गर्ने त हाम्रा श्रोता नै हुन् । केबल पुलको काम हामीले गरेका थियौँ । हुन त मागेर खाने नेपालीहरूको सभ्यता होइन तर पनि यो परिस्थितिको उपज थियो । तसर्थ हामीले श्रोतालाई समस्या निर्धक्क राख्न आग्रह गऱ्यौँ । उसो त उक्त समयमा विभिन्न स्थानीय तहहरूले राहत वितरण नगरेका पनि होइनन् । यद्यपि सबैले समानरुपले प्राप्त गर्न नसकेको भनेर जनप्रतिनिधिले समेत हाम्रै कार्यक्रमको टेलिफोन लाइभमै स्वीकार गरिसकेका छन् । कतिपय स्थानमा हुनेखाने वर्गले पनि राहत लिएको भनेर कुराहरू बाहिरिन्थे । त्यो गुनासो थाहा हुनेबित्तिकै सम्बन्धित जनप्रतिनिधिसँग कुराकानी गर्दा उनीहरूले नमीठो बाक्य बोलेका अहिले पनि याद आउँछ ।

आफूमाथि परेका हरेक समस्या र त्यसको समाधानका लागि यस किसिमको रेडियो कार्यक्रमले केही राहत मिलेको श्रोताहरूको प्रतिक्रियाले हामी निकै खुसी भयौँ । कार्यक्रमकै दौरानमा हामी विभिन्न ठाउँमा राहत सामग्री लिएर पुग्दै गर्दा हामी स्वयं कोरोना भाइरसको सिकार भयौँ । २०७७ को दशैंपछि कार्यक्रमलाई निरन्तरता दिन कठिन भयो र बन्द गर्न बाध्य भयौँ । तर धेरै पछिसम्म श्रोताले उक्त कार्यक्रम किन आएन भनेर हामीलाई फोन गरिरहनुभयो ।

**विपदमा रेडियोको महत्व**

विसं २००७ चैत २० गतेबाट नेपाल प्रजातन्त्र रेडियो हुँदै सुरु भएको रेडियोको २०५४ जेठ ९ गतेदेखि एफएम रेडियो पनि सुरु भएको हो । त्यसयता नेपालमा रेडियो खुल्ने क्रम जारी नै छ । हाल नेपालमा सरकारी, सामुदयिक, र निजी गरी ३ प्रकारका रेडियो सञ्चालनमा छन् । यी रेडियोहरू आवाज विहीनहरूको आवाज, आर्थिक र सामाजिक रुपान्तरणका लागि परिवर्तन र विकासका लागि योजनाबद्ध प्रयास, सामाजिक जनचेतना जगाउने सामाजिक अभियान, समाज परिवर्तन र विकासको संवाहकको रुपमा नेतृत्दायी र उत्तरदायी ढंगले अघि बढिरहेका छन् ।

विश्वमा सबैभन्दा धेरै मानिसको पहुँचमा पुग्न सफल सरल र भरपर्दो माध्यम रेडियोले श्रोता र समाजबीच प्रत्यक्ष जनसहभागिता, सामाजिक द्वन्द्व न्यूनीकरणका लागि योगदान पुऱ्याइरहेको रेडियोको महत्व अहिले कोरोनाको महामारीमा पनि उत्तिकै देखिएको छ ।

सहरदेखि गाउँसम्म सूचनाको सहज पहुँच, सामाजिक र परिवर्तनका लागि महत्वपूर्ण अभियानहरू चलाएर विभेदको अन्त्य, सीमान्तकृत समुदायमा आधारित कार्यक्रममा उत्पादन गरी समाजको सन्तुलन र मूल्यमान्यतालाई सशक्तीकरण र विविधीकरण बनाउन सामुदायिक रेडियो नै मुख्य सञ्चार साधन बनेको छ। इन्टरनेट, टेलिभिजन, र पत्रपत्रिकाको पहुँच नपुगेका ठाउँहरूमा पनि यसको सहज पहुँच हुने भएकाले रेडियो प्रभावकारी बनेको हो। नेपालका महामारी र विपदहरूलाई हेर्ने हो भने ती कालखण्डहरूमा रेडियोले प्रभावकारी भूमिका निभाउँदै आएका छन्।

नेपालमा चलेको १० वर्षे द्वन्द्व, २०६२/६३ को जनआन्दोलन, २०७२ को विनासकारी भूकम्प र अहिले कोरोना विपदको बेला पनि रेडियोले श्रोतालाई सूचना, समाचार र मनोरन्जन प्रदान गरिरहेका छन् त्यो पनि बिना शुल्क। किनकि रेडियोबाहेक आमसञ्चारका अन्य माध्यम प्रयोग गरेबापत श्रोता, दर्शक वा पाठकले कहीं न कहींबाट भुक्तानी गर्नै पर्ने हुन्छ। रेडियोमात्र त्यस्तो साधन हो जसलाई खरिदबाहेक प्रयोग गरेबापत कुनै शुल्क तिर्नु पर्दैन।

विश्व्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण अहिले गरिबीको रेखामुनि रहेका धेरै नागरिकको चुलो बल्न कठिन भइरहेको छ। उनीहरूले महँगो शुल्क तिरेर इन्टरनेट, सामाजिक सञ्जाल, टेलिभिजन हेर्ने क्षमता राख्दैनन्। तर सामान्य ४ र ५ सयको साधारण रेडियो सेटले उनीहरूको मनोरञ्जन र सूचनाको भोक मेटाइरहेको छ।

यो कुरा यसकारण पनि यहाँ उल्लेख गरिएको छ, अहिले विपदको समयमा रेडियो कार्यक्रम कोरोना विपदमा गरिएको पहलमा ९५ प्रतिशत फोन कल विपन्न वर्गबाट नै प्राप्त हुने गरेको छ। यसरी विपद् एवं संकटको घडीमा अत्यावश्यक जानकारीदेखि राहत र उद्धारको जानकारीका लागि रेडियोमै निर्भर हुनुपर्ने अवस्था अहिले पनि हामीसामु छ। साथै विपन्न वर्ग र दृष्टिविहीनका लागि लक्षित गरिने कुनै पनि कार्यक्रम यदि राज्यले गर्न चाहन्छ भने त्यस्ता कार्यक्रमहरूका लागि रेडियो जस्तो प्रभावकारी अरु विकल्प हुन सक्छजस्तो लाग्दैन।

विसं २०६२ साउन ७ गते फेवातालको स्थलगत रिपोर्ट हिमचुली एफएममा प्रसारण भएपछि रेडियोको औपचारिक यात्रा सुरु गरेयता मैले मूल कर्म नै रेडियोमा बनाएको छु। यो १४ वर्षको दौरान सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित दुवै किसिमका रेडियोमा काम गर्न अवसर मिल्यो।

अहिलेसम्म आइपुग्दा रेडियोमा कार्यरत जनशक्तिको सीप, क्षमता र सिर्जनशीलताले यसको प्रभावकारिता मापन गर्छ भन्नेमा म दृढ छु। पहिले ४ वटा मात्रै रेडियो रहेको पोखरामा अहिले सबै गरी ३७ वटा रेडियो पुगिसकेका छन्। यसरी रेडियो संख्यात्मक रुपमा बढ्दै जाने तर गुणात्मक रुपमा यसको विकास हुन नसक्दा अहिले पनि केही रेडियोहरू नामका लागि मात्र रेडियो बनिरहेका छन्। एकातिर रहरमा मात्र रेडियोमा काम गर्नेहरूसमेत पछिल्लो समय घट्दै गएका छन् भने अर्कातिर रेडियोमा काम गर्न चाहनेहरूले आधारभूत सीप एवं तालिमसमेत पाउन कठिन हुने अवस्था हामीसामु विद्यमान छ।

कुनै समय पोखराकै कतिपय सामुदायिक रेडियोमा ठूलो संख्यामा स्वयंसेवी कार्यरत थिए। तर अहिले स्वयंसेवाले मात्र चुलो बल्ने स्थिति छैन। रेडियो सञ्चालकहरूले रेडियोमा कार्यरत जनशक्तिको कठिनाइ एवं समस्या बुझ्ने र समाधान गर्ने दायित्व लिन सक्नुपर्दछ भने राज्यले पनि सञ्चालकहरूका पीर मर्का बुझ्नुपर्ने समय आएको छ।

कतिपय रेडियोकर्मीहरू पेसाबाटै स्थापित हुने अवस्थामा पुगेका छन्। निमुख, पहुँच नभएका र विपन्न वर्गको साथमा रहने र उनीहरूको आवाज बोल्ने रेडियोहरू आफैं विपन्न हुने अवस्था आउन नदिन बेलैमा राज्यले ध्यान दिनु अहिलेको आवश्यकता हो। ●

*स्टेशन म्यानेजर, थ्रि एन्जल्स सामुदायिक रेडियो*

# कोरोना कालमा सामुदायिक रेडियो

**समुदायमा कोरोनाविरुद्ध सचेतना जगाउन सामुदायिक रेडियोहरूले तत्काल काम गर्ने तरिका बदल्दै सूचनालाई कोरोना सचेतनामैत्री बनाउन सक्दा आमश्रोता पक्कै लाभान्वित भएका थिए ।**



**राजन रुचाल**

सञ्चारमाध्यमहरू त्यो दिनसम्म पनि त्यति अन्योलमा थिएनन्, जुन दिन साँझ मन्त्रिपरिषद् बैठकबाट सरकारले कोभिड-१९ (नोबेल कोरोना भाइरस) रोकथाम तथा नियन्त्रणका लागि लकडाउन गर्ने निर्णय गऱ्यो । अर्थात् २०७६ चैत १० गते साँझ सरकारको निर्णयपछि सञ्चारमाध्यम रातारात नै भोलिदेखिको कार्यतालिका मिलाउन थाले । सरकारको निर्णयानुसार चैत ११ गतेबाट अत्यावश्यकीय सेवाहरू बाहेकका अन्य सबै कुरा बन्द हुँदै थिए । सवारी साधन, होटल, पसल र उद्योगधन्दा आदि सबै ।

आममानिसले त कम्तीमा घरै बसेर देश दुनियाँबारे लकडाउन हेर्ने, सुन्ने र पढ्ने सुविधा पाउँथे । कतिपयले लकडाउनलाई परिवारसँग लामो समय बिताउने अवसरको रुपमा उपयोग गरे । त्यस्तै अन्य कतिले यसलाई आफ्ना आधा अधुरा काम सक्ने मौकाको रुपमा लिए । तर सञ्चारमाध्यम र पत्रकारका लागि महामारी त्यस्ता अवसर हुने कुरै भएन । छापा माध्यमका लागि केही हदसम्म त्यस्तो हुन पनि सक्थ्यो । किन कि दिउँसो काम थालेर साँझमा प्याकेजिङ गरे पनि हुन्छ, तर रेडियो, टेलिभिजनको हकमा त्यस्तो सम्भव हुँदैन ।

मानिसहरू ओछ्यानमै हुँदा देश दुनियाँको ताजा खबर सुनाउन बिहान ५ नबज्दै रेडियो पुग्नुपर्ने पत्रकारहरूले लकडाउनको अवधिमा कसरी काम गरे, यो सङ्क्रमणको अवस्थामा नेपालका रेडियोको भूमिका कस्तो रह्यो र कोभिड-१९ सँग सम्बन्धित सूचनाका लागि आमनागरिक सामुदायिक रेडियोमा कति निर्भर भए, सामुदायिक रेडियोले कसरी कम गरे ? यो लेख मुख्यतः यही विषयमा केन्द्रित छ ।

**सुरुको अन्योल : कोही अफिसकै क्वारेन्टाइनमा, कोही घरमै एकान्तबास**

कोभिड-१९ बाट बच्न बचाउनका लागि नागरिकलाई कस्तो खालको सन्देश दिने ? लकडाउनमा के गर्ने ? के नगर्ने ? बाहिर निस्किने कि ननिस्किने ? किन ननिस्किने ? निस्किनै परे अपनाउनुपर्ने सावधानी के हो ? यसबारेमा समाचार, कार्यक्रम र जनहितमा जारी सूचना (पीएसए) हरू कस्ता बनाउने ? भनेर छलफलमा बस्नुपर्ने रेडियोकर्मी



लकडाउनको अघिल्लो दिन भोलिदेखि कसरी काम गर्ने अथवा नगर्ने कि भन्नेबारेमा पो छलफल गर्न थाले । समुदायमा कोरोनाविरुद्ध सचेतना जगाउन सामुदायिक रेडियोहरूले तत्काल काम गर्ने तरिका बदल्दै सूचनालाई कोरोना सचेतनामैत्री बनाए ।

मोफसलमा पनि लकडाउनको सुरुवाती समयमा धेरै रेडियोकर्मीहरू अलमलमा परे, जसको कारण रेडियो चलाउनसमेत अप्ठेरो भयो । झापाको रेडियो साथीका तत्कालीन प्रबन्ध निर्देशक ज्ञानेन्द्र निरौला भन्नुहुन्छ, 'केही साथीहरू एकदुई हप्ता अफिसै आएनन्, कोही कार्यालयमै बस्नुपर्ने अवस्था सिर्जना भयो, तर पनि हामीले रेडियोको नियमित कामलाई अलिकति पनि तलमाथि हुन दिएनौं ।' लकडाउनको बेला कामको दौरान हिंडडुल गर्न पाइने नपाइनेबारे पनि रेडियोकर्मीहरू अन्योलमा थिए ।

बाराको रेडियो, रेडियो सिमराका समाचार प्रमुख अविनाश आचार्य भन्नुहुन्छ, 'बाटोमा सवारी साधनहरू चलेका थिएनन् । पत्रकारको कार्डले पनि हिंड्न, रिपोर्टिङमा जान पाइन्छ पाइँदैन थाहा थिएन । जिल्ला प्रशासनबाट दिने पासका बारेमा पनि स्पष्ट मापदण्ड आइसकेको थिएन । कहिले अफिसै बसेर कहिले आउजाउ गरेर, त कहिले पैदलै हिंडेर पनि रिपोर्टिङ गर्ने र समाचार दिने कामचाहिँ रोकिएन ।'

यसरी हेर्दा सुरुका केही दिन, काम कसरी गर्ने भन्ने अन्योलका बीचमा पनि रेडियोकर्मीले काम छोडेनन् । कोहीले घरमै बसेर काम गरे भने कोही कार्यालयमै बसे । तर अघिपछिको जस्तो फिल्डमा गएर समाचार रिपोर्टिङ भने रेडियो पत्रकारले गरेनन् । अन्य समयमा भन्दा पनि यो समयमा कार्यालयमा नै खटेर काम गरेको भन्दै रेडियोकर्मीको प्रशंसा पनि भएको थियो ।

**सङ्क्रमणका बेला रेडियो र विश्वसनीयता**

अन्य स्थापित सञ्चार माध्यम (मुख्यगरी टेलिभिजन, दैनिक पत्रपत्रिका) को तुलनामा रेडियो चलाउन पनि अलिक सजिलो हुन्छ । थोरै खर्च र थोरै जनशक्तिबाट पनि चल्ने भएकाले हुनसक्छ, कोभिड-१९ सङ्क्रमणको सुरुवाती अवस्थामा सूचना प्रवाहमा

# कार्यालय नै घर

तीन सय ५० भन्दा धेरै सामुदायिक रेडियोहरूको नेटवर्क सामुदायिक सूचना नेटवर्क (सीआईएन) ले कार्यालयमा नै बसेर काम गर्ने निर्णय आकस्मिक रुपमा गऱ्यो ।चैत १० गते राति नै आकस्मिक बैठक बसेर ११ चैत देखि नै नै कार्यालयमै एकान्तबासमा रहेर काम गर्ने निर्णय गऱ्यौं । त्यसका लागि कार्यालयले बस्ने, खाने व्यवस्था कार्यालयमै गरेको थियो । समाचार कक्षमा काम गर्ने मध्ये आधा-आधाको समूह बनाएर बस्न थालियो । ११ गतेबाट नै कोभिड-१९ रोकथाम तथा नियन्त्रण र यसबाट बच्नको लागि अपनाउनुपर्ने विषय मात्रै समेटेर बिहान साढे ११ र दिउँसो साढे २ मा कोरोना बिशेष बुलेटिन पनि थपेर प्रसारण गऱ्यो ।

अरु सञ्चार माध्यमले आफ्ना समाचार बुलेटिन, प्रकाशन र प्रशाण रोक्ने छलफल गरिरहेका बेला सीआईएनले थप बुलेटिन सुरु गरेर समुदायकोप्रतिको जिम्मवारी बहस गर्यो । सरकारको लकडाउन मोडालिटीबारे थाहा थिएन । चीनमा लकडाउनका बेला मानिसलाई घरबाट बाहिर निस्कन बन्देज थियो ।सायद यस्तै केही व्यवस्था होला साचेर त्यही रणनीति अनुसार अनुसार आकस्मिक योजना बनाएर काम थालियो । समाचार कक्षका साथीहरूले कोरोनालाई पत्रकारिता पेशा र जीवनको एउटा अवसरको रुपमा लिंदै काम गर्ने साहस देखाएकै कारण विषम परिस्थितिमा पनि काम गर्न सकिएको थियो । त्यही उत्साह र नागरिकप्रतिको जिम्मेवारीलाई आत्मसाथ गरेका कारण सामुदायिक रेडियो प्रशारण संघ (अकोराब) व्यवस्थापनले अतिरिक्त रु १५ हजार प्रोत्सान भत्तासमेत उपलब्ध गराएको थियो ।

रेडियोले प्रभावकारी भूमिका खेल्यो । सामुदायिक रेडियो प्रसारक संघका वरिष्ठ उपाध्यक्ष तथा रेडियो तुलसीपुरका स्टेशन म्यानेजर अर्जुन गिरी भन्नुहुन्छ, 'जहाँ पत्रपत्रिका पुग्दैन, पुगे पनि साक्षर व्यक्तिहरू कम छन्, जहाँ इन्टरनेटको सुविधा छैन, भए पनि हातमा स्मार्टफोन छैन त्यस्ता ठाउँमा निर्विकल्प सञ्चारमाध्यम भनेको रेडियो हो । त्यस्तै जहाँ बिजुली पनि पुगेको छैन, त्यस्ता क्षेत्रमा मानिसले रेडियो सुन्छन् र त्यसमा पनि सामुदायिक रेडियोहरू बढी सुन्ने गरेका छन् । किन कि गाउँमा व्यापारिकभन्दा सामुदायिक रेडियो नै धेरै छन् । त्यसैले समुदायस्तरमा रेडियोहरूको विश्वसनीयता राम्रो छ भन्न सकिन्छ ।

**जहाँ बिजुली पनि पुगेको छैन, त्यस्ता क्षेत्रमा मानिसले रेडियो सुन्छन् र त्यसमा पनि सामुदायिक रेडियोहरू बढी सुन्छन् ।**

कोरोना सङ्क्रमणपछि टेलिभिजनहरू पनि समाचार सङ्कलनको लागि निस्कन सकेनन् । टेलिभिजनमा समाचार एजेन्सीका समाचारहरू धेरै बज्न थाले । किन कि दृश्य खिच्नको लागि टेलिभिजन रिपोर्टिङ फिल्डमा नगई हुँदैन । तर रेडियो पत्रकारले कार्यालयमा नै बसेर पनि काम गर्न सक्छन् । सोही कारण विपद्मा रेडियो जहिलै अब्बल छ । स्टुडियोमा नै बसेर व्यक्तिका आवाजहरू लिएर प्रसारण गर्न सकिने भएकाले पनि सायद यो समयमा रेडियो र रेडियो पत्रकारलाई त्यति असहज भएन । समाचारमा प्रायोजित कार्यक्रमहरू कम भए, विज्ञापन कम भए । आम्दानी कम भयो । त्यति हुँदाहुँदै पनि रेडियोमा समाचार कम भएनन् । बरु अन्य समयको तुलनामा बाहिरको काम कम भएको र समाचारमा वा नयाँ जानकारीमा नै केन्द्रित हुन पाउँदा रेडियोको सामग्री तुलनात्मक रुपमा राम्रो भएको रेडियो रामारोशन अछामका स्टेसन म्यानेजर कमल रावलको भनाइ छ ।

२०७२ सालमा भूकम्प गएको समयमा जस्तै यसपटक पनि रेडियोहरूले प्रत्यक्ष प्रसारण गर्ने, कोभिड विशेष कार्यक्रमहरू सञ्चालन गर्ने, कोभिड विशेष बुलेटिन थप्ने र यसबारेमा आवश्यक जानकारी प्रस्तुत गर्ने कामहरू गरे । एक त पत्रपत्रिका बन्द भएको र त्यसमाथि पनि राजधानी र ठूला सहर केन्द्रीत पत्रपत्रिकाहरू गाउँसम्म नपुग्ने अवस्थामा रेडियो मात्रै सूचनाको भरपर्दो साथी हो ।सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका अनुसार हाल देशभर ७ सय ४० रेडियो स्टेशनहरूले सञ्चालनका लागि अनुमति पाएका छन् । ति मध्य आधा भन्दा बढि सामुदायिक रेडियोहरू छन् । जो समूदायको पहुँचमा छन् । सेयरकास्ट इनिसियटिभको तथ्याङ्क अनुसार कोरोनाबारे रेडियोबाट थाहा पाउनेहरू ६७ दशमलब ३ प्रतिशत थिए ।

सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लाको रेडियो बार्जुका स्टेशन म्यानेजर नन्दा थापा भन्नुहुन्छ, 'बाजुरामा अन्य सञ्चारको माध्यमको पहुँच छैन । तर भारतबाट कोरोनापछि फर्कनेहरूका कारण बाजुरामा कोरोनाका बिरामी भने धेरै देखिए । उनीहरूलाई अब कसरी सुरक्षित बस्ने बारेमा सिकाउनु हाम्रो दायित्व हो ।'

सोही अनुसार चेतनामूलक कार्यक्रम बनाएर प्रसारण गरेको थापा बताउनुहुन्छ । समाचारमा डाक्टरका आवाज बजाउने, निको भएकाहरूका आवाज बजाउने गरिएको थियो । जसले गर्दा अरु नागरिकमा आत्मविश्वास बढोस् भन्ने रेडियोको उदेश्य थियो । अनि क्वारेन्टाइनमा कसरी बस्ने भनेर पनि समाचार र कार्यक्रम बनाइएको थापाले बताउनुभयो । यस्तो अवस्थामा सानो वा थोरै लगानीमा चलेका रेडियोहरूले आर्थिक सङ्कटको सामना पनि गर्नुपर्‍यो । रेडियो कर्णाली आवाज, हुम्लाका स्टेशन म्यानेजर नवराज महतरा



सामुदायिक रेडियोहरूलाई बँचाउन स्थानीय सरकारको भुमिका महत्वपूर्ण थियो। केहीले त्यो भुमिका निर्वाह गरे, जसका कारण सामुदायिक रेडियो मुस्किल अवस्थामा पनि प्रसारण रोक्नु परेन।

रेडियो मुक्ती, वुटवलमा कार्यरत अस्मिना पाण्डे भन्नुहुन्छ, 'लगभग फागुनदेखि नै बजार शून्य जस्तै थियो। विश्व बजारमा कोरोनाको कहर सुरु हुँदा नै त्यसको असर नेपालमा परिसकेको थियो। यो एक वर्षको अन्तरालमा विज्ञापनहरू त बजे, तर त्यसको भुक्तानी पाउन निकै समस्या झेल्नुपऱ्यो।

**कोभिड र आर्थिक संकट**

सामुदायिक रेडियोहरूको छाता संगठन, सामुदायिक रेडियो प्रशारक संघ (अकोराब) नेपालले २ सय २४ वटा सामुदायिक रेडियोमा गरेको एउटा सर्वेक्षणले पनि निकै ठूलो आर्थिक संकट परिरहेको देखाउँछ।

कोभिड-१९ अघि औसतमा मासिक कारोबार १ लाख ५० हजारसम्म गर्दै आएका रेडियोले कोभिड-१९ पछि औसतमा ४० हजार मात्रै कारोबार गर्न सकेका छन्। सर्वेक्षण अनुसार २ सय २४ वटा रेडियोमध्ये झण्डै २० प्रतिशतले कोभिड-१९ पछि कर्मचारी कटौती गर्नु परेको छ।

चाखलाग्दो र सकरात्मक कुरा के छ भने आर्थिक सङ्कट झेलिरहे पनि ९८ प्रतिशत रेडियोले कोरोनाबारेको चेतनामूलक कार्यक्रम उत्पादन र प्रसारण गरेका छन्। धेरै रेडियोले स्थानीय सरकारसँगको साझेदारीमा कार्यक्रम चलाएका छन् भने गैरसरकारी संस्थासँगको सहकार्यमा कार्यक्रम चलाउनेको सङ्ख्या पनि उत्तिकै छ। ●

*वरिष्ठ संवाददाता, सीआईएन*

# विपद्मा रेडियोको योगदान

**रेडियो शिद्धबाबाले नेपाली र अंग्रेजी दुवै भाषाबाट सञ्चालन गरेको कक्षाले लकडाउनका बेला विद्यार्थीलाई शैक्षिक गतिविधिसँग जोड्न मद्दत गरेको थियो ।**



**सरला सुनुवार**

लकडाउनको समय । सुनसान सडकमा आफैंलाई हराएझैं लाग्थ्यो । घरको झ्याल र छतहरूमा मान्छे देखिन्थे । बेलाबेला नेपाल प्रहरीले कसैलाई पनि घर बाहिर ननिस्किन चर्को आवाजमा माइकिङ गर्दै आएको सुनिन्थ्यो । विगतमा पनि हामीले यस्ता विपत्ति झेलेका थियौं तर कोरोना भाइरस महामारी हाम्रा लागि बिलकुलै नयाँ थियो । यस्ता विपत्तिको सामना गर्न हामीले पूर्वतयारी गरेका थिएनौं । रेडियोले पूर्वतयारी नगरेकै कारण रेडियो शिद्धबाबा सिन्धुलीमा काम गर्ने सहकर्मीहरू लकडाउनपछि तितरबितर भयौं ।

सुरुका दिनमा हिँड्डुल गर्ने समस्या थियो । रेडियोले समाचारबाहेक नियमित कार्यक्रम सबै स्थगित गऱ्यो । नेपाल सरकारको निर्देशनअनुसार जनचेतनामूलक सूचनाहरू प्रवाह गरिरहेका थियौं । त्यसपछि रेडियोले सीमित ३ जना कर्मचारीबाहेक सबैलाई घरै बस्न भनेको थियो । तर तत्कालै अवस्था सामान्य हुन सक्ने देखिएन । थपिँदै गएको लकडाउनको समय खुल्ने आसमा बसेका नागरिकमा झन झन त्रास बढ्दै गयो । रेडियोले कोरोना माहामारीको त्रास कम गर्न र नागरिकलाई सही सूचना पुऱ्याउन तत्कालै एकान्तबास कार्यक्रम सञ्चालन गर्न थाल्यो । आम नागरिकलाई सुचना प्रवाह गर्न नौ वटै स्थानीय तहसँग समन्वय गरी प्रत्येक दिन बिहान र बेलुकी तीस मिनेटको एकान्तबास रेडियो कार्यक्रम गरियो । जुन फोन संवादमार्फत हुन्थ्यो ।

बढ्दो लकडाउन र कोरोना महामारीको प्रभाव पहिलो चरणमा सबैभन्दा बढी सिन्धुलीमा ज्याला मजदुरी गर्ने वर्गलाई पऱ्यो । सुरुवातका दिनमा केही समयका लागि लकडाउन होला भन्ने सोचमा बसेका मजदुरहरू लकडाउन थपिँदै जाँदा बिहान बेलुका हातमुख जोर्ने समस्या परेका थिए । भोकभोकै हिंडेर खुला आकासलाई छानो बनाएर बीच बाटैमा अलपत्र परेका फोन रेडियोमा आउन थाल्यो, त्यस्ताको उद्धार र राहतका लागि रेडियोले सम्बन्धित पालिकालाई खबर पुऱ्याउन फोनकै माध्यम बाट संवाद गरी पुलको काम गऱ्यो ।

सिन्धुलीको कमलामाई नगरपालिका ६ ग्वाङखोला किनारमा बालुवा चालेर ज्याला मजदुरी गर्ने सीता नेपालीको रोजगारी लकडाउनकै कारण गुमेको थियो । भोकमरीले सताएको सीताको समस्यालाई नगरपालिकासम्म पुऱ्याउने काम रेडियाबाटै सम्भव भयो । त्यसपछि कमलामाई नगरपालिकाले पहिलो चरणको राहत वितरण ग्वाङखोलाको किनारमा बालुवा चाल्ने र गिट्टी कुट्नेहरूबाटै सुरु गऱ्यो ।




लकडाउनको कारण शैक्षिक क्षेत्र ठप्प हुँदा विद्यार्थी र अभिभावक निकै चिन्तित थिए । एसईई दिन ठिक्क परेका विद्यार्थीको एक दिनअघिमात्रै परीक्षा रोकियो । लकडाउन खुल्ने र परीक्षा दिने आसका विद्यार्थीलाई रेडियोले एसईई तयारीका लागि कक्षा सञ्चालन गरेको थियो । बढ्दो महामारीले अवस्था समान्य नभएपछि एसईई परीक्षा स्थगित भयो ।

त्यसैगरी दोस्रो चरणमा अन्य विद्यार्थीका लागि शैक्षिक गतिविधिसँग जोड्न रेडियोले ४ महिना कमलामाई नगरपालिका सिन्धुलीको सहयोगमा सिन्धुलीका नौवटै स्थानीय तहसँग समन्वय गरी सामुदायिक रेडियो पाठशाला र प्याब्सन पाठशाला कार्यक्रम, वैकल्पिक प्रणालीको माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्ने उद्देश्यले सञ्चालन गरेको थियो । सामुदायिक र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीलाई लक्षित गरेर नेपाली र अंग्रेजी दुवै भाषाको माध्यमबाट सञ्चालन गरेको कक्षाले लकडाउनको समयमा विद्यार्थीलाई शैक्षिक गतिविधिसँग जोड्न मद्दत गरेको थियो । घ्याङलेख गाउँपालिका २ का विद्यार्थी मनीष खड्काले वैकल्पिक माध्यमबाट गरिएको पठनपाठनले

**नगरपालिकाले गरेको खर्च विवरण रेडियोलाई नदिँदा सञ्चारकर्मीले त्यस विषयको फेसबुक स्टाटस लेखेपछि नगर तत्कालै खर्च विवरण सूचनामार्फत सार्वजनिक गर्न बाध्य भयो ।**

आफूलाई सहयोग पुगेकोमा खुसी व्यक्त गर्नु भएको थियो । मनीष रेडियो कार्यक्रमको नियमित श्रोता हुनुहन्थ्यो र कार्यक्रम उपयोगी लागेको उहाँको प्रतिक्रिया थियो । रेडियो शिद्धबाबाले उत्पादन गरेको कार्यक्रम सिन्धुलीको नौवटै स्थानीय तहसम्म पुऱ्याउने उद्देश्यले आसपास अन्य जिल्लाका १४ एफएम स्टेशनबाट पनि प्रसारण गरियो ।

रेडियोमा कार्यक्रम थप हुँदै गएपछि थोरै जनशक्तिबाट काम सम्भव नभएपछि घरमा बसेका साथीहरूलाई साउनदेखि काममा फर्काइयो । त्यसपछि हामी कर्मचारीको भेट परिवारसँग कम रेडियोका साथीहरूसँग बढी हुन थाल्यो । रेडियोमा काम गर्ने हामी मित्रता र काममा सहज वातावरण पहिलाजस्तै चाहथ्यौं । तर हाम्रा लागि झन मुस्किल बन्दै गयो ।

## हामीले सिकेका पाठहरू

- **सामाजिक सन्जालको प्रयोग**
- **अनलाइन जुम मिटिङ**
- **फोन हाइब्रिडको प्रयोग**
- **फोनमार्फत अन्तर्वार्ता**

२०७७ साउन २५ गते सिन्धुलीमा एकै दिन ६ जनालाई कोरोना पोजेटिभ देखियो । समुदायस्तरबाटै कोरोना फैलिएको हल्ला भयो । कमलामाई नगरपालिका सिन्धुलीले सोही दिन एक हप्ता लकडाउन गर्ने निर्णय गऱ्यो । संयोगबस त्यही दिन रेडियो शिद्धबाबामा काम गर्ने कर्मचारी संजीव मगरको भेट कोरोना पोजेटिभ साथीसँग भएको खबर आयो । त्यसपछि रेडियोले होम क्वारेन्टिनमा बस्न निर्देशन दियो । त्रासमा बसेर काम गर्न नसक्ने अवस्था भएपछि सबै साथीले होम क्वारेन्टिनमा बसेर काम गर्न थाल्यौं । साथी संजीवको रिपोर्ट नेगेटिभ आएपछि पुनः रेडियोमा फर्किर काम थाल्यौं । त्यतिबेलाको समय रेडियोमा काम गर्न सहज थिएन । असहज परिस्तिथिमा पनि हामीले समाचार, जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न कञ्जुस्याइँ गरेनौं । नागरिकका भोकमरीको समाचार लेख्ने हामी आफैं भोकै थियौं । बिहान बेलुकी घरदेखि बाहेक अन्त कतै खाजा खाने उचित वातावरण थिएन । त्यो अप्ठ्यारो परिस्थितिमा कतै बसेर खाजा खान सक्ने अवस्था थिएन तर रेडियोमा बोल्न र लेख्न भने छाडेका थिएनौं ।

महामारीको समयमा बालविवाह, महिला तथा बालबालिकामाथि हुने हिंसाकबिरुद्ध, स्थानीय सरकार तथा गैरसरकारी संस्थाहरूसँग मिलेर रेडियोले हाम्रो प्रयास रेडियो कार्यक्रम सञ्चालन गरेको थियो । विशेष गरेर महिला तथा बालबालिकको सवाल रेडियोको पहिलो प्राथमिकता बनेको थियो । त्यसैगरी लकडाउनको समयमा पालिकाहरूमा हुने अनियमिततालाई पारदर्शी बनाउने काममा रेडियोले अग्रपङ्क्तिमा रहेर काम गरेको थियो ।

२०७७ भदौ ११ गते कोरोना भाइरस महामारी नियन्त्रण गर्न कमलामाई नगरपालिकाले खर्च गरेको विवरणसहितको सूचना माग्दा नदिएको विषयलाई लिएर सामाजिक सञ्जालमा सहकर्मी राधिका बुढाथोकीले लेखेको फेसबुक स्टाटसले नगरलाई तत्कालै सूचना सार्वजनिक गर्न बाध्य बनायो । सूचना नपाएको विषय सामाजिक सञ्जालमा लेखेकै भोलिपल्ट भदौ १२ गते नगरले कोरोना भाइरस महामारी नियन्त्रणमा कमलामाई नगरपालिकाले गरेको खर्च विवरणसहितको सूचना सार्वजनिक गरेको थियो । रेडियोले सामाजिक सन्जाल, अनलाईन, जुम मिटिङ, हाइब्रिड फोनजस्ता नयाँ प्रविधिहरूको प्रयोगमा चासो नराख्दा काम सम्पादन गर्न कठिनाई भएको थियो । त्यस्ता प्रविधिको प्रयोगमा आफ्नो पहुँच बढाउन रेडियोले निकै मेहनत गर्नु पऱ्यो । भोलि आउन सक्ने विपत्तिको पूर्वतयारीका लागि रेडियोले पाठ सिकेको छ । ●

*रेडियो शिद्धबाबा सिन्धुली*



# संकट र विपदमा सामुदायिक रेडियोको भूमिका

**कोभिड–१९ का कारण विश्व समुदाय नै आक्रान्त बनिरहेको बेला नेपालका सामुदायिक रेडियोहरूले त्यो संकट र विपतमा श्रोतामा सन्देश प्रवाह गरेर दुःखका साथी बने ।**



**सुवास लामिछाने**

जहाँ पनि सहज रुपमा लैजान मिल्ने र सुनेरमात्र पुग्ने साधन भएकाले सूचना प्राप्तिका लागि आमसञ्चारको सबैभन्दा उपयुक्त माध्यम रेडियो हो । त्यसैले संकट र विपद्मा पनि रेडियोकर्मीले जोखिम मोलेरै भए पनि सूचना तथा सन्देशहरू प्रसारण गरे । लकडाउनको करिब ३ महिनालाई अध्ययन गर्ने हो भने रेडियोका श्रोताको संख्या बढेको छ ।

सरकारले यस्तो अवस्थामा सञ्चारमाध्यम र सञ्चारकर्मीका लागि समेत गम्भीर भएर सोच्नु पर्ने हो तर त्यो पर्याप्त पाउन सकिएन । पत्रकार महासंघले पनि सोचेअनुरुप भूमिका निभाउन नसकेको अनुभूत हुन्छ । विश्वको रेडियो प्रसारणको इतिहास हेर्ने हो भने विद्युतीय चुम्बकीय तरङ्गको सिद्धान्तको प्रतिपादन सन् १८६० मा भए पनि रेडियोको प्रसारण भने सन् १९१९ देखि भएको हो । अमेरिकाको पिटसवर्ग शहरमा वेष्टिङ हाउस कम्पनीले विश्वमै पहिलोपटक व्यावसायिक

रेडियो प्रसारण थालेको थियो । त्यसको लगत्तै सन १९२० को दशकमा बेलायतबाट रेडियो प्रसारणले गति लियो । सन् १९२२ मा ब्रिटिस ब्रोडकाष्टिङ कम्पनीको स्थापना भएको रेडियो सन् १९२७ मा आएर ब्रिष्टिस ब्रोडकाष्टिङ् कर्पोरेशनमा परिणत भयो । जुन रेडियो आज संसारभर बीबीसीको नामले परिचित छ ।

सबैभन्दा पहिले स्थापना भएको बीबीसी रेडियोले आज संसारभरका मानिसहरूलाई धेरै भाषामा समाचार प्रसारण गरिरहेको छ । यसरी सुरु भएको रेडियो प्रसारणको प्रविधिले बिस्तारै विश्वव्यापीकरणको रुप लिन पुग्यो । नेपालमा रेडियो विकासको इतिहास फर्केर हेर्दा ताररहित सञ्चार प्रविधिलाई आत्मसाथ गर्दै राज्यव्यवस्था परिवर्तनको सर्न्दभमा द्रुतमार्गबाट सूचना सम्प्रेषण गर्न रेडियो सञ्चलनमा आएको पाइन्छ । २००७ साल मंसिर २८ गते बिहान ८:३० बजे रेडियो प्रसार सुनिन थाल्यो, यो नेपाल प्रजातन्त्र रेडियो हो । अहिले हामी विराटनगर मुक्तिमोर्चाबाट बोलिरहेका छौं । राणाशासनविरुद्ध विराटनगरको जुटमिलको एउटा बन्द कोठाबाट त्यतिबेला आकाशवाणी सेट राखेर ४१ मिटर ब्याण्ड सर्टवेभमा प्रसारण प्रारम्भ गरिएको थियो । यसरी संघर्षका लागि सञ्चालनमा आएको रेडियोले तत्कालीन समयमा संघर्षका समाचार प्रसारित गर्न उपयोगी माध्यम मानिएको थियो ।

यसरी २००७ सालमा प्रजातन्त्र प्राप्त भएपछि चैत्र २० गतेदेखि औपचारिक रुपमा नेपालमा रेडियो बज्न थालेको हो । सशस्त्र द्वन्द्वको समयमा पनि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादीले आफ्नो एजेण्डा तथा गतिविधिहरू जंगल जंगलबाट डोको रेडियो गैरकानुनी ढङ्गले भएता पनि प्रसारण गरेको थियो । वि.स. २०५४ जेठ ९ मा आएर रेडियो सगरमाथाले इजाजत प्राप्त गरेपश्चातमात्र नेपाली सञ्चार जगतमा निजी क्षेत्रबाट एफएम प्रणालीको इतिहास सुरु भएको हो । नेपालमा मात्र नभएर दक्षिण एसियाकै पहिलो सामुदायिक एफएम रेडियोको रुपमा सरगमाथाले आफ्नो प्रसारण सुरु गऱ्यो । हाल नेपालमा करिब चार सयभन्दा बढी सामुदायिक रेडियोहरूले समुदायस्तरबाट सेवा प्रवाह गरिरहेका छन् ।

पछिल्लो तथ्याङ्कअनुसार नेपालका ८५ प्रतिशत नागरिकसम्म एफएम रेडियोको पहुँच पुगेको छ भने ६५ भन्दा धेरै भाषामा समाचार एवं कार्यक्रम प्रसारण गरेर भाषा संस्कृतिको प्रबर्द्धनमा समेत सामुदायिक रेडियोले अमूल्य योगदान पुऱ्याउँदै नागरिकको सूचनाको साथी बनेको छ ।

**संकट र विपतमा भूमिकाः**

समुदायमा सामुदायिक रेडियोको विश्वासमात्रै होइन, समुदायको अपनत्वसमेत रहेको छ । सुखमा सूचना र मनोरञ्जन दिनेमात्र होइन आपत्, विपद् र संकटको बेला सही सूचना प्रवाह गरेर नेपालको सामुदायिक रेडियोहरूले कयौँ नागरिकको ज्यान तथा स्वास्थ्य जोगाएको ताजा इतिहास हामीमाझ छ । चाहे त्यो विस २०७१ सालको बाढीपहिरोको प्रकोपको बेला पूर्वसूचना प्रणली प्रसारण र उद्धारका लागि पहलकदमीमा खेलेको भूमिका होस् चाहे त्यो २०७२ सालको बिनासकारी भूकम्पका बेला सूचना सन्देश प्रवाह गरेर किन नहोस् । नेपाली समुदायको अगाडि हाम्रा सामुदायिक रेडियोहरू विश्वासिलो सहयोगी साथी बनेका छन् ।

कोरोना भाइरस (कोभिड-१९) का कारण विश्व समुदाय नै आक्रान्त बनी महामारीको चपेटामा परिरहेको अवस्थामा नेपालमा पनि यसको संक्रमण देखियो । कोरोना कहरले देशलाई नै नराम्रो प्रभावित पारेको समयमा सामुदायिक रेडियोले संकट र विपतमा राम्रो भूमिका खेलेको छ । धेरैजसो रेडियो स्टेशनहरू विज्ञापनको समस्या भए पनि रेडियोहरू निरन्तर सञ्चालन हुँदै अगाडि वढेको पाइयो । व्यापारिक प्रयोजनमा खुलेका रेडियो स्टेशनहरू बन्द हुँदै गर्दा सामुदायिक रेडियोहरू भने निरन्तर सञ्चालनमा रहे । केही सामुदायिक रेडियोहरूको विभिन्न समस्याले बन्द भएका थिए । नेपाल सरकारले कोरोना भाइरसको समयमा समेत समुदायमै पुगेर सँगै विभिन्न गतिविधि सञ्चालन गरेका रेडियोहरूलाई सहयोग गर्नुपर्ने देखिएको

छ । सामुदायिक रेडियोको छाता संगठनले नेतृत्व गर्दै देशभरका सामुदायिक रेडियोहरूको वास्तविक लगत संकलन गर्नुपर्ने देखिएको छ । सामुदायिक रेडियो देवघाट १०२.६ मेगार्हजले पूर्व कोरोना चरण, कोरोना चरण र कोरोनापछिको चरणमा स्वास्थ्यको कसरी ख्याल राख्ने भन्नेमा उपलब्ध स्वास्थ्यकर्मी तथा बिशेषज्ञहरूसँग अन्तर्वार्ता लिएको थियौ ।

सरकारका विभिन्न अंग र निकायहरूले तयार पारेको सचेतनामूलक सामग्री पीएसएका रुपमा सशुल्क र निःशुल्क रुपमा प्रसारण समेत गरिएको थियो । कोरोना कहरको समयमा समाचार बुलेटिनको संख्या बढाएको साथै अन्य विषयवस्तुलाई कम प्राथमिकतामा पारेर कोरोना भाइरससँग सम्बन्धित रेडियो सामग्रीलाई प्रमुखता दिएर प्रसारण गरिएको थियो । संघ, प्रदेश र स्थानीय सरकारअन्तर्गतका स्वास्थ संस्था र सुरक्षा संयन्त्र आदिले कोरोना नियन्त्रणका लागि गरिरहेको प्रयासहरूबारे रेडियो सामग्रीहरू प्रसारण गरिएको, स्थानीय प्रशासनले लकडाउनको बेलामा दिने सूचना तथा माइकिङ गर्दाका बखत आवश्यक पर्ने अडियो सन्देशहरू निःशुल्क रुपमा रेकर्ड गरेर उपलब्धसमेत गराइएको थियो । महामारीको समयमा सञ्चारकर्मीले सूचना संकलन र अन्तर्वार्ताहरू सकेसम्म टेलिफोन, इमेल इन्टरनेटबाट लिएका थियौं । साथै सामुदायिक सूचना नेटवर्क (सीआईएन) ले शिक्षामा परेको प्रभावलाई सहज बनाउन सामुदायिक रेडियोलाई उपलब्ध गराएको कार्यक्रम हरेक दिन साँझ ५ देखि ६ बजेसम्म प्रसारण गरिएको थियो । जनचेतनामूलक कार्यक्रम सन्देशहरूसमेत निरन्तर प्रसारण गरिएको थियो ।

कोभिड-१९ लाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने सचेत रहँदै समुदायमा रहेका श्रोता, व्यक्तिहरूलाई जनचेतना फैलाउँदै सहज तवरले सबैले बुझ्ने गरेर प्रसारण गरिएको हो । गण्डकी प्रदेशमा रहेका सामुदायिक र व्यापारिक रेडियोहरूको सहकार्यमा विहान १०, दिउँसो २, साँझ ४ र राति १० बजे समाचार बुलेटिन प्रसारण गरिएको छ । सँगै नियमित रुपमा कोरोना कहरको अन्तर्वार्तामूलक कार्यक्रम साँझ प्रसारण गरिएको थियो । रेडियो देवघाटबाट समेत समयसमयमा कोरोना कहर कार्यक्रम प्रसारण गरिएको र त्यसको प्रभाव राम्रै परेको थियो ।

**कोरोना कहरले देशलाई नै नराम्रो प्रभावित पारेको समयमा सामुदायिक रेडियोले संकट र विपतमा राम्रो भूमिका खेलेको छ । धेरैजसो रेडियो स्टेशनहरू विज्ञापनको समस्या भए पनि रेडियोहरू निरन्तर सञ्चालन हुँदै अगाडि वढेको पाइयो ।**

सामुदायिक रेडियोले यही पुस २७ गते रेडियो देवघाटका स्थापनाकालदेखि हालसम्म अध्यक्ष रहनुभएका सामाजिक वौद्धिक, राजनीतिक व्यक्तित्व भक्तिप्रसाद तिमिल्सेनालाई कोभिड-१९ वाट गुमाउनुपऱ्यो । यसवाट रेडियोमा परेको अपूरणीय क्षतिवाट हामी सिंगो रेडियो परिवार मर्माहित भएका छौं । स्वर्गीय तिमिल्सेनाले देखाउनुभएको बाटो र उहाँका अधुरा सपना सञ्चार क्षेत्रको माध्यमबाट रेडियो देवघाटले पूरा गर्नेछ । स्व. तिमिल्सेनाको वार्षिक तिथिमा रेडियोका स्टेशन म्यानेजर मैले आफ्नो १ महिना बराबरको पारिश्रमिक गलेश्वर आश्रम र देवघाटमा रहेको वृद्धाश्रममा सहयोग गर्ने प्रतिबद्धता गरेको छु । आगामी दिनमा रेडियोको सहजता र निरन्तरतासाथ अघि बढ्दै जाने र विभिन्न समस्याहरूलाई न्यूनीकरणसँगै चुनौतीलाई सामाना गदै अघि बढ्ने प्रतिबद्धता जाहेर गरिएको छ । ●

*स्टेशन म्यानेजर, सामुदायिक रेडियो देवघाट तनहुँ*

# लकडाउनको समय र रेडियो सञ्चालनको चुनौती



मधुसूदन वैद्य

**विपद्को बेला रेडियोको पहल र उद्योग वाणिज्य संघहरूसँगको सहकार्यमा किसानका उत्पादन तरकारी, फलफूल, दूध, अण्डा, कुखुरा, माछालगायत होम डेलिभेरीको माध्यमबाट उपभोक्ताको घरघर पुऱ्याउन सकियो ।**

समस्त प्राणी र मानव जीवनको इतिहास अध्ययनको क्रममा महान् अध्येयता तथा वैज्ञानिक चार्ल्स डार्बिनले जो प्रकृतिसँग जुधेर सफलता हासिल गर्न सक्छ त्यो बाँच्छ, जो प्रकृतिसँग सरभाइभ गर्न सक्दैन त्यो हराएर जान्छ अथवा त्यसको अस्तित्व नष्ट हुन्छ भन्ने सिद्धान्त प्रतिपादन गरेका थिए । त्यो विचार सिद्धान्त अहिले कोभिड-१९ को लडाइँमा अझ सान्दर्भिक र ओजिलो बनेको छ । आर्थिक, सामाजिक, प्राविधिक रुपमा सम्पन्न विश्वकै शक्तिशाली राष्ट्र अमेरिका, बेलायत, फ्रान्स, स्पेनजस्ता देशले कोभिड-१९ को लडाइँमा हार बेहोरिरहेका छन् । त्यहाँ दैनिक लाखौंको संख्यामा मानिसको मृत्यु भइरहेको छ । चीन, उत्तरकोरिया, जापानजस्ता मुलुकले देखाएको सजगता र अग्रसरताले विश्वमा कोभिड- १९ को रोकथामको सन्दर्भमा नयाँ सन्देश दिएको पनि छ ।

"आवाजहीनको आवाज पश्चिम नेपालको आवाज" भन्ने नारा आत्मसाथ गर्दै सहकारीको माध्यमबाट यस क्षेत्रमा छरिएर रहेका वैद्धिक व्यक्तित्व, सञ्चारकर्मी, समाजसेवी उद्योगी व्यापारीको सहकार्यबाट रेडियो मध्यपश्चिम स्थापना भएको हो । कोभिड-१९ को प्रभाव र यसलाई न्यूनीकरण तथा जनमानसमा नकारात्मक प्रभाव पर्न नदिन यस रेडियोबाट खेलिएको भूमिकाबारे संक्षिप्त चर्चा गर्न अनुमति चाहन्छु ।

नेपाल सरकारले २०७६ चैत ११ देखि अनिश्चितकालीन लकडाउन गरेपछि रेडियो सञ्चालक समिति, रेडियो व्यवस्थापन समूह, कार्यरत पत्रकार, प्रविधिकको अलग अलग बैठकले विसमपरिस्थितिमा रेडियोलाई कुनै पनि हालतमा बन्द गर्न हुँदैन भन्ने साझा निष्कर्ष निकाली २०७६ चैत १० बाट पत्रकार र प्रविधिक टोलीलाई रेडियोमा आवासीय रुपमा राखेर रेडियो सञ्चालन गर्ने निर्णय गरियो । जिल्लाका सबै पत्रपत्रिका बन्द भएको र अधिकांश रेडियोहरू आंशिक सञ्चालन भएको सन्दर्भमा रेडियो मध्यपश्चिमले अनवरत रुपमा आवाजहीनको आवाजलाई बुलन्द पार्दै दैनिक १८ घण्टा रेडियो सञ्चालन गरियो । २०७६ चैत १० देखि २०७७ वैशाख १६ गतेसम्म ३७ दिन आवासीय रुपमा रेडियो सञ्चालन गरियो । सो अवधिमा रेडियोले अन्य नियमित कार्यक्रमलाई कम गरी रेडियोको सम्पूर्ण ध्यान कोरोनाविरुद्ध सचेतना फैलाउने, जनमानसमा उत्पन्न भय र त्रास कम गराउन अत्यन्त प्रभावकारी भूमिका खेलियो । घोराही उपमहानगरपालिकाको सहकार्यमा दैनिक १ घण्टा जनप्रतिनिधि र जनताको बीचमा प्रत्यक्ष संवाद गराउन लाइभ कार्यक्रम सञ्चालन गरियो । दैनिकजसो जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, डाक्टर, मनोविर्मशकर्ता, योग तथा प्राकृतिक चिकित्सा क्षेत्रका विज्ञसँगको बहसले जनजीवनलाई सहजीकरण गर्न अत्यन्त सकारात्मक सन्देश प्रवाह भयो ।

त्यसैगरी रेडियोको माध्यमबाट किसानले उत्पादन गरेका तरकारी खेतबारीमा खेर जान नदिन उद्योग वाणिज्य संघहरूसँगको सहकार्यमा किसान र व्यापारीको बीचमा प्रत्यक्ष संवाद गराई किसानले उत्पादन गरेको तरकारी, फलफूल, दूध, अण्डा, कुखुरा, माछाजस्ता वस्तुलाई होम डेलिभेरीको माध्यमबाट उपभोक्ताको घरघर पुऱ्याउने सम्भवतः नेपालमै नमूना काम दाङ जिल्लामा भयो। लकडाउनको अवधिमा तरकारी खाद्यान्न,औषधि, अण्डा, मासुजन्य पदार्थको होम डेलिभेरीलाई प्रभावकारी बनाउन रेडियोको भूमिका अत्यन्त महत्वपूर्ण र प्रभावकारी रह्यो ।

कोरोनाको त्रासका कारण विशेषगरी गर्भवती महिला, वृद्धवृद्धा र बालबालिकालाई पर्ने प्रत्यक्ष प्रभावलाई न्यूनीकरण गर्न रेडियोले आफ्नो छलफल र बहसलाई केन्द्रित गऱ्यो। डाक्टर र गर्भवती महिलाबीच प्रत्यक्ष संवाद गराई गर्भवती महिला, बच्चाको ज्यान बचाउन र उचित सल्लाह दिन महत्वपूर्ण भूमिका बहन गरियो । विभिन्न निकायबाट आएको राहत सामग्रीलाई विपन्न र रोजगार गुमाएका व्यक्तिहरूको घरको चुलो निभ्न नदिन जनप्रतिनिधिलाई घच्घचाउने काम रेडियोले गरेको थियो । लामो समयसम्म शैक्षिक संस्था बन्द भएपछि विद्यालय गएर पढ्नबाट वञ्चित बालबालिकालाई केन्द्रित गरेर रेडियोले विभिन्न सचेतनामूलक शैक्षिक कार्यक्रमहरू सञ्चालन गऱ्यो । कोभिड-१९ का कारण सरकारद्वारा लगाइएको लकडाउनले सामुदायिक रेडियो सञ्चालनमा नयाँ चुनौतीहरू थपिएका छन् ।

पहिलो चुनौती भनेको उद्योगधन्दा, व्यापार, व्यवसाय, शैक्षिक संस्था, बैंक, सरकारी कार्यालय, पत्रपत्रिका सबै बन्द भई देश नै ठप्प भएको अवस्थामा रेडियो सञ्चालन गर्न थप चुनौती र जटिल अवस्था थियो । रेडियो सञ्चालन गर्दा विज्ञापनका सबै मुहान बन्द भएका थिए । बाहिर कतै कुनै औपचारिक कार्यक्रम छैन । २/४ जना व्यक्ति पनि घर बाहिर निस्कने अवस्था छैन । रेडियोका कार्यक्रम सञ्चालक र प्राविधिकहरू पनि सहज रुपमा रेडियोमा प्रवेश गर्न सक्ने अवस्था छैन । प्रशासनबाट अनुमति लिएरमात्र बाहिर निस्कन मिल्ने अवस्था थियो। देशलाई संकट परेको अवस्थामा रेडियोका श्रोताका दैनिक क्रियाकलाप ठप्प भएको अवस्था कुनै पनि हालतमा रेडियो बन्द गर्न हुँदैन, श्रोतामाझ अझ सशक्त र प्रभावकारी रुपमा सही सूचना प्रवाह गर्नु पर्दछ भन्ने दृढ इच्छाशक्तिका कारण रेडियो नियमित रुपमा सञ्चालन गरियो । सबै चुनौतीलाई पन्छाउँदै रेडियोलाई अझ सशक्त र प्रभावकारी रुपमा सञ्चालन गरियो र सामुदायिक रेडियो समुदायको सच्चा साथी हो भन्ने कुरा प्रमाणित गरियो ।

लकडाउनको अवधिमा रेडियो सञ्चालनमा थपिएको अर्को महत्वपूर्ण चुनौती आर्थिक। विज्ञापन तथा प्रायोजित कार्यक्रम ठप्प थिए । महिनौंसम्म बिल बनाउने र नगदी रसिद काट्ने काम सबै बन्द भए । अर्कोतर्फ रेडियोलाई अनवरत रुपमा थप आर्थिक लगानी गरी चलाउन पर्ने अवस्था उत्पन्न भयो । बिग हाउस भन्ने ठूला मिडियाले रेडियोमा दशौं वर्ष काम गरेका पत्रकार तथा कर्मचारीलाई बेतलवी बिदामा राख्ने, आधाभन्दा कम कर्मचारीबाट सञ्चालन गर्ने र काममा आएका कर्मचारीहरूलाई तलबसमेत नदिई सडक आन्दोलनमा आउनुपर्ने स्थिति मुलुकमा उत्पन्न भयो । तर रेडियो मध्यपश्चिमले यो विसम अवस्थमा पनि पत्रकार तथा कर्मचारी कटौती गरेन । बरु आवासीय रुपमा रेडियोका कर्मचारीलाई त्यही भोजन र सुत्ने व्यवस्था मिलाई विशेष भत्ता तथा आवासीय रुपमा नबसेका कर्मचारीलाई पूरै अवधिको तलब समयमै उपलव्ध गराउन सफल भएको थियो ।

कोभिड-१९ ले रेडियो मध्यपश्चिमलाई समस्यामात्र दिएको छैन, जनताको वास्तविक दुःख सुखको साथीको रुपमा स्थापित हुने अवसर दिएको छ। रेडियोलाई प्राविधिक रुपमा, कार्यक्रमिक रुपमा अझ उन्नत र परिस्कृत गर्ने अवसर पनि दिएको छ। अप्ठेरो र विसम परिस्थितिमा जुधेर अगाडि बढ्ने प्रेरणा पनि दिएको छ । ●

*अध्यक्ष, रेडियो मध्यपश्चिम ९१.४ मेगाहर्ज दाङ*

# रेडियो स्टेसन नै आइसोलेसन बन्दा...



शिवनाथ यादव

कोरोना सङ्क्रमण (कोभिड-१९) र नियमत काम एकअर्काका विपरीत हुन् । व्यक्तिगत स्वास्थ्य र सुरक्षा मापदण्डका हिसाबले पनि कोरोना सङ्क्रमित भएपछि आइसोलेसन (एकान्तबास) बस्नै पर्छ । विश्वका ११ करोड र नेपालमा २ लाख ७३ हजारभन्दा बढी (फागुन ६ सम्मको तथ्याङ्क) सङ्क्रमित भएपछि केहीसमय कामबाट टाढा रहेर एकान्तबासमा पुगे ।

तर, सामुदायिक रेडियो नारायणी एफएम, वीरगन्जमा कार्यक्रत रेडियोकर्मीले सङ्क्रमणलाई चुनौती दिँदै कामलाई निरन्तरता दिए । आफू कोरोना सङ्क्रमित भएर पनि अरुलाई सङ्क्रमणबाट जोगाइराख्न सूचनामा निरन्तर जोडिए ।

वीरगन्ज कोरोनाको हटस्पट बनेकै बेला भदौ ४ गते वीरगन्जको नारायणी एफएममा कार्यरत ६ जनामा एकै पटक कोरोना सङ्क्रमण देखियो । सङ्क्रमण देखिए पनि उनीहरूले एफएम स्टेसनलाई नै आइसोलेसन बनाएर रेडियो प्रसारणलाई निरन्तरता दिए । ७ जनामा सङ्क्रमण देखिएकोमा २ जना घरमा थिए । भदौ ६ गते संक्रमण पुष्टि भएपछि संक्रमित रेडियोकर्मीलाई स्थानीय प्रशासनले फोन गरेर कोभिड अस्पतालमा लैजाने तयारी गरेको थियो । रेडियोका कार्यकारी निर्देशक गोविन्द देवकोटाले पनि रेडियो बन्द गरेर स्थानीय प्रशासनले तोकेको आइसोलेसनमा जान सहकर्मीलाई आग्रह गर्नुभएको थियो । तर, उनीहरूले अहिलेको महामारीमा नागरिकलाई पलपलमा सूचनाको खाँचो रहेकाले रेडियोमै आइसोलेसन बनाएर बस्ने र रेडियो प्रसारणलाई निरन्तरता दिने बताएपछि प्रशासनले अनुमति दियो । रेडियो कार्यालय नै आइसोलेसन बन्यो रेडियो सञ्चारले निरन्तरता पायो ।

मानव जातिका लागि चुनौतीको रुपमा खडा भएको कोभिड-१९ को संक्रमणले विश्वलाई नै संकटमा पारेको अवस्थामा सिंगो विश्वलाई सङ्क्रमित भएकाहरूले काम गर्न सक्छन् भन्ने नयाँ सन्देश पनि नारायणी एफएमले दियो । सङ्क्रमित रेडियोकर्मीको साहसलाई सम्मान गर्दै व्यवस्थापनले रेडियो स्टेसनमा बस्ने, खाने, औषधि र इम्युनिटी पावर बढाउने आयुर्वेदिक औषधिको व्यवस्थापन मिलाएको थियो ।

'सङ्क्रमित रेडियोकर्मीले आफू संक्रमित भएको अवस्थामा पनि उच्च आत्मबल पारेर रेडियोको प्रसारणलाई निरन्तरता दिनु गौरवको विषय हो' कार्यकारी निर्देशक देवकोटाले भन्नुभयो, 'नेपालको सञ्चार क्षेत्रका लागि मात्रै होइन, विश्वका लागि नै सङ्क्रमित भएर पनि काम गर्न सकिन्छ भन्ने ठूलो सन्देश दिन सकिएको थियो ।' बिहान ५ बजेदेखि राति १० बजे रेडियोका समाचर बुलेटिन, कार्यक्रमहरू नियमित रुपमै प्रसारण गरिएका थिए । सङ्क्रमित भएका बेला पनि बिहान ५ देखि राति १० बजेसम्म निरन्तर समाचारमा रहँदा पाइएको हौसलाले झन् उत्साहित बनाएको शिवनाथ यादवको भनाइ



छ। 'यस्तो बेला समुदायलाई झन् बढी सूचना दिनुपर्ने भएकाले यो निर्णय मेरै अगुवाइमा भएको हो; यादवले भन्नुभयो, 'यसअघि नेपाली समाचार कहिल्यै नपढेको मलाई त नेपाली समाचार वाचन गर्ने अवसर पनि जुऱ्यो। त्यो घटनालाई रेडियो यात्राको मेरो टर्निङ प्वाइन्ट मान्छु। '

नारायणी एफएम, वीरगन्जले सामुदायिक रेडियोको मर्म र भावनालाई आत्मसाथ गरेर सूचनामा जोडिनुलाई रेडियो अभियान्ताहरूले पनि प्रशंसा गरे। 'नेपालमा पहिलोपटक सङ्क्रमितले रेडियोमा रहेर नागरिकलाई सूचना दिने काम गर्नुभयो, सामुदायिक रेडियोको मूल मर्म नै यही हो, आफू जोखिममा रहेको अवस्थामा पनि संकटपूर्ण स्थितिमा रहेको समुदायलाई सूचना दिनु निकै प्रशंसनीय काम हो' सामुदायिक रेडियोका अभियन्ता सामुदायिक रेडियो एसिया प्यासिफिकका कार्यकारी निर्देशक सुमन बस्नेतले भन्नुभयो।

**आर्थिक प्रोत्साहन**

संकटको समयमा जोखिम मोलेर समुदायलाई सूचना दिने रेडियोकर्मीलाई व्यवस्थापनले आर्थिक प्रोत्साहन दिएको छ। देशभरिका रेडियोसहित सबैजसो सञ्चारमाध्यमले पाइरहेको तलब पनि दिन नमानेका बेला रेडियो नारायणी एफएम व्यवस्थापनले प्रोत्साहनस्वरुप नगद दिएर थप हौसला बढायो। नियमित पाइरहेको तलबबाहेक व्यवस्थापनले प्रतिव्यक्ति ५ हजार प्रोत्साहन रकम थप गरेको थियो। ●

*समाचार वाचक, नारायणी एफएम*

# कोरोनाको जोखिममा रेडियो पत्रकारिता र हाम्रो भूमिका

**संकटका बेला रेडियोबाट कसरी समाचार र कार्यक्रम उत्पादन गरेर प्रसारण गर्ने भन्ने अन्यौलतालाई चिर्दै श्रोता अनि नागरिकलाई सचेतना फैलाउने काममा पछि परिएन ।**



**सिर्जना गोले**

विपद्का फरक फरक स्वरुप हुँदो रहेछ । विनाशकारी भूकम्पको विनाश भोगेको पाँच वर्ष नबित्दै कोरोना महामारीको सामना गर्नु पर्‍यो । पत्रकारिता क्षेत्रको यस्ता विपद् र महामारीका बेला अझ बढी भूमिका र जिम्मेवारी हुने रहेछ । अझ समुदायको लोकप्रिय सञ्चारमाध्यमको रुपमा रहेको सामुदायिक रेडियोहरूले यस्तो विपद, महामारी र संकटका बेला विशेष भूमिका निर्वाह गर्न आवश्यक हुँदो रहेछ । यो लेखमा कोरोना महामारीका बेलाको पत्रकारिता र रेडियोले खेलेको भूमिकाबारे केही चर्चा गर्ने प्रयास गरिएको छ ।

२०७२ वैशाखमा विनाशकारी भूकम्प जाँदा म दोलखा सदरमुकाम चरिकोटबाट प्रसारण हुने हाम्रो सामुदायिक रेडियोमा कार्यरत थिएँ । भूकम्प र त्यसले गरेको मानवीय तथा भौतिक क्षतिबारे सामुदायिक रेडियोले कसरी समाचार र कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने भन्नेमा हामी जानकार थिएनौं । किनकि त्यस्तो विनाश हाम्रो पुस्ताले भोगेको थिएन र विनाशका बेला गरिने पत्रकारिताका बारेमा ज्ञान पनि थिएन । तर, संकट निम्तिएपछि एउटा पत्रकार र सामुदायिक रेडियोले निर्वाह गर्नुपर्ने भूमिका आफैं निर्माण हुने रहेछ । भूकम्पको विनाशका बेला हामीले खोज, उद्धार, राहत र पछिल्लो समय पुनर्निर्माणको विषयलाई प्राथमिकता दियौं । रेडियोको समाचार र कार्यक्रमहरूमा भूकम्पको विषयले सबैभन्दा बढी स्थान पायो । खासगरी भूकम्पको विनाशपछि खोज, उद्धार, राहत र पुनर्निर्माणको चरणसम्म सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

पछिल्लो तीन वर्षदेखि म दोलखाको पर्यटकीय नगरी जिरीबाट प्रसारण हुने जिरी एफएमसँग आबद्ध छु । स्टेशनको समाचार र कार्यक्रम प्रमुखको जिम्मेवारी भएकाले एफएमले प्रसारण गर्ने समाचार र कार्यक्रमको प्रमुख जिम्मेवारी पनि मेरै काँधमा थियो । करिब एक वर्षयता हामी कोरोना महामारीसँग लडिरहेका छौं । यसअघि हाम्रो

पुस्ताले नभोगेको यो महामारीका बेला रेडियोले कसरी समाचार र कार्यक्रम बनाउने ? कस्ता विषयवस्तु उठान गर्ने ? श्रोतालाई कसरी सचेत गराउने ? भन्ने विषयमा एकदमै अन्यौलता भयो । किनकि यसअघि हामीले प्राथमिकतामा राख्दै आएका समाचार र कार्यक्रमका विषयवस्तु भन्दा श्रोताका लागि कोरोना महामारीबारे जानकारी र त्यसबाट बच्ने उपायबारे धेरै सूचना आवश्यक थियो ।

कोरोनाको सुरुवाती चरणमा सरकारी तथा गैरसरकारी निकायबाट समेत महामारी नियन्त्रण र रोकथामबारे पर्याप्त जानकारी नआएका कारण हामीले चाहेर पनि नयाँ जानकारी र सूचना दिनसक्ने अवस्था थिएन । त्यसमाथि मानिसदेखि मानिस डराउनु पर्ने, दूरी कायम गर्नु पर्ने र सीधा सम्पर्क गर्न नमिल्ने भएका कारण हामी रेडियोकर्मी स्वयं अन्यौल र त्रासको वातावरणमा थियौं । यो नयाँ संकटका बेला रेडियोबाट कसरी समाचार र कार्यक्रम उत्पादन गरेर प्रसारण गर्ने भन्ने अन्यौलता थियो । रेडियो व्यवस्थापनले भौतिक

**कोरोना महामारीका बेला जिरी एफएमले महामारी नियन्त्रण र रोकथामकै विषयमा समाचार र रेडियो कार्यक्रमलाई प्राथमिकता दियो । यो अवधिमा रेडियो पत्रकारिता र रेडियोका सामग्री विगतभन्दा निकै भिन्न थियो ।**

दूरी कायम गर्दै स्वास्थ्य सुरक्षालाई ख्याल गरेर रिपोर्टिङ र कार्यक्रम उत्पादन गर्ने गरी कार्यविधि बनाएपछि हामी त्यहीअनुसार अघि बढ्यौं । कोरोना महामारीका बेला जिरी एफएमले महामारी



नियन्त्रण र रोकथामकै विषयमा समाचार र रेडियो कार्यक्रमलाई प्राथमिकता दियो । यो अवधिमा रेडियो पत्रकारिता र रेडियोका सामग्री विगतभन्दा निकै भिन्न थियो । किनकि राजनीतिक गतिविधि, विकासका गतिविधि वा अन्य विषय गौण बन्न पुगेको थियो । थियो त केवल महामारी नियन्त्रण र नागरिकको स्वास्थ्य सुरक्षाका कुरा । समाचारको ठूलो हिस्सा कोरोनाकै थियो र करिब ९ महिनासम्म समाचारको मुख्य हेडलाइन कोरोनाकै बन्न पुग्यो । रेडियोबाट प्रसारण हुने विज्ञापनमा समेत कोरोना जोखिम न्यूनीकरण र अपाउनुपर्ने सर्तकताबारे सार्वजनिक सन्देश र सूचनाहरू बढी थिए । खासगरी दोलखामा महामारीको सुरुको चरणमा हामीले रेडियोमार्फत कोरोनाको जोखिम र न्यूनीकरणका लागि गर्नुपर्ने उपाय र सतर्कताबारे नागरिकलाई जानकारी दियौं । सरकारले गरेको लकडाउन र त्यसको पालना, सामाजिक दूरी र सरसफाइका कुरा प्राथमिकतामा परे । दोस्रो चरणमा संघीय राजधानीलगायत विभिन्न जिल्लाबाट घर फर्किने मानिसहरूको व्यवस्थापन, क्वारेन्टाइन व्यवस्थापन र उनीहरूको स्वास्थ्य परीक्षणको विषय थियो ।

तेस्रो चरणमा दोलखा जिल्लामा पनि कोरोना संक्रमित व्यक्तिहरू फेला पर्न थालेपछि आइसोलेसन र छिमेकी मुलुक तथा विदेशबाट आउनेको व्यवस्थापनको विषयलाई रेडियोले प्राथमिकता दियो । सँगसँगै कोभिडले पारेको आर्थिक, सामाजिक र मानसिक असरको विषय पनि रेडियोका सञ्चार सामग्री बने । दैनिक ज्यालादारी गर्नेहरू भोकभोकै पर्न थालेपछि उनीहरूका लागि राहत र सहयोगका विषयलाई पनि हामीले प्रमुखतासाथ उठायौं । कोरोना महामारीकै कारण रेडियोको विज्ञापन र आम्दानीको स्रोत घटेर रेडियो र रेडियोकर्मी नै संकटमा पर्दै गएको विषयवस्तु पनि छँदैथियो । त्यहाँ माथि महामारीका कारण रिपोर्टिङमा जाँदा अपनाउनु पर्ने सावधानी र स्टुडियोमा अतिथि ल्याउन नमिल्ने भएका कारण अडियो रेकर्डका भरमा कार्यक्रम उत्पादन र प्रसारण कम्ती चुनौती थिएन । तर, पनि हामीले हाम्रो संकटभन्दा समुदायको संकटलाई ध्यान दिएका थियौं ।

कोरोनाकै बारेमा अपडेट जानकारी दिन दैनिक 'कोरोना अपडेट' नामको विशेष लाइभ कार्यक्रम सञ्चालन गरियो । जुन कार्यक्रममा कोरानाको संक्रमण, सम्भावित जोखिम, जोखिम न्यूनीकरणदेखि संक्रमित व्यक्तिको उपचार र खानपानका विषयलाई समेत समेटियो । यही कार्यक्रमका माध्यमबाट दुर्गम गाउँमा रुघाखोकी र ज्वरोका कतिपय बिरामीको पहिचान भई परीक्षण गर्दा कोरोना पुष्टिसमेत भएको थियो । कतिपय विदेशबाट आएर होम क्वारेन्टाइनमा बसेका व्यक्तिहरूमा कोरोना संक्रमण फेला परेको थियो । जुन विषय स्थानीय प्रशासन र स्थानीय सरकारलाई समेत थाहा थिएन ।

काठमाडौं उपत्यकामा कोरोना संक्रमण उच्चदरमा फैलिन थालेपछि दोलखामा पनि २ सय जनासम्म कोरोना संक्रमण पुष्टि भयो । केही सञ्चारकर्मी पनि यसबाट अछुतो रहेनन् । हामीमा पनि मनोवैज्ञानिक त्रास हुने नै भयो । तर, पनि समुदायलाई महामारीका बेला सुसूचित गराउने अभियानमा हामी चुकेनौं । कोरोना संक्रमितको मृत्यु हुन थालेपछि शव व्यवस्थापन स्थल र संक्रमितको उपचारका लागि कोरोना अस्पताल निर्माणसम्मका विषयवस्तुलाई रेडियोका सामग्री बनायौं । यही क्रममा कोरोना नियन्त्रणका नाममा स्थानीय सरकारले मनोमानी शुल्क तिरेर पीपीईदेखि सेनिटाइजर र मास्कसम्म खरिद गरेको विषयदेखि कोरोनाभत्ताको दुरुपयोगसम्मको विषय पनि रेडियोको प्राथमिकतामा परे । नेपालमा कोरोना संक्रमणको एक वर्ष पुग्न लागेको पछिल्लो अवधिमा हामीले कोरोनाविरुद्धको भ्याक्सिन लगाउन समुदायलाई अभिप्रेरित गरिरहेका छौं ।

कोरोना महामारीले रोगको त्रास र डरमात्रै सिर्जना गरेन । आर्थिक र सामाजिक रुपमा पुऱ्याएको असर निकै ठूलो छ । कोरोनाका बेला शिक्षण संस्थाहरू लामो समय बन्द हुँदा साना बालबालिका र विद्यार्थीमा धेरै मानसिक असर पुग्यो । विद्यालय जान नपाउँदा र पढ्न नपाउँदा उनीहरूमा निकै तनाव थियो । त्यही भएर जिरी एफएमले लगातार तीन महिनासम्म 'वैकल्पिक कक्षा' नामक रेडियो



कार्यक्रम चलायो । बिहान डेढ घण्टा र बेलुकी डेढ घण्टा हुने सो कक्षाबाट दोलखा, रामेछाप र आसपासका जिल्लाका धेरै विद्यार्थी लाभान्वित हुने अवसर मिलेको थियो । फ्राड्स नेपाल र जिरी माध्यमिक विद्यालयको सहयोगमा भएको रेडियो कार्यक्रम लोकप्रियमात्र बनेन विद्यार्थीका लागि निकै उपयोगीसिद्ध भयो ।

कोरोना महामारीका बेलाको रेडियो पत्रकारितामा केही नमीठा अनुभूति पनि भए । खासगरी आफैं जोखिममा रहेर रेडियो पत्रकारिता गर्नु, संवेदनशील क्षेत्रमा गएर रिपोर्टिङ गर्नु चुनौतीपूर्ण थियो । त्यसमाथि रेडियोको आम्दानीको स्रोत घटेर परेको असर निकै ठूलो थियो । महामारी फैलिन नदिनका लागि सरकारले गरेको लकडाउनको पालना नभएको विषयलाई रेडियोले उठाउँदा एउटा स्थानीय सरकारसँगको साझेदारी नै बिग्रिने अवस्था पनि आयो ।

लकडाउन पालना नभएको, बजारमा भीडभाड भएको विषयलाई रेडियोले समाचार बनाएपछि केही जनप्रतिनिधि रिसाउन पुगे र उनीहरूले नेतृत्व गरेको स्थानीय सरकारकोसँगको सम्बन्ध बिग्रिएको तीतो यथार्थता पनि छ ।

जेहोस् विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीमा आफु बचेर अरुलाई पनि बचाउन, संक्रमण हुन नदिनका लागि सामुदायिक रेडियोमार्फत भूमिका निर्वाह गर्न पाउँदा यतिखेर खुसी मिलेको छ । महामारीको विषम परिस्थितिमा कसरी पत्रकारिता गर्ने र बहुसंख्यक समुदायको सूचनाको सारथि सामुदायिक रेडियोले कस्तो भूमिका निर्वाह गर्नु पर्दछ ? भन्ने पाठ कोभिडले सिकाएको छ । ●

*समाचार तथा कार्यक्रम प्रमुख, जिरी सामुदायिक एफएम*



### कोरोना कहरमा हुम्लाका सामुदायिक रेडियो

# रेडियो कक्षा 'स्कुल मिरर' र यसको उपदेयता



नवराज महतारा

**परिवेश**

डिसेम्बर २०१९ मा चाइनाको वुहान, सहरलाई इपिसेन्टर बनाएर पहिलोपटक मानव जातिमा नोभल कोरोना (कोभिड-१९) भाइरसको केस पहिचानपश्चात चाइना, फ्रान्स, इटली, इरान, दक्षिण कोरिया, मलेसिया, स्पेन, थाइल्यान्ड, युके, युएसए, जर्मनी, अस्ट्रेलिया र अमेरिका जस्ता विश्वकै विकसित देशहरूलाई समेत थिलथिलो बनायो। दिन दुगुना रात चौगुनाका दरले समुदायमा कोरोनाको बढ्दो संक्रमणलाई केही हदमा कम गर्ने अन्तिम विकल्पका रुपमा बन्दाबन्दी (लकडाउन) संसारका प्रायः मुलुकले अवलम्बन गरे। यसको संक्रमणबाट विकासोन्मुख देश नेपाल पनि अछुतो रहेन। ९ जनवरी २०२० मा चाइनाको वुहान शहरबाट नेपाल फर्केका एक नेपाली विद्यार्थीको स्वास्थ्य परीक्षण गर्दा सहिद शुक्रराज ट्रपिकल सेन्टरले २३ जनवरी, २०२० मा कोरोना पोजेटिभ पुष्टि भएको प्रमाणित गऱ्यो। जुन दक्षिण एसियाकै पहिलो केशका रुपमा चित्रण गरियो। तत्पश्चात संक्रमितको संख्या दिनानुदिन बढ्दै गयो। विश्वभर संक्रमित दर बढ्न थालेपछि तत्काल संक्रमण रोकथामका लागि नेपाल सरकारले २०७६ चैत्र ११ चैत्रदेखि देशभर लकडाउन घोषणा गऱ्यो।

**टेलिफोनको सहज पहुँच नभएका हुम्लाजस्तो दुर्गम जिल्लामा इन्टरनेट अभावले अनलाइन कक्षा व्यावहारिक हुन सकेन ।**

दैनिक रुपमा हुने मानवीय गतिविधिले कोरोनाको जोखिम थप बढ्ने विश्व समुदायको निचोडले स्वास्थ्य सावधानी सँगसँगै अधिकांश क्षेत्रमा लकडाउनलाई अन्तिम विकल्पका रुपमा अवलम्बन गरियो । जुन अवधिमा अत्यावश्यक कामबाहेक अन्य कुनै पनि अवस्थामा कसैलाई पनि घरबाट बाहिर निस्कन प्रतिबन्द लगाइएको लकडाउनले देशभरका सबै शैक्षिक संस्था अनिश्चितकालका लागि बन्द भए । जसको परिणाम १ अर्ब ३० करोड विद्यार्थी प्रभावित हुनेगरी विश्वभरका विद्यालय (युनेस्कोको विद्यालय पुनः सुचारु गर्ने प्रारुप २०२०) बन्द भए । बन्दाबन्दीले एकातर्फ सामुदायिक र संस्थागत गरी कुल ८१,२७,२६३ विद्यार्थी प्रभावित हुनेगरी नेपालका २७७२८ सामुदायिक, २६०६ संस्थागत र ११२१ धार्मिक गरेर ३५०५५ विद्यालयको पठनपाठन ठप्प भयो । अर्कोतर्फ माध्यमिक शिक्षा परीक्षाको पूर्वतयारीमा जुटेका करिब ४ लाख २५ हजार परीक्षार्थी परीक्षा केन्द्रमा पुगेको अवस्थामा परीक्षा दिनबाट वञ्चित भए । जसलाई सबैभन्दा बढी मानसिक तनावको अवस्थाको सृजना गरायो । जब पहिलो चरणमा केही साताका लागि लागू गरिएको लकडाउनको समयावधि बढ्दै गयो तब घरको चार घेरामा सीमित एसईई परीक्षामा जुटेका विद्यार्थीलाई कसरी परीक्षाको तयारी गर्ने ? र, अन्य विद्यार्थीलाई आफ्नो थप पढाइको अवस्था के हुने ? भन्ने चिन्ताले सतायो ।

समुदायस्तरमा फैलँदो कोरोना संक्रमणको दरले लकडाउन थप कडा हुँदै जानु र घरमा सीमित विद्यार्थीमा मानसिक तथा मनोवैज्ञानिक समस्या देखा पर्न थालेपछि विद्यालयले अनलाइन कक्षाको सुरुवात गरे । तर, यसले टेलिफोनको सहज पहुँच नभएका हुम्लाजस्तो दुर्गम जिल्लामा इन्टरनेट अभावले अनलाइन कक्षा व्यावहारिक हुन सकेन ।

शहरी क्षेत्रका विद्यालयले अनलाइन कक्षा सुरु गरेको खबरले आफूहरू छुट्ने त्रासबाट हुम्लाका विद्यार्थी र अभिभावक निकै अत्तालिए । यसै कुरालाई ध्यान दिई आफ्नो स्थापनाकालदेखि रेडियोलाई औपचारिक कक्षा सञ्चालन गर्न सकिन्छ भन्दै मंसिर, पुस, माघ र फागुन गरेर हिउँदका चार महिना तत्कालीन एसएलसी परीक्षाको ट्युसन कक्षाका रुपमा रेडियो कक्षा 'एसएलसी मिरर' सञ्चालन गरेको सामुदायिक रेडियो कर्णाली आवाजले कोरोना कहरको समयमा घरमै रहेका विद्यार्थीको सहयोगका लागि रेडियो कक्षा सञ्चालनको अवधारणालाई जिल्लाको शिक्षा क्षेत्रमा काम गर्ने सरोकारवाला निकाय र सामुदायिक रेडियोहरूबीच छलफल चलायो । २०७७ वैशाखको सुरुवातसँगै रेडियोबाट कक्षा कसरी सञ्चालन गर्ने ? यसको समयावधि, विद्यार्थीहरूलाई कसरी सहभागी गराउन सकिन्छ ? यो कक्षा कस्ता शिक्षकले पढाउन सक्छन् ? यसमा कुन तहका विद्यार्थी सहभागी हुन सक्छन् ? भन्ने विषयमा छलफल तथा बहस भयो । अन्ततः जिल्ला शिक्षा विकास तथा समन्वय इकाइसँगको सहकार्यमा जिल्लामा कार्यरत आधार विकास नेपाल नामक गैरसरकारी संस्थासंगको सहकार्यमा जिल्लामा भएका तीनवटै सामुदायिक रेडियोहरू रेडियो कर्णाली आवाज, रेडियो कैलाश र रेडियो श्रीनगरबाट हरेक दिन बिहान र बेलुका फरक-फरक समयमा अनिवार्य अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषयको कक्षा 'स्कुल मिरर २०७७' १ जेठदेखि सञ्चालन गर्ने सहमति भयो । जसमा भौलिक विकटता र अपर्याप्त सञ्चार पहुँचका कारण जिल्ला सदरमुकाम सिमकोटदेखि तीन दिनको पैदल (४४ कोस) मा रहेको रेडियो श्रीनगरले भने सिमकोटमा तयार भएका अनिवार्य अंग्रेजी र गणितको कक्षालाई रिले प्रसारण गरेको थियो ।

| क्र.स. | रेडियो | अध्ययन गरेको विषय | विषय शिक्षक | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | रेडियो कर्णाली आवाज | सामाजिक अध्ययन | बलवान रावल | बिहान ७:३० देखि ८:१५ बजेसम्म | |
| | | अनिवार्य अंग्रेजी | अमरबहादुर शाही | बेलुका ४:१५ देखि ५:०० बजेसम्म | |
| २ | रेडियो कैलाश | अनिवार्य विज्ञान | कमल शाही | बिहान ८:३० देखि ९:१५ बजेसम्म | |
| | | अनिवार्य गणीत | चक्र सिंह | वेलुका ५:००-५:४५ बजेसम्म | |
| ३ | रेडियो श्रीनगर | सामाजिक अध्ययन | बलवान रावल | बिहान ८:०० देखि ८:४५ बजेसम्म | रेडियो कर्णाली आवाजले तयार पारेका रेडियो कक्षालाई रिले प्रसारण गरेको |
| | | अनिवार्य अंग्रेजी | अमरबहादुर शाही | वेलुका ५:१५ देखि ६:०० बजेसम्म | |

### २. रेडियो कक्षा 'स्कुल मिरर' सञ्चालन प्रक्रिया

समाजमा सूचना र चेतनाका संवाहकका रुपमा रहेका समुदायिक रेडियो घरमै बसेर औपचारिक शिक्षा प्रदान गर्ने खुला विद्यालय पनि हुन् भन्ने मान्यतालाई स्थापित गर्न आफ्नो स्थापनाकाल (२०६९) देखि निरन्तर रुपमा वर्षका चार महिना रेडियो कक्षा सञ्चालन गर्दै आएको रेडियो कर्णाली आवाजको पसलमा सञ्चालन भएको रेडियो कक्षा 'स्कुल मिरर २०७७' लाई व्यवस्थित ढंगले सञ्चालन गर्न विषय शिक्षकलाई अघि नै अभिमुखीकरण गरिएको थियो। रेडियो स्टुडियोमा नमुना विद्यार्थी (४ देखि ६ जना) हरू राखेर प्रत्यक्ष सञ्चालन गरिएको ४५ मिनेटको कक्षालाई सुरुवतादेखि अन्तसम्म निम्नअनुसारको समुह विभाजन गर्ने गरिएको छ।

**क) पहिलो चरण: कार्यक्रमको सुरुवात**

कार्यक्रमको सुरुमै सञ्चालकले औपचारिक रुपमा सुरु गर्दै श्रोतालाई स्वागत गर्नेदेखि कक्षाबारे परिचय दिने कामलाई सुरुवातको चरणका रुपमा अर्थ्याइएको छ। रेडियो कक्षा 'स्कुल मिरर' सञ्चालनका लागि जिम्मेवार बनाएका आरजे (रेडियो जर्नालिष्ट) ले यसमा अघिल्लो दिनको कक्षाको बारेमा छोटो समीक्षा गर्ने, कक्षामा नबुझेका विषयलाई तत्कालै सोध्न प्रयोग भएका फोन नम्बर (ल्यान्डलाइन र मोबाइल), सामाजिक सञ्जाल (फेसबुक लाइभ) का बारेमा जानकारी दिनेदेखि आज हुने कक्षाको विषयबारे बताउँदै कक्षा सुरु गर्न विषय शिक्षकलाई तयार पार्ने काम यस चरणमा गरिन्छ।

**ख) दोस्रो चरण: कक्षाको समीक्षा**

कक्षाको दोस्रो चरणका रुपमा यो समीक्षा चरणलाई राखिएको छ। अघिल्लो दिन छलफल गरिएका विषयबारे नमुना कक्षामा उपस्थित विद्यार्थी र रेडियोबाट सहभागी भएका विद्यार्थीले फोन, इमेल, म्यासेज र म्यासेन्जरबाट टिपाएका जिज्ञासालाई समाधान गर्न यो चरणको व्यवस्था गरिएको हो। यो चरणलाई कक्षाको ३ (तीन) मिनेट समय छुट्याएको छ।

ग) तेस्रो चरण: विषयवस्तुमा प्रवेश

यो कक्षाको सबैभन्दा महत्वपूर्ण चरण हो। यसमा नयाँ विषयवस्तुबारे छलफल गर्ने गरिन्छ। स्टुडियोमा रहेका विद्यार्थीलाई आधार मान्दै रेडियो सुनिरहेकालाई समेत लक्षित गरेर सञ्चालन

गरेको रेडियो कक्षामा विषयवस्तुमा प्रवेश गर्न ३० (तीस) मिनेटको समय विभाजन गरिएको छ । व्याख्यात्मक, प्रश्नोत्तर र छलफल विधिबाट सुरु हुने यो चरणमा रेडियो कक्षा सञ्चालन निर्देशिकाले निर्धारण गरेअनुसारको विषयलाई शिक्षकले गरेको पूर्वतयारीका आधारमा सञ्चालन गर्ने गरिएको छ ।

**घ) चौथो चरणः जिज्ञासा समाधान**

रेडियो कक्षा 'स्कुल मिरर' को चौथो चरण विद्यार्थी केन्द्रित हुन्छ । कक्षामा छलफल भएको नयाँ विषयवस्तुबारे स्टुडियोमा भएका वा रेडियोबाट सहभागी विद्यार्थीलाई लागेका जिज्ञासाहरूको समाधान गर्न यो चरणको व्यवस्था गरिएको हो । कार्यक्रमको ५ (पाँच) मिनेट समय तोकिएको यो चरणमा कक्षा सञ्चालन भएपछि रेडियोबाट सहभागी विद्यार्थीले फोन तथा म्यासेज र म्यासेन्जरबाट पठाएका जिज्ञासा र स्टुडियोमा भएका विद्यार्थी आफैंले राखेका जिज्ञासबारे शिक्षकले छलफल चलाउनु हुन्छ । यो चरणमा कार्यक्रम सञ्चालक, विषय शिक्षक र विद्यार्थी सबैको निकै सक्रिय सहभागिता आवश्यक हुने भए पनि विषयवस्तुबारे विद्यार्थीमा भएका समस्यालाई उजागर गराउने वातावारणको तयार पार्ने अहम् भूमिका कार्यक्रम सञ्चालक अर्थात आरजेकै बढी हुन्छ ।

**ङ) पाँचौं चरणः समापन तथा धन्यावाद ज्ञापन**

रेडियो कक्षा 'स्कुल मिरर' को अन्तिम चरणका रुपमा यसलाई राखिएको छ । कार्यक्रमको अन्तिम चरणका रुपमा रहेको समापन तथा आभार व्यक्त गर्ने चरण ४ (चार) मिनेटको हुन्छ । यो चरणमा बढी भूमिका कार्यक्रम सञ्चालक अर्थात आरजेको हुन्छ । कक्षामा छलफल गरिएका विषयवस्तुको समीक्षा, अर्को दिन छलफल हुने विषयवस्तुको बारेमा पूर्व जानकारी गराउनेदेखि कार्यक्रममा सहभागी विद्यार्थी, शिक्षक र आमश्रोतासमेतमा आभार व्यक्त यसै चरणमा गरिने भएकाले पनि आरजेको भूमिका बढी हुन्छ । यो चरणमा कार्यक्रममा सहभागी नभए आफ्नो ठूलो क्षति हुने रहेछ भन्ने ढंगले विद्यार्थीलाई महसुस गराउने तवरले पनि आरजेले आफ्नो प्रस्तुतिमा निखार ल्याउन जरुरी छ । यसका अलावा यो चरणमा विद्यार्थीलाई घरमै बसेर कुनै तयारी गर्दा आइपरेका समस्याबारे फोन अर्थात म्यासेज/म्यासेन्जरबाट विषय शिक्षकसमक्ष समाधानका लागि पुऱ्याउन जानकारीसमेत दिइने भएकाले पनि यो चरण आफैंमा महत्वपूर्ण रहेको छ ।

**३. कक्षा मूल्यांकन गर्न 'स्कुल चेक'**

सामुदायिक रेडियोलाई औपचारिक शिक्षा प्रदान गर्ने खुला विद्यालयका रुपमा स्थापित गर्न सुरु गरिएको रेडियो कक्षा 'स्कुल मिरर' मा छलफल गरिएका विषयमा विद्यार्थीको कक्षा सिकाइको अवस्था कस्तो छ भन्नेबारे मूल्यांकन गर्न साताको एक दिन रेडियो कार्यक्रम स्कुल चेक सञ्चालन गरिन्छ । अन्य कुनै पनि कक्षा नगर्ने गरी हरेक शनिबार यो कार्यक्रम सञ्चालन गरिन्छ । 'स्कुल मिरर' मा आइतबारदेखि शुक्रबारसम्मका कक्षामा छलफल भएका सबै विषयवस्तुलाई समावेश गरेर सम्बन्धित विषयका शिक्षकलाई कम्तीमा ५० (पचास) वटा प्रश्न तयार गर्न लगाइन्छ । एक घण्टाको अवधिमा निर्धारित तह (कक्षा सञ्चालन भएका तहका विद्यार्थीलाई प्राथमिकता) का विद्यार्थीलाई कार्यक्रमबाटै फोन गर्न अनुरोध गरिन्छ । जसका आधारमा आएका फोनहरूको नम्बर र विद्यार्थीको नाम, पढ्ने विद्यालय, कक्षा, रोल नम्बरसहितको विवरण दर्ता गरेपश्चात उक्त विद्यार्थीलाई नम्बर रोज्न लगाएर प्रश्न सोधिन्छ । त्यसरी कार्यक्रम अवधिमा सबैभन्दा बढी प्रश्नको सही उत्तर दिने विद्यार्थीलाई बिजेताका रुपमा घोषणा गरिन्छ । कार्यक्रमका बिजेता विद्यार्थीलाई पुरस्कारका रुपमा शैक्षिक सामग्री प्रदान गरिन्छ । यसले एकातर्फ कार्यक्रमप्रति विद्यार्थीको आकर्षण बढाउँछ भने अर्कोतर्फ साताभरिमा पढाइ भएका विषयमा शिक्षण सिकाइको अवस्थालाई पनि मूल्यांकन गर्ने आधार तयार हुन्छ ।

रेडियो कक्षा 'स्कुल मिरर' को अभिन्न अंगका रुपमा राखिएको शनिबारीय कार्यक्रम 'स्कुल चेक' कार्यक्रममा कुन स्थानका कति विद्यार्थी सहभागी

छन् ? भन्ने जानकारी प्राप्त गर्ने अनौपचारिक श्रोता सर्भेक्षण पनि हो । यसबाट कार्यक्रमको प्रभावकारिता र यसको क्षेत्रका कुन स्थान हो भन्ने जानकारी र पृष्ठपोषण रेडियोलाई हुने गर्दछ ।

**४. विद्यार्थीको आकर्षण बढाउन दुई पुरस्कार**

कार्यक्रमप्रति विद्यार्थीहरूको आकर्षण बढाउन कार्यक्रम अन्तरगत दुईवटा पुस्कारको व्यवस्था गरियो ।

**क. 'साता सहभागिता'** (participation of the week) **पुरस्कार**

रेडियो स्टेशनमा कार्यक्रममा सहभागिता जनाउने विद्यार्थीको विवरण संकलनका लागि सहयोग हुने र विद्यार्थीलाई कक्षामा जोडन्का लागि हरेक दिन मैले कक्षामा सहभागिता जनाइरहेको छु भन्ने सूचना म्यासेज र फोन मार्फत गर्न लगाउने र त्यसरी सातामा सबैभन्दा बढी म्यासेज वा फोन मार्फत जानकारी गराउनेलाई 'साता सहभागिता' (participation of the week) बाट सम्मान गर्ने व्यवस्था गरियो । रेडियो कर्णाली आवाजले २०६८ सालदेखि शुरु गरेको 'एसएलसी मिरर' कार्यक्रमबाट भएको शिकाईका आधारमा व्यवस्था गरिएको यो पुरस्कारले रेडियो कक्षामा २५ देखि ३५ प्रतिशत विद्यार्थीहरूकोसहभागितामा वृद्धी भयो । शैक्षिक सामाग्रीहरू समावेश गरिएको पुरस्कारको लोभले पनि धेरै विद्यार्थी यो कार्यक्रमप्रति आकर्षित भएको देखियो ।

**ख) कक्षा शिकाई** (Class Learning) **पुरस्कार**

रेडियोले आइतबार देखि सुक्रबारसम्म सञ्चालन गरेका कक्षाहरूको शिकाईको अवस्थाका बारेमा जानकारी लिन यो पुरस्कारको व्यवस्था गरिएको हो । साताभरी छलफल गरिएका विषयमा आधारित रहेर तयार पारिएक प्रश्नहरू रेडियो कार्यक्रम स्कुल चेक' मार्फत सोध्ने क्विज कम्पटिसन विधिबाट सञ्चालन गरिने यो कार्यक्रममा सबै भन्दा बढी प्रश्नको उत्तक दिने विद्यार्थीलाई यो पुरस्कारले सम्मान गरिन्छ । शैक्षिक सामाग्रीहरू समावेश



भएको यो पुरस्कारले कक्षामा विद्यार्थीहरूलाई लगनसिल भएर सहभागिता जनाउन र घरमा समेत आफ्नो विषयमा ध्यान दिएर पढ्ने बानीको विकास गरेको पाइयो ।

**५. रेडियो मार्फत स्कुल मिररले स्थापित गरेका तीन मान्यता**

विश्वव्यापी रुपमा फैलिएको कोरोना (कोभिड-१९) भाइरसले महामारी रुप लिएसँगै सरकारले लकडाउन जारी गरेपछि सञ्चालनमा ल्याइएको यो कक्षाबाट हिमाली जिल्ला हुम्लका विद्यार्थीहरूलाई लाभान्वित बनाएको हो । पुरा जनजीवन ठप्प पार्ने गरेर विश्वभर फैलिएको कोरोना भाइरसको बढ्दो संक्रमणलाई कमगर्नका लागि २०७६ साल चैत्र ११ गतेबाट लागु गरिएको बन्दाबन्दीको समयमा घरको चार पर्खालभित्र बन्दी भएका माध्यमिक तह (कक्षा ८ देखि १०) का विद्यार्थी र अन्तिम अवस्थामा स्थगित भएर अन्योल बनेको माध्यमिक शिक्षा परिक्षाको तयारी गरिरहेको विद्यार्थीहरूको सहयोगिका रुपमा रेडियो कक्षा 'स्कुल मिरर' स्थापित बन्यो ।

**क. दूर शिक्षाको नयाँ मान्यता स्थापित**

रेडियो कक्षा 'स्कुल मिरर ०७७' ले रेडियोबाट विद्यार्थी र शिक्षक बीच दोहोरो अन्तरक्रिया हुन सक्दैन भन्ने दूर शिक्षा क्षेत्रको परम्परागत मान्यतालाई समेत बदलेको छ । रेडियोबाट औपचारिक कक्षा सञ्चालनको झण्डै एक दशक लामो अनुभवका

आधारमा सञ्चालन भएको यो कार्यक्रममा प्रत्यक्ष रुपमै रेडियोको प्रसारणबाट सहभागि भएका विद्यार्थी र स्टुडियोमा रहेका शिक्षकहरू बीच निरन्तर दोहोरो अन्तरक्रिया संभव छ भन्ने प्रमाणीत यो कार्यक्रमले गरेको छ । रेडियोव्यवस्थापनले यो कार्यक्रमलाई मात्रै लक्षित गरेर २ वटा मोवाइल नम्बरहरू छुट्याएको मात्रै छैन् या कार्यक्रमका लागि बेग्लै फेसवुक पेजको नर्माण गरेर संभव भएसम्म (इन्टरनेटले साथ दिएसम्म) कार्यक्रम लाइभ पनि गरिन्छ । उत्तः मोवाइल र फेसवुक पेजलाई निकै चनाखो भएर कार्यक्रम सञ्चालकले नियाली रहेको हुन्छ । कक्षा सञ्चालन भैरहेको समयमा समेत कुनै विद्यार्थीहरूले केही विषयमा अस्पष्टता भए उक्त विद्यार्थीले तत्कालै रेडियोले व्यवस्था गरेका मोवाइल नम्बर अर्थात फेसवुक पेजमार्फत प्रश्न सोध्ने व्यवस्था गरिन्छ । जब कुनै विद्यार्थीले केही विषयमा स्पष्टता नभएको सन्देश मोवाइलमा फेसवुक पेजमा पठाउँछन् तत्कालै कार्यक्रम सञ्चालकले कक्षा सञ्चालन गरिरहेका विषय शिक्षकलाई सोध्ने गरेकाले पनि यो कार्यक्रम शिक्षक र विद्यार्थीबीचको दोहोरो अन्तरक्रियामा समेत निकै प्रभावकारी छ । हुम्लाका तीनवटै सामुदायिक रेडियोले लकडाउनको अवधीमा अभियानकै रुपमा सञ्चालन गरेको यो कार्यक्रममा हरे कदिन प्रति रेडियो १५ भन्दा बढी विद्यार्थीले त्यस्ता जिज्ञासा पाठनउे रकार्यक्रमको चौथो चरणमा त्यसको समाधान गर्ने गरिएको तत्थ्यले पनि रेडियो कक्षा स्कुल मिरर' दूर शिक्षाको नयाँ मान्यता स्थापित गर्न सफल देखिन्छ ।

### ख. रेडियोबाट औपचारिक शिक्षा संभव

प्रचलिन पत्रकारिता र शैक्षिक मान्यताले पनि रेडियोलाई सूचना प्रवाहका माध्यमका रुपमा मात्रै परिभाष्ति गरेको छ । सँधै विषय शिक्षक, पाठ् यपुस्तक, शैषिक सामाग्रीको अभावमै अल्झीने हुम्ला जस्ता दुर्गम क्षेत्रमा लागि सामुदायिक रेडियो औपचारिक शिक्षा प्रदान गर्ने विद्यालय/कलेज पनि हुन भन्ने मान्यता हुम्लामा लामो समयदेखि सञ्चालनमा ल्याइएको रेडियो कक्षा 'स्कलु मिरर'ले स्थापित गरेको छ ।

रेडियो बाट औपचारिक कक्षा समेत संवभव छ भनेर लामो समयदेखि पत्रकारिता, सामुदायिक रेडियोअभियान र शैक्षिक कार्यक्रममा यो पंक्तिकारले पटक-पटक उठाउँदापनि हास्याष्पद पात्रका रुपमा प्रस्तु भएको कटु यर्थाततामा बीत्र पछिल्लो समय विश्वलाई नैं थला पर्ने गरेर फैलिएको कोरोना भाइरसको महामारीले हुम्लाको सामुदायिक रेडियो अभियनले शुरु गरेको शैक्षिक मान्यतालाई स्थापित गरेको छ । रेडियो कर्णाली आवाज स्थापना भएको वर्ष २०६९ सालदेखि वर्षको चार महिना (मंसिर, पुस, माघ र फागु) निरन्तर एसएलसीको पाठ्यक्रममा आधारित रहेर सञ्चालन गरिएका कक्षाहरूका आधारमा औपचारिक शिक्षा प्रदान गर्ने खुल्ला शैक्षिक संस्थाका रुपमा सामुदायिक रेडियोहरूलाई स्थापित गर्न सकिन्छ भन्ने तत्थ्यलाई कोरोना कहरले प्रमाणीत गरेको छ । रेडियो/टेलिभिजनबाट हुने कक्षालाई औपचारिक शिक्षाका वैकल्पीक माध्यमका रुपमा शंशारका सरकारहरूले नीतिगत मान्यता दिएकाले पनि यो तत्थ्य स्थापित भएको सहजै अनुमान लगाउन सकिन्छ । यद्धपी यसका विधि र प्रक्रियाका बारेमा थप खोज हनुसन्धान र प्रविधिको विकास गर्न जरुरी भने देखिन्छ ।

### ग. विद्यार्थीको सहज र सुलभ माध्यम

दुर्गम हिमाली जिल्ला हुम्लाका सात वटै गाउँपालिकामा रहेको माध्यमिक तहका झण्डै ८० प्रतिशत विद्यार्थीहरू सामदायिक रेडियोले सञ्चालन गरेको रेडियो कक्षा 'स्कुल मिरर २०७७' को पहुँचमा रहेर लाभाम्वीत भएपछि यो माध्यम विद्यार्थीका लागि निकै सस्तो रबढी पहुँच भएको माध्यमका रुपमा स्थापित छ । भू-बनोटका हिसाबले निकै फराकिलो जिल्लाका रुपमा हुम्ला रहेको भएपछि जिल्ला सदरमुकाम सिमकोटमा रहेको रेडियो कर्णाली आवाज र रेडियो कैलासको प्रसारण तथा जिल्लाको दक्षिण भेगको केन्द्रका रुपमा रहेको श्रीनगरमा रहेको रेडियो श्रीनगरबाट जिल्लाको दक्षिण क्षेत्रका विद्यार्थी तथा बाजुरा जिल्लाको उत्तरी (पोरखे लेख माथि) र मुगुको दक्षिण-पश्चिमका वस्तीहरूका वालवालिकाहरू समेत यो कक्षामा समाहित भए ।

जिल्लाका तीनवटै सामुदायिक रेडियोले एकै प्रकारको शैली र समयावधीमा फरक-फरक वेल सञ्चालन भएका अनिवार्य अंग्रेजि, गणीत, विज्ञान, नेपाली र सामाजिक अध्ययन विषयका कक्षामा माध्यमिक तहमा अध्ययनरत जिल्लाभरका ८० प्रतिशत विद्यार्थी लाभाम्वीत भएको बारेमा रेडियोहरूले औपचारि रुपमा श्रोता सर्भेक्ष्माण गर्न नसकेपनि रेडियो आइतबारदेखि सुक्रबारसम्म सञ्चालन गरेका कक्षाहरूको पुरावलोकन तथा युनिट टेष्टका रुपमा हरेक शनिबार सञ्चालन गरेको रेडियो कार्यक्रम 'स्कुल चेक'मा टेलिफोनमा माध्ययमबाट विद्यार्थीहरूले जनाएको सहभागिताका आधारमा पनि यो संख्यामा विद्यार्थीहरूले लाभ लिएको निचोड जिल्लाका सामुदायिक रेडियोहरूको छ। साताका ६ दिन (आइतबार-शुक्रबार) सम्म सञ्चालन गरिएका कक्षाका आधारमा सम्बन्धित विषय शिक्षले तय गरेका प्रश्नहरूमा गरिने उक्त कार्यक्रममा मिलाइएका प्रश्न र फोनमा आएक विद्यार्थीको फोन नम्बर र उनिहरूले दिएको पहचियका आधारमा पनि जिल्लाका सातवटै गाउँपालिका र ४४ वडामध्ये अधिकांश वडाको सहभागिता हुने भएकाले कोरोना कहरमा विद्यार्थीको पढाईलाई नियमित गर्न आफ्नो सामाजिक दायित्वका रुपमा सामुदायिक रेडियोले सञ्चालन गरेको रेडियो कक्षा 'स्कुल मिरर' धेरै विद्यार्थीहरूको पहुँचमा पुगेको वास्तविकताले पनि यो विधिबाट औपचारिक शिक्षा हाँसिल गर्नु निकै प्रभावकारी देखिन्छ ।

**६. अन्तमा**

कुनै पनि जोखिम बाजा बजाएर आउँदैन नत जोखिमको प्रभावमा विभेद नै हुन्छ । हरेक बिपतले विनासमात्र निम्ताउँदैन त्यसले रुपान्तणको स्वर्णिम अवसर पनि प्रदान गर्दछ भन्ने कुरा सन् १६६५ ताका लन्डनमा प्लेग जस्तो महामारीले आक्रमण गर्दा क्षतिबाट जोगिन लकडाउन गर्ने सवालमा त्यहाँको क्याम्ब्रीज विश्वविधालयको पठनपाठन पनि बन्द हुन पुग्यो । जसको मारमा क्यामब्रीज विश्वविद्यालयका एक जना केही गर्न खोज्ने, अध्ययन अनुसन्धानमा रुचि राख्ने सरआइज्याक नामका विद्यार्थी पनि परे तर उनी खुसीका साथ



गाउँमा फर्के र दिनरात लागेर कोर्स बाहेकका खोज अनुसन्धान तर्फ ध्यान दिए र लकडाउन अवधिभित्रै ल अफ ग्राइभिटीको सिद्धान्त प्रतिपादन गर्न सफल भए र उनको नाम सर आइज्याक न्युटन रहन गयो । त्यसै गरी नेपालको सन्दर्भमा पनि सिद्धार्थ गौतम घर परिवार र समाज बाट अलग (आइसुलेशनमा) रहेर जङ्गलमा ध्यान गर्न थाले र अन्ततः बुद्धत्व प्राप्त गरिछाडे र उनको नाम पनि सिद्धार्थ गौतम बुद्ध रहन गयो। यसमाके सन्देश खोजिएको हो भन्दा हामीले पनि शिक्षा क्षेत्रमा सिर्जना भएको जोखिमलाई अवसरका रूपमा उपयोग गर्दै जस्तो सुकै परिस्थीमा पनि गाउँ र वस्तीमा रहेका सामुदायिक रेडियोहरूले आफूलाई औपचारिक शिक्षा प्रदान गर्ने खुला विद्यालय/विश्व विद्यालयका रुपमा स्थापित गर्दै नेपालीभूमिमा मौलिक न्युटन र हजारौं बुद्ध जन्माउने तर्फ सोच्ने समय आएको छ । तर यसका लागि फेरीपनी सामुदायि रेडियोहरूको रचनात्मक अवधारण, त्यसमा राज्यको अर्थपूर्ण साथ तथा सरोकारवाला निकायको परिणाममूखि सहयोगसँगै लगनशील विद्यार्थी, समर्पित शिक्षक, जिम्मेवार व्यवस्थापन, उत्तरदायी अभिभावक र प्राज्ञिक वातावरणलाई थप सहज र परिस्थिती अनुकूल बनाउने हो भने जस्तासुकै महामारी वा प्रलयमा पनि नेपालको शैक्षिक स्तरलाई खस्कन नदिने भरपर्दो सारथीका रुपमा हामी नेपालका सामुदायिक रेडियो स्थापित हुने जिम्मेवारी इतिहाँसले प्रमाणीत गर्नेछ । ●

*स्टेशन म्यानेजर, रेडियो कर्णाली आवाज र अध्यक्ष, रेडियो श्रीनगर*

# कोरोनाको हट स्पट वीरगन्ज बन्दा

**नेपालका मूलधारका पत्रपत्रिका, म्यागिजन, टीभी च्यानल, एफएम रेडियोका साथै अन्तर्राष्ट्रिय सञ्चार माध्यम (बीबीसी, अलजजिरा) लगायतमा यो खबर प्राथमिकता पऱ्यो । यसले स्टेशनमै आइसोलेसन वार्ड बनाएर रेडियो सञ्चालन गरिरहेका संक्रमित रेडियोकर्मी झन् उत्साहित बने ।**



क्रान्ति शाह

मानव जातिका लागि चुनौतीको रुपमा खडा भएको कोभिड-१९ को संक्रमणले विश्वलाई नै संकटमा पार्दा वीरगन्जमा पनि चैत ३० गते तीन जना भारतीय नागरिकमा कोरोना पोजेटिभ पुष्टि भयो । खुला सिमानाका कारण वीरगन्जका विभिन्न नाकाहरूमा भारतबाट आउनेको लर्को नै लाग्थ्यो । सुरुका दिनमा वीरगन्ज महानगरपालिका, स्थानीय प्रहरी र नेपाली सेनाले भारतबाट आउनेलाई क्वारेन्टिन राख्ने र सम्बन्धित जिल्लाको सुरक्षा निकाय वा पालिकाको जिम्मा लगाएर पठाउने गरेका थिए । सुरुमा लकडाउन र कर्फ्युले नागरिकलाई नियन्त्रणमा राख्न सकेकाले विस्तारै कोभिड संक्रमण नियन्त्रणमा आउन थालेको थियो ।

२०७७ साउनको पहिलो सातादेखि नै वीरगन्ज नेपालमै कोरोना भाइरस संक्रमणको एपिसेन्टर बन्यो । दैनिक एकसयको हाराहारीमा संक्रमितहरू थपिँदै थिए भने मृत्यु हुनेको संख्या पनि दिनहुँ २/३ जनाको दरले बढ्दो अवस्थामा थियो । वीरगन्जमा सञ्चालनमा रहेका कोभिड अस्पतालमा बिरामीलाई राख्न नसकेर होम आइसुलेसनमा राख्नुपर्ने अवस्था देखिएको थियो । अस्पतालमा बेड खाली नहुँदा करिब ७ सय संक्रमितलाई उनीहरूकै घरमा राखेर उपचार गर्नु परेको थियो ।

कोभिड त्रासले वीरगन्ज अक्रान्त थियो । वैशाख अन्तिम साता वीरगन्जका दुई पत्रकारसमेत संक्रमित भएपछि कन्ट्याक्ट ट्रेसिङमा नारायणी एफएमका सञ्चारकर्मी र कर्मचारी पनि परे । तर सुखद के भयो भने एफएमका सबैको पीसीआर जाँच रिपोर्ट नेगेटिभ आयो । तर कोभिडको चेपटा पर्ने त्रास भने सबैमा थियो नै । जसका कारण एफएमका सञ्चारकर्मी र कर्मचारीले व्यवस्थापनलाई मुख खोलेरै नभने पनि उनीहरू एफएम स्टेशनमै आएर ड्युटी गर्न केही अप्ठ्यारो मानेको जस्तो देखिन्थ्यो । महाविपत्तिका बेला हामी संचारकर्ममा लागेहरूको जनतालाई झन् धेरै सुसूचित गर्नुपर्ने दायित्व थियो । त्यसलाई आत्मसाथ गर्दै रेडियोमा कार्यरत सहकर्मीहरूको मनोभावना पनि बुझ्दै व्यवस्थापन पक्षले सबैका लागि स्वास्थ्य सतर्कता



र सुरक्षाका आवश्यक स्रोतसाधनको व्यवस्थापन गरेको थियो । व्यवस्थापन पक्षले नियमित समाचार बुलेटिनसहितका कार्यक्रम उत्पादन र प्रसारणमा कुनै असर नपर्ने गरी स्टेशनमा हप्तामा ३/३ दिन मात्र आउने गरी ड्युटी तालिका बनाइएको थियो ।

यसले गर्दा सधैं घरबाट स्टेशनमा आउनुपर्ने बाध्यता हटेपछि सबैले केही राहत भयो । जेठ र असारमा महामारी केही थामिएको जस्तो देखि पनि साउन सुरु भएलगत्तै फेरि महामारी पहिलेको भन्दा झन् तीब्र रुपमा देखिन थाल्यो । यसले रेडियोमा कार्यरत सहकर्मीमा फेरि मानसिक तनाव बढायो । साउन १७ गते मेरो स्वास्थ्यमा केही असजिलो भएपछि नारायणी अस्पतालमा पुगेर पिसिआर परीक्षणका लागि स्वाबको नमुना दिएँ । दुर्भाग्यवश साउन १८ को मध्यरातमा मलाई अस्पतालबाट खबर आयो, तपाई पोजेटिभ हुनुहुन्छ तयार भएर बस्नु होला एम्बुलेन्स लिन आउँछ। मैले यो कुरा रेडियोका कार्यकारी निर्देशक गोविन्द देवकोटालाई जानकारी गराएँ। उहाँले तपाई नआत्तिकन अस्पताल जानु होला सब ठीक हुन्छ भन्नु भयो ।

यसले एफएमका सबै सहकर्मी अझ धेरै मानसिक तनावमा परे। यद्यपि एफएमको प्रसारण भने नियमित नै रह्यो । मेरो कन्ट्याक्ट ट्रेसिङमा परेका सबै साथीमध्ये केही होम क्वारेन्टिन र केही सहकर्मी होटल क्वारेन्टिनमा बस्नु भयो। रेडियोमा मेरो सम्पर्कमा रहेका १४ जना सहकर्मीको पिसिआर परीक्षण गर्दा ६ जनाको रिपोर्ट पोजिटिभ आयो भने अरु ८ जनामा कोरोना संक्रमण नभएको देखियो । एकै साथ रेडियोका सञ्चारकर्मी र कर्मचारी गरी (स्टेशन प्रमुखबाहेक) ६ जना संक्रमित भएपछि रेडियो बन्द गर्ने निर्णयमा रेडियो व्यवस्थापन पुग्यो। रेडियोका कार्यकारी निर्देशक गोविन्द देवकोटाले रेडियो बन्द गरेर स्थानीय प्रशासनले तोकेको आइसोलेसनमा जान सहकर्मीलाई आग्रह गर्नुभएको थियो । तर संक्रमित छ जनामा कोरोना भाइरसले अप्ठ्यारो पार्नेगरी कुनै लक्षण नदेखिएकाले रेडियो स्टेशनलाई नै आइसोलेसन बनाएर रेडियो प्रसारणलाई निरन्तरता दिने पक्षमा सहकर्मी देखिनु भयो। कार्यकारी निर्देशकले साथीहरू रेडियो चलाउने पक्षमा देखिए के गर्ने हो भनेर मसँग सल्लाह माग्नु भयो। सहकर्मी साथीहरूको त्यो चाहना हो भने मैले घरमा रहेर समाचार तयार गरी पठाइदिन्छु, शिवनाथजीले पढ्नु हुन्छ त्यसै गरौं सर भनेर सुझाव दिएँ। म पनि साउन ३० गते मात्र कोरोना मुक्त भएर अस्पतालबाट डिस्चार्ज भएँ। कोभिडले गालेकाले शरीरमा कुनै फूर्ति थिएन । तर साथीहरूको हौसला देखेर मलाई पनि घरमै बसेर काम गर्ने आँट आयो ।

त्यसपछि गोविन्द सर सहकर्मीहरूको प्रस्तावमा सहमत हुनु भयो। अनि रेडियो स्टेशनलाई नै आइसोलेसन सेन्टर बनाइयो। स्थानीय प्रशासनले संक्रमित ६

जना साथीहरूलाई अस्पतालको आइसोलेसनमा लैजान एम्बुलेन्स रेडियो स्टेशनमा पठाएको थियो । कार्यकारी निर्देशक गोविन्द देवकोटाले तत्कालीन प्रहरी उपरीक्षक गंगा पन्तलाई रेडियो स्टेशन नै आइसोलेसन बनाइएकाले रेडियोकर्मी साथीहरूलाई अन्यत्र नलैजान अनुरोध गरेपछि एम्बुलेन्स रेडियो स्टेशनबाट फिर्ता भयो । तर केही स्थानीय सञ्चार माध्यममा नारायणी एफएमका संक्रमित रेडियोमै बसे उनीहरूलाई तत्काल अस्पतालको आइसोलेसनमा लैजानुपर्छ भनेर समाचार नै बनाए । उनीहरूको यसमा के नियत थियो हामीले बुझ्न सकेनौं ।

संक्रमित रेडियोकर्मी साथीहरूलाई रेडियो स्टेशनमा बस्ने, खाने, औषधि र इम्युनिटी पावर बढाउने आयुर्वेदिक औषधिलगायत आवश्यक स्रोतसाधान व्यवस्थापन स्टेशनमै गरिएको थियो । एफएमका संक्रमित रेडियोकर्मीहरूले आफू संक्रमित भएको अवस्थामा पनि उच्च आत्मबल पारेर रेडियोको प्रसारणलाई निरन्तरता दिए । रेडियोका समाचर बुलेटिन, कार्यक्रमहरू नियमित रुपमै सञ्चालनमा रहे । मैले बिहान ५ बजेदेखि राति १० बजेसम्म समाचार अपडेट गरेर इमेलमार्फत रेडियोमा पठाउँथें स्टेशनमा बसेका समाचार शाखाका शिवनाथ यादवले बिहान ५ देखि राति १० बजेसम्म समाचार वाचन गर्नुहुन्थ्यो । अन्य संक्रमितहरूले स्टेशनमै रहेर रेडियोमा आ-आफ्नो जिम्मेवारी बहन गरिरहनु भएको थियो । संक्रमित हुँदासमेत कोभिड अस्पतालमा नगई स्टेशनलाई नै आइसोलेसन वार्ड बनाएर रेडियोकर्मीले एफएम सञ्चालन गरेको खबर देश विदेशमा भाइरल बन्यो । नेपालका मूलधारका पत्रपत्रिका, म्याग्जिन, टीभी च्यानल, एफएम रेडियोका साथै अन्तर्राष्ट्रिय सञ्चार माध्यम (बीबीसी, अलजजिरा) लगायतमा यो खबर प्राथमिकता पऱ्यो । यसले स्टेशनमै आइसोलेसन वार्ड बनाएर रेडियो सञ्चालन गरिरहेका संक्रमित रेडियोकर्मी झन् उत्साहित बने ।

वीरगन्जमा कोरोना संक्रमणले स्थिति नाजुक बन्दै गएको थियो । अस्पतालमा संक्रमित राख्ने ठाउँ थिएन । केहीले समयमै उपचार नपाएर अकालमा ज्यान गुमाउनु परेका घटनालाई हामीले रेडियोमा प्राथमिकतासाथ समाचार बजाएका थियौं । यस्तो विपत्ति र महामारीमा नागरिकलाई पलपलमा सूचनाको खाँचो रहेकाले संक्रमित भए पनि अरु नागरिकलाई सूचना दिएर ज्यान जोगाउन सकिन्छ कि भन्ने उद्देश्यले काम गरियो ।

हामी कोरोना संक्रमितले थालेको एउटा प्रयासलाई राष्ट्रिय अन्तर्राष्ट्रिय सञ्चार माध्यमले समेत उच्च प्राथमिकता दिए । सहकर्मी शिवनाथलाई देश विदेशका सञ्चारमाध्यममा आफ्ना अनुभव राख्न भ्याई नभ्याई हुन्थ्यो । समाचार र कार्यक्रम सञ्चालनपछि उनले विभिन्न सञ्चार माध्यमलाई आफूले गरेको कामको दैनिकी सुनाउँथें । संक्रमित साथीहरूको मनोवल उच्च राख्न खान बस्न र औषधिको उचित प्रबन्ध मिलाउने काम कार्यकारी निर्देशकले गर्नु भएको थियो । रेडियोका कार्यकारी निर्देशक गोविन्द देवकोटा पनि साउन १५ गते कोभिड संक्रमणमा पर्नु भएको थियो । उहाँ चितवनस्थित निवासमा उपचार गराइ रहनु भएको थियो । उहाँमा कोभिडको लक्षण देखिएकाले डाक्टरको सल्लाहमा घरमै बसेर उपचार गराउनु भएको थियो । त्यस्तो अवस्थामा पनि उहाँले निरन्तर हामी संक्रमित सहकर्मीको बारेमा पलपलमा जानकारी लिइराख्नु हुन्थ्यो । व्यवस्थापन पक्षले रेडियोमा कार्यरत सम्पूर्ण रेडियोकर्मीको कोरोना बिमा गरेको थियो । त्योबाहेक संकटको घडिमा आफू जोखिममा हुँदाहुँदै पनि अहिलेको महामारीमा नागरिकलाई छिन् छिन्मा सूचनाको जरुरी रहेको अवस्थामा आफ्नो जिम्मेवारी कुशलताका साथ पुरा गर्ने साथिहरूको हौसला थप्न कार्यकारी निर्देशक गोविन्द देवकोटाले रेडियोको तर्फबाट प्रोत्साहन स्वरुप नगद दिने घोषणा गर्नु भयो, त्यसले हामी संक्रमित साथिहरूको थप हौसला बढेको थियो । कोभिड हुँदा, आइसोलेसनमा बस्दा र होम क्वारेन्टिनमा हुँदासमेत रेडियो व्यवस्थापन पक्षले हाम्राबारे राम्रो ध्यान पुराएको महसुस हामीले गरेका छौं । संकटको अवस्थामा रेडियोकर्मीप्रति रेडियो व्यवस्थापनले देखाएको सद्भाव र अभिभावकत्व सधैं सराहनीय छ । ●

*स्टेशन प्रमुख, नारायणी एफएम, वीरगन्ज*



# तथ्यांक र प्रविधिमा स्थानीय एफएम रेडियो

**रेडियो कार्यक्रम उत्पादन गर्ने सीप, क्षमता भएका जो कोहीले पनि श्रोतालाई मन पर्ने वा श्रोताको रोजाइका कार्यक्रमहरू रेडियो नभए पनि पडकाष्टमार्फत श्रोतामाझ पुर्‍याउन सक्छन्**



भूमि चापागाईं

**स्थानीय रुपमा लोकप्रिय माध्यमका रुपमा रेडियो :**

नेपालमा आमसञ्चारको माध्यम एफएम रेडियोका श्रोताहरूको संख्यालाई विश्लेषण गर्दा रेडियो सुन्नेको तथ्यांकमा स्थीरता पाइँदैन । युनिसेफ र शेयरकाष्टले यही मे २०२० मा गरेको सर्वेक्षणमा करिब ८२ प्रतिशत उत्तरदाताले कोरोना महामारीका बारेमा सूचना तथा जानकारीहरू रेडियोबाट प्राप्त गरेको बताएका छन् जब कि इन्टरन्यूज नेपालले सन् २०१४ सेप्टेम्बरमा गरेको सर्वेक्षणमा ४५ प्रतिशतले मात्र रेडियो सुन्ने बताएको थियो । अर्थात् रेडियोका श्रोताको प्रतिशत घटना विशेषमा बढ्ने र घट्ने भइरहन्छन् ।

इन्टरन्यूजको सर्वेक्षण प्रतिवेदनपश्चात रेडियोका श्रोता घटेको विषयमा रेडियोका अभियन्ताहरू र सरोकारवालाहरूका बीचमा राष्ट्रिय रेडियो सम्मेलनसमेत गरी रेडियोको आगामी बाटो तय गर्नेसम्मका कार्यहरू भएका थिए । पछि भूकम्प गयो, भूकम्पका बेला पुनः रेडियो सूचना तथा समाचार प्राप्त गर्ने पहिलो माध्यमको रुपमा आयो । यसो लेख्दै गर्दा रेडियोका लागि

विपद् नै आउनु पर्दो रहेछ भन्नेचाहिँ अवश्य होइन तर नागरिक समस्यामा परेको बेलामा विपद्का बेलामा र विशेष परिस्थितिमा भने रेडियो सधैं पहिलो माध्यमका रुपमा रहँदै आएको तथ्यांकले देखाउँछ ।

सामाजिक सञ्जाल र अनलाइनहरूको प्रयोगकर्ताको संख्यात्मक वृद्धि ह्वात्तै बढे पनि रेडियोप्रतिको विश्वास, उपयोग र प्रभाव भने खासै घटेको छैन । रेडियो सुन्ने स्वरुपमा परिवर्तन भएको छ तर अडियो सुन्ने श्रोताको संख्यामा भने गिरावट आएको छैन । रेडियो सुन्ने स्वरुपलाई प्रविधिले परिवर्तन गरिदिएको छ ।

**बदलिँदो रेडियो प्रविधि**

रेडियो सुन्नका लागि रेडियो सेटबाट मोबाइल हुँदै इन्टरनेटका माध्यमबाट हात हातसम्म पुगिसकेको छ । प्रविधिले रेडियो सुन्नका लागि रेडियो सेट चाहिने जमानालाई बदलिदिएको छ । त्यसैले अहिले रेडियो सुन्नेहरू सेटमा भन्दा धेरै मोबाइलमा भेटिन्छन् (नेपाल मिडिया सर्वेक्षण २०२०) । करिब ६० प्रतिशत श्रोताहरूले मोवाइल फोनमा रेडियो सुन्दछन् । नेपालमा पछिल्लो तथ्यांकअनुसार करिब ८३ प्रतिशतको हातमा मोबाइल फोन रहेको छ भने करिब ४४ प्रतिशतभन्दा धेरैको पहुँचमा इन्टरनेट पुगिसकेको छ ।

आफूलाई मन पर्ने वा सुन्न मन लागेको कार्यक्रमका लागि रेडियोले प्रसारण गर्ने समय कुर्नु पर्दैन । प्रविधिले विभिन्न एप्लिकेशनहरूमार्फत आफ्नो फुर्सदको समयमा सुन्न सकिने बनाइदिएको छ । आफूलाई मन पर्ने कार्यक्रमहरू मोबाइलमा वा कम्प्युटरमा डाउनलोड गरेर आफ्नो फुर्सदको समयमा सुन्न सकिन्छ । प्रायः प्रसारकहरूले अनलाइनमै पनि रेडियो सुन्न सकिने बनाइसकेका छन् भने लोकप्रिय रेडियो कार्यक्रमहरू नेपाली पडकाष्ट एप्लिकेशन, हाम्रो पात्रो र केही रेडियो स्टेशन आफैंले बनाएका एप्लिकेशनबाट समेत सुन्न सकिने भएको छ । एफएम रेडियोका कार्यक्रमहरू फेसबुकमा, युट्युब र रेडियोकै वेबसाइटमा अनलाइनमाार्फत पनि सुन्न सकिने भइसकेको छ । जसरी रेडियो सुन्नका लागि रेडियो सेट नै चाहिँदैन, त्यसैगरी रेडियो कार्यक्रमको प्रसारणका लागि पनि रेडियो स्टेशन नै नचाहिने भएको छ । भर्खरै नेपालमा लोकप्रिय बन्दै गइरहेको पडकाष्टले कार्यक्रम उत्पादन तथा प्रसारणका लागि रेडियो स्टेशन नभए पनि उत्पादक वा प्रसारक बन्न सकिने सुविधा ल्याइदिएको छ । रेडियो कार्यक्रम उत्पादन गर्ने सीप, क्षमता भएका जो कोहीले पनि श्रोतालाई मन पर्ने वा श्रोताको रोजाइका कार्यक्रमहरू रेडियो नभए पनि पडकाष्टमार्फत श्रोतामाझ पुऱ्याउन सक्छन् । नेपाली पडकाष्ट एप्लिकेशन सञ्चालन गरिरहेको शेयरकाष्ट इनिसियटिभ नेपालका सीईओ मधु आचार्यले नेपालमा पडकाष्ट आमरुपमा त्यति धेरै व्यापक नभइसकेको भए पनि प्रविधिले उत्पादनसँगसँगै प्रसारणलाई पनि सहज बनाइदिएको बताउनुहुन्छ । अडियो मिडियम रेडियोबाट डिजिटल माध्यममा प्रवेश गरेको छ । अडियो माध्यम फरक फरक स्वरुपमा श्रोताहरूमाझ अझ लोकप्रिय बन्दै गइरहेको छ ।

**तथ्यांकमा रेडियोः**

शेयरकाष्ट इनिसियटिभ नेपालले वार्षिकरुपमा गर्दै आएको मिडिया सर्वेक्षण २०२० मा रेडियोका श्रोताको संख्या करिब ५९ प्रतिशत रहेको थियो । अर्थात सामान्य अवस्थामा रेडियोका श्रोता करिब ५५ देखि ६० प्रतिशतको हाराहारीमा रहेको देखिन्छन् । सातै प्रदेशबाट पिपिएस संभाव्यता अध्ययन विधिअनुसार नमुना छनोटमा परेका करिब ४८३२ जनासँग गरिएको सर्वेक्षणअनुसार नेपालमा आमसञ्चारको माध्यम रेडियो अझै पनि लोकप्रिय रहेको देखिन्छ । शहरी बसोवासका तुलनामा ग्रामीण क्षेत्रमा रेडियो बढी लोकप्रिय देखिए तापनि शहरमा पनि रेडियोका श्रोताहरू उत्तिकै रहेको तथ्यांकले देखाएको छ ।

स्थानीय सूचना, सन्देश तथा समाचार प्राप्त गर्ने माध्यमका रुपमा रेडियो सबैभन्दा लोकप्रिय देखिन्छ । करिब ४४ प्रतिशत मानिसले स्थानीय



समाचार तथा सन्देशहरू रेडियोबाट थाहा पाउँछौं भनेका छन् जबकि स्थानीय समाचार तथा सूचना प्राप्त गर्ने प्रमुख माध्यम टेलिभिजन भन्नेहरूको संख्या जम्मा २३ प्रतिशत र पत्रपत्रिका भन्नेको संख्या जम्मा ७ प्रतिशतमात्र छ ।

रेडियोका श्रोताको संख्यालाई प्रदेशका आधारमा हेर्दा रेडियो माध्यम सबैभन्दा धेरै कर्णाली प्रदेशमा लोकप्रिय देखिन्छ । विद्युत् आपूर्तिको अभाव तथा टेलिभिजन तथा पत्रपत्रिकाको पहुँच कमजोर भएका कारण पनि कर्णाली प्रदेशमा रेडियो लोकप्रिय भएको हुन सक्छ । कर्णाली प्रदेशका करिब ७५ प्रतिशत मानिसले रेडियो सुन्छन् भने रेडियोका श्रोता सबैभन्दा थोरै २ नम्बर प्रदेशमा रहेको तथ्यांकले देखाउँछ । प्रदेश २ मा करिब ५० प्रतिशत मानिसले मात्र रेडियो सुन्ने गरेको पाइन्छ । यसैगरी पेशागत हिसाबले हेर्दा सरकारी सेवामा रहेकाले सबैभन्दा धेरै रेडियो सुन्ने गरेको देखिन्छ । करिब ७५ प्रतिशत सरकारी सेवामा कार्यरत मानिसले रेडियो सुन्ने गरेको तथ्यांकले देखाएको छ । शैक्षिक अवस्थाका

**मानिसको उमेर र रेडियोका श्रोताबीचको सम्बन्ध हेर्दा फरक गतिमा अघि बढेको देखिन्छ । जति जति उमेर बढ्दै जान्छ त्यति नै श्रोता संख्यामा ह्रास आएको देखिन्छ ।**

अनुसार हेर्दा जति जति शैक्षिकस्तर बढ्दै गएको छ सो अनुसार रेडियोका श्रोताको संख्या पनि बढेको तथ्यांकले देखाएको छ । शैक्षिक योग्यताका हिसाबले रेडियोका श्रोता विश्लेषण गर्दा शैक्षिक तह बढेसँगै रेडियो सुन्ने क्रम पनि बढेको देखिन्छ । सबैभन्दा धेरै करिब ७० प्रतिशत श्रोताहरू स्नातक वा सोभन्दा बढी अध्ययन गरेको पाइयो । अर्थात् पढेलेखेका मानिसहरूको रोजाइमा समेत सूचना तथा जानकारीका लागि रेडियो माध्यम नै लोकप्रिय रहेको तथ्यांकले देखाएको छ ।

रोचक त के छ भने नयाँ पुस्ताको रोजाइमा समेत रेडियो माध्यम नै परेको सर्वेक्षणले देखाएको छ । मानिसको उमेर र रेडियोका श्रोताबीचको सम्बन्ध हेर्दा फरक गतिमा अघि बढेको देखिन्छ। जति जति उमेर बढ्दै जान्छ त्यति नै श्रोता संख्यामा ह्रास आएको देखिन्छ । सबैभन्दा धेरै १६ देखि २४ वर्ष उमेर समूहमा रेडियो लोकप्रिय (६३ प्रतिशत) देखिएको छ भने ६० वर्ष वा सोभन्दा माथि उमेरका मानिसमा रेडियो कम लोकप्रिय (५२ प्रतिशत) मात्र देखिएको छ ।

यसैगरी लैंगिक हिसाबले हेर्दा महिलाको तुलनामा पुरुषहरूले धेरै रेडियो सुन्ने तथ्यांकले देखाएको छ। करिब ६६ प्रतिशत पुरुषहरू रेडियो सुन्छन् भने करिब ५२ प्रतिशत महिलाले मात्र रेडियो सुन्ने गरेको सर्वेक्षणमा बताएका छन्। रेडियो श्रोता समग्रमा बिहानी प्रहरमा बढी देखिन्छन्। करिब ५१ प्रतिशतभन्दा धेरै मानिसहरू बिहानी समयमा रेडियो सुन्ने गरेको बताउँछन् ।

**कोरोनाका कहरका बीच रेडियोः**

कोरोना महामारी सुरु भएलगत्तै नेपाल सरकारले कोरोनाको संक्रमण दर फैलिन नदिनका लागि बन्दाबन्दीको घोषणा गऱ्यो। सरकारले घोषणा गरेको बन्दाबन्दीको प्रत्यक्ष प्रभाव सञ्चार माध्यमहरूमा पनि पऱ्यो । पत्रपत्रिकाहरूको प्रकाशन र वितरण रोकिन पुगे भने टेलिभिजनका लागि समेत बाह्य रिपोर्टिङका लागि कठिनाइ पऱ्यो। कोरोना कहरका बीचमा पनि रेडियोको प्रसारण भने बन्द भएन । बरु सीमित स्रोत र साधनलाई उच्चतम उपयोग गर्दै रेडियोहरूले फरक स्वरुप र शैलीमा कार्यक्रमहरू सञ्चालन गरे । बन्दाबन्दीका समयमा सरकारले हिँड्डुलमा लगाएको प्रतिबन्द र कोरोनाकै जोखिमका कारण कतिपय रेडियोहरूले स्टेशनमै आवासको समेत प्रबन्ध गरी प्रसारणलाई निरन्तरता दिए भने कतिपय सञ्चारकर्मीहरूले घरबाटै पनि यथासम्भव रेडियोका लागि सामग्रीहरू निर्माणमा योगदान गरे । कोरोनाको महामारीका समयमा रेडियोमा श्रोता सहभागिता ह्वात्तै बढेको विभिन्न अध्ययनहरूले देखाएका छन् । बन्दाबन्दीकै समयमा युनिसेफ र शेयरकाष्टले कोरोनाले महिला तथा बालबालिकामा परेको प्रभावको अध्ययनका लागि करिब ७५०० घरधुरीमा टेलिफोन सर्वेक्षण गरेका थिए ।

उक्त सर्वेक्षणको तथ्यांक प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ । युनिसेफको प्रतिवेदनअनुसार सन् २०२० मे महिनामा करिब ८२ प्रतिशत उत्तरदाताहरूले कोरोना महामारीका बारेमा रेडियोबाट जानकारी प्राप्त गरेको बताएका छन्। यसैगरी जुलाईमा करिब ७८ प्रतिशतले कोरोना महामारीका बारेमा रेडियोबाट जानकारी प्राप्त गरेको बताएका थिए भने अक्टोबरमा करिब ७२ प्रतिशत उत्तरदाताहरूले रेडियोबाट सूचना तथा जानकारी प्राप्त गरेको बताएका थिए ।

सर्वेक्षणले कोरोना महामारीका समयमा कोरोनाका वारेमा सूचना, जानकारी, समाचार प्राप्त गर्ने लोकप्रिय माध्यम स्थानीय रेडियोहरू रहेको पुष्टि गर्दछ। कोरोनाका बारेमा फैलाइएका विभिन्न भ्रमहरूको निवारण गर्न तथा संक्रमणको न्यूनीकरणका लागि रोकथाम र उपचारका बारेमा नागरिकलाई सुसूचित गर्ने र विभिन्न तहका सरकारहरूले गरेका निर्णय, राहत तथा उद्धार एवं संक्रमणको न्यूनीकरणका लागि अपनाइएका रोकथामका उपायहरूका बारेमा प्रचारप्रसार गर्ने कार्यमा रेडियोहरूको महत्वपूर्ण भूमिका रह्यो ।

नेपालमा सामुदायिक तथा निजी क्षेत्रबाट एफएम रेडियो सञ्चालनको अनुमति २०५४ साल पछि

मात्र सुरु भएको हो । हाल सूचना तथा सञ्चार प्रविधि मन्त्रालयको वेबसाइट अभिलेखमा ७४० वटा रेडियोहरूले सञ्चालन अनुमति प्राप्त गरेको देखिन्छ, जसमध्ये विभिन्न कारणले ७ वटा रेडियोहरूको लाइसेन्स रद्ध भएको उल्लेख गरिएको छ । नेपालमा निजी क्षेत्रबाट सञ्चालित करिब २३६ वटा रेडियोहरू ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालमा आबद्ध भएका छन् भने गैरसरकारी, सहकारी तथा विभिन्न संघसंस्थाहरूबाट सञ्चालित करिब ३५० वटा एफएम रेडियोहरू सामुदायिक रेडियो प्रसारक संघमा आवद्ध रहेका छन् । यसैगरी काठमाडौं उपत्यका र बाहिबाट प्रसारण हुने करिब ६३ वटा रेडियोहरू रेडियो ब्रोडकास्टर्स फोरममा आवद्ध रहेका छन् ।

अन्त्यमा, अनलाइन माध्यम तथा सामाजिक सञ्जालका प्रयोगकर्ताहरूको संख्यामा द्रुत वृद्धि भए पनि सञ्चार माध्यमप्रतिको विश्वास, उपयोग र प्रभावका दृष्टिले रेडियो माध्यम आमनेपालीमाफ लोकप्रिय रोजाइको माध्यम भएको तथ्यांकहरूले पुष्टि गरेका छन् । प्रविधिका हिसाबले मोबाइल फोनबाटै सहजै श्रोताहरूसँग जोडिन र जोड्न सक्ने रेडियोको प्रविधिक सरलता र सहजतालाई नेपालका रेडियोहरूले भरपुर उपयोग गर्दै सञ्चारकर्ममा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

रेडियोहरूले कहिले घरबाहिर निस्केर भूमिका निर्वाह गरेका छन् भने कहिले घरभित्रैबाट पनि आफ्नो जिम्मेवारी निर्वाह गरिरहेका छन् । २०७२ सालको महाभूकम्पका समयमा अन्य सञ्चारमाध्यम बाहिर निस्कन सकेको अवस्था थिएन । भूकम्पले छियाछिया पारेका बस्ती बस्तीका सूचना तथा समाचारहरू एवं सरकारका सन्देशहरू चौरमा पाल टाँगेरै भए पनि स्थानीय रेडियोहरूले प्रसारण गरे अहिले कोरोना महामारीका बखत रेडियोलाई नै आवास बनाएर वा घरबाटै श्रोतालाई टेलिफोनमार्फत जोडेर प्रसारणलाई निरन्तरता दिए । तर जस्तोसुकै विपद्मा पनि रेडियो बन्द गरेर सञ्चारकर्मलाई पूर्णविराम भने दिएनन् ।

**प्रविधिका हिसाबले मोबाइल फोनबाटै सहजै श्रोताहरूसँग जोडिन र जोड्न सक्ने रेडियोको प्रविधिक सरलता र सहजतालाई नेपालका रेडियोहरूले भरपुर उपयोग गर्दै सञ्चारकर्ममा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ**

श्रोताको रुचि र आवश्यकताअनुसारका विषयवस्तु प्रसारण गर्दा रेडियोका श्रोता ह्वात्तै बढेका छन् । अन्य सञ्चारमाध्यम सुस्ताएका बेला वा आफ्नो भूमिका खुम्च्याएको बेला श्रोताले खोजेको सूचना रेडियोले प्रसारण गरेकैले रेडियोमा श्रोताको आकर्षण बढेको हो भन्न सकिन्छ । अर्थात् रेडियोको अबको चुनौती वा बाटो भनेको श्रोताको रुचि र आवश्यकताअनुसारका विषयवस्तुको पहिचान नै हो । रेडियोहरू प्रसारकमात्रै होइनन् उत्पादक पनि हुन् । नेपालमा जुनसुकै सञ्चारमाध्यममा होस आफ्ना श्रोता, दर्शक तथा पाठकका रुचि र आवश्यकता थाहा पाउनका लागि श्रोताहरूसँग पुगेर अध्ययन, अनुसन्धान गर्ने र सो बमोजिम आफ्ना विषयवस्तुलाई परिमार्जन गर्ने परिपाटी त्यत्ति धेरै पाइँदैन । तसर्थ रेडियो सामग्रीको उत्पादनपूर्व श्रोताका बारेमा पर्याप्त अध्ययन गरेर श्रोताका आवश्यकताहरूलाई विषयवस्तुको प्राथमिकतामा पार्न सकेको खण्डमा रेडियो आमसञ्चारको लोकप्रिय माध्यमका रुपमा रहिरहनेछ भन्दा अत्युक्ति नहोला । ●

brchapagain@gmail.com

*मिडिया अनुसन्धानकर्ता (सेयरकाष्ट इनिसियभी नेपाल) एवं लेखा समिति संयोजक : अकोराब*

# संसद र सांसदसँग संवाद

**कोभिड-१९ को स्वास्थ्य संकटका समयमा पनि संसदीय सवालका विषयमा केही महत्वपूर्ण स्थलगत कार्यक्रम भएका छन्। यूएनडीपीको संसद सहयोग परियोजनासँगको सहकार्यमा संघीय संसदका सभामुख, संसदीय समिति र प्रदेशको संसदीय समितिसँग संसदले बनाउने नीति, त्यसको अनुगमन, निगरानी र मूल्याङ्कनका विषयमा छलफल भएको छ। 'हेलो सांसद' को २२ शृंखलामा दुईवटा अकोराबको हलमा सहित पाँचओटा शृंखला स्थलगत रुपमा सम्पन्न भएका थिए। संघीय संसद र सातवटै प्रदेशमा बनिरहेका कानुन, संसदमा नागरिकको पहुँच स्थापित गर्ने अवधारणा र सिंगो संसदको आउटरिच बढाउनेमा रेडियो कार्यक्रममा छलफल भएका छन्। सभामुख, संसदीय समितिका सभापति, सांसद, सरकारका मन्त्री, विज्ञ र नागरिकलाई एकै थलोमा सहभागी गरिएका कार्यक्रममा महत्वपूर्ण सवालहरू उठेका छन्।**

### संसदको तीन वर्षको समीक्षा

२०७७ मंसिर २४ गते 'संसदका तीन वर्ष-संसदीय अनुगमन र समिति नेतृत्व' विषयमा कार्यक्रम सम्पन्न भयो। भर्चुअल र प्रत्यक्ष रुपमा गरिएको नयाँ स्वरुपको कार्यक्रममा संसदीय समितिमा सात समितिको सभागिता थियो। संसदको तीन वर्ष र यो बीचमा संसदीय समितिहरूले गरेका कामका विषयमा समितिका सभापति तथा सदस्यहरूसँग छलफल गरेको हो। छलफलमा अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सभापति पवित्रा निरौला खरेल, कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति कृष्णभक्त पोखरेल, राष्ट्रिय सभाको प्रत्यायोजन, व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण बिडारी, दिगो विकास तथा सुशासन समितिका सभापति तारादेवी भट्ट, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सदस्य शान्ति पाखिन, शिक्षा तथा स्वास्थ्य समितिका सदस्य जीवनराम श्रेष्ठ, विधायन व्यवस्थापन समितिका सदस्य ठगेन्द्रप्रकाश पुरीको सहभागिता थियो। विज्ञका रुपमा डा. विपिन अधिकारीले तीन वर्षका संसदीय समिति कहाँ छन् भन्नेर समीक्षा गर्नुभएको थियो।



# प्रदेशमा हेलो सांसद

## लुम्बिनी



सीआईएनको साप्ताहिक कार्यक्रम 'हेलो सांसद' लुम्बिनी प्रदेशको बुटवल र कर्णाली प्रदेशको वीरेन्द्रनगर सुर्खेतबाट स्थलगत रूपमा सञ्चालन भएको छ। स्थलगत कार्यक्रममा दुवै ठाउँमा गरी करिब २ सयजनाको सहभागिता रहेको थियो। बुटवलमा भएको कार्यक्रममा सभामुख पूर्ण घर्तीसहित ६० जना प्रत्यक्ष रूपमा सहभागी हुनुभएको थियो भने उक्त कार्यक्रममा अधिकारकर्मी, पत्रकार तथा सरोकारवाला निकायका गरी ७० जना जुमको माध्यमबाट सहभागी भएका थिए। २०७७ मंसिर १७ मा बुटलमा आयोजना गरेको 'सांसदसँग सीधा संवाद, कार्यक्रम हेलो सांसद' मा सभामुख घर्तीसहित संसदीय समितिका चार सभापतिको पनि सहभागिता थियो। कार्यक्रम प्रत्यक्ष र भर्चुअल दुईवटा स्वरुपमा एकैपटक गरिएको थियो।

## कर्णाली

कर्णाली प्रदेशको वीरेन्द्रनगर सुर्खेतमा २०७७, १९ मङ्सिरमा कार्यक्रम 'हेलो सांसद्' सञ्चालन गरिएको थियो। वीरेन्द्रनगर बजारबाट ६ किलोमिटरको दूरीमा भएको वीरेन्द्रनगर नगरपालिका १३ करेखोला भन्ने स्थानमा भएको कार्यक्रममा सभामुख राजबहादुर शाही, संसदीय समितिका अध्यक्षद्वय देवी ओली, गणेशप्रसाद सिंहलगायत १ सयभन्दा धेरै सर्वसाधारण नागरिक, संघसंस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो।



# कोभिड संक्रमणको समयमा सम्पादन भएका मुख्य गतिविधिहरू

## पैरवी र लवी

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण देश लकडाउनमा गइसकेपश्चात अकोराबले संघीय, प्रदेश तथा स्थानीय तहका सरकारहरूसँग निरन्तर नीतिगत पैरवी तथा लवी गरेको थियो। कोभिड-१९ को संक्रमण र लकडाउनपश्चात सदस्य रेडियोहरूलाई परेको प्रभाव न्यूनीकरणका लागि विभिन्न तहका सरकारहरूसँग समन्वय र सहकार्य तथा नीतिगत व्यवस्थाका लागि सामुदायिक रेडियो प्रसारक संघले निरन्तर छलफल र संवाद गरेको थियो।

क. तत्कालीन अर्थ, सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय युवराज खतिवडासँग अकोराबले छुट्टाछुट्टै ३ पटक भेटघाट भेट गरी ज्ञापनपत्र प्रस्तुत गरिएको थियो भने अकोराब, नेपाल मिडिया सोसाइटी तथा बानको टोलीले संयुक्त भेटघाट गरी मागपत्र पेश गरिएको छ। यस क्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सहकार्यका लागि प्रस्तावपेश गर्नुका साथै नीति, कार्यक्रम र बजेटमा समेटिनुपर्ने विषयका सम्बन्धमा अकोराबको तर्फबाट सुझाव पेश गरिएको थियो।

ख. तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरीराजमणि पोखेलसँग अकोराबले ३ पटक भेटघाट तथा छलफल गरेको थियो भने ज्ञापनपत्रसमेत पेश गरिएको थियो। भेटघाट तथा छलफलमा लामो समयसम्म विद्यालय बन्द रहेकाले रेडियोमार्फत पठनपाठनलाई निरन्तरता दिनेलगायतका विषयमा छलफल भएको थियो।

ग. कोभिड संक्रमण तथा लकडाउनले सामुदायिक रेडियोहरूलाई परेको प्रभाव सम्बन्धमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरूसँग घेटघाट तथा छलफल गरिएको थियो।

घ. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सचिव, सहसचिव तथा अन्य कर्मचारीहरूसँग पटकपटक भेटघाट र फलोअप गरिएको थियो। भेटघाटका क्रममा लोककल्याणकारी विज्ञापनको रकम थप गर्ने तथा सरकारले दिएका सुविधा तथा छुटहरूलाई कार्यान्वयन गर्ने सम्बन्धमा छलफल भएको थियो।

ङ. यसैगरी अकोराबले प्रदेश नं. २, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूर पश्चिम प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रीसँग भेटघाट, छलफल, ज्ञापनपत्र तथा सहकार्यका लागि प्रस्तावसमेत पेश गरेको थियो।

## सार्वजनिक सन्देश उत्पादन र प्रसारण

कोभिड-१९ को संक्रमण, यसको जोखिमबारे जनचेतना फैलाउन तथा संक्रमण र जोखिमबाट बच्न सीआईएन र सामुदायिक रेडियोहरूबाट विभिन्न २१ वटा भाषामा सार्वजानिक सन्देश तथा पीएसए उत्पादन गरी सीआईएनमार्फत देशभरि र स्थानीय सामुदायिक रेडियोहरूले प्रसारण गरेका थिए।

## क्षमता विकास

कोभिड-१९ को महामारीबीच धेरै रेडियो तथा रेडियोकर्मीहरूमा समाचार सम्प्रेषण तथा अन्य विषयहरूमा अन्यौलको अवस्था रहेको थियो । यसलाई मध्यनजर गर्दै अकोराबले भर्चुअल रुपमै विभिन्न अभिमुखीकरणहरू गरेर महामारीको बीचमा रेडियोलाई सूचना तथा समाचार सम्प्रेषण, प्राविधिक तथा व्यवस्थापकीय व्यवस्थापनजस्ता विषयहरूमा जानकारी गराइएको थियो ।

क. अकोराबले कोभिड-१९ को महामारीमा सही सूचना तथा जानकारी सम्प्रेषण गर्नको लागि विपदको समयमा रिपोर्टिङसम्बन्धी मार्गदर्शन निर्माण गरी सम्पूर्ण रेडियोहरूलाई उपलब्ध गराएको थियो ।

ख. महामारीको बेला कसरी सही र सत्य सूचना तथा जानकारी सम्प्रेषण गर्ने भन्ने विषयमा रेडियोकर्मीहरूलाई रिपोर्टिङसम्बन्धी भर्चुअल अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । आयोजना गरिएका यस्ता ४ वटा कार्यक्रमहरूमा देशभरका १ सय ५० भन्दा बढी रेडियोका रेडियोकर्मीहरू लाभान्वित भएका थिए ।

ग. विपद् तथा महामारीका समयमा प्राविधिक रुपमा आइपर्ने समस्याहरूको बारेमा जानकारी दिन रेडियोका प्राविधिकहरूका लागि जम्मा ४ वटा भर्चुअल अभिमुखीकरण कार्यक्रमहरू आयोजना गरिएको थियो । देशभरिका १ सय २० भन्दा बढी रेडियोकर्मीहरू यी कार्यक्रमबाट लाभान्वित भएका थिए ।

घ. विपद्को समयमा समाचार तथा सूचना सम्प्रेषणसम्बन्धी विश्वमा भएका अभ्यासहरूको बारेमा जानकारी गराउने तथा अनुभव आदानप्रदान गर्ने उद्देश्यसाथ बाह्य विशेषज्ञहरूलाई आमन्त्रण गरी विपद्, सामुदायिक रेडियो र सत्य तथा निष्पक्ष समाचार सम्प्रेषणसम्बन्धी अभिमुखीकरण तथा छलफल कार्यक्रम आयोजना गरिएका थिए । जम्मा २ वटा कार्यक्रममार्फत ८० जनाभन्दा रेडियोकर्मी यसबाट लाभान्वित भएका थिए ।

ङ. विपद् तथा महामारीका समयमा अभियान सञ्चालन गर्न विपद् जोखिमसम्बन्धी समाचार सम्प्रेषण गर्नका लागि स्वयंसेवी सामुदायिक पत्रकारिताको प्रवर्द्धन गर्ने कार्य गरिएको छ । ६० जना युवालाई विपद् जोखिम न्यूनीकरण तथा रिपोर्टिङसम्बन्धी आधारभूत ज्ञान तथा सीप प्रदान गरी उनीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा रिपोर्टिङको कार्यमा परिचालन गरिएको थियो ।

## रेडियो कार्यक्रम उत्पादन र प्रसारण

कोभिड-१९ को महामारीले उत्पन्न संकटकालीन अवस्थामा महामारीबाट बच्नको लागि जनचेतना अभिवृद्धि गर्न विभिन्न विकास साझेदारहरूसँगको सहकार्यमा रेडियो कार्यक्रमहरू सञ्चालन गरिएका थिए । लामो समयसम्म विद्यालय बन्द रहेका कारण रेडियोबाट कक्षा सञ्चालन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँगको सहकार्यमा सामुदायिक रेडियो पाठशाला सञ्चालन गरियो । कक्षा ९ र १० का विद्यार्थीका लागि पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यक्रम दिनको २ घण्टा प्रसारण गरियो । त्यस्तै विद्यार्थीलाई सृजनात्मक सीपहरू हस्तान्तरण गर्ने रेडियो कार्यक्रमहरू उत्पादन र प्रसारण गर्ने काम गरियो । अन्य विकास साझेदारहरूसँगको सहकार्यमा जीवन रक्षा, कोरोना क्याप्सुललगायतका विभिन्न कार्यक्रम उत्पादन र प्रसारण गरिएको थियो । रेडियो कार्यक्रममा ३ हजारभन्दा बढी जनताका समस्यालाई प्रत्यक्ष रुपमा सरोकारवालासमक्ष ल्याई समाधानका लागि पहल गरिएको थियो ।

## अन्तरक्रिया तथा छलफल

क. लकडाउनले भौतिक उपस्थिति तथा भेटघाट बन्द भएता पनि अकोराबले आफ्ना सदस्य रेडियोहरूसँग भर्चुअल रुपमा नियमित अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना गर्‍यो । यसबीचमा सातै प्रदेशका रेडियोकर्मी र अकोराबबीच अन्तरक्रिया सातवटा भर्चुअल अन्तरक्रियाहरू भएका थिए । करिब २५० भन्दा बढी रेडियोका अध्यक्ष तथा स्टेशन म्यानेजरहरू सहभागी भएका ती कार्यक्रमहरूमा लकडाउनको कारणले रेडियोलाई परेको प्रभाव, रेडियोले गरिरहेका प्रयासहरू तथा सम्भावित समन्वय तथा सहकार्यका विषयमा छलफल भएको थियो ।

ख. अकोराबले संघीय, प्रदेश तथा स्थानीय सरकारहरूसँग कोभिड-१९, लकडाउन र यसले पारेको प्रभावका सम्बन्धमा भर्चुअल अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना गरेको थियो । यस अवधिमा बालविबाह न्यूनीकरणका लागि अन्तरधार्मिक सञ्जालसँग अन्तरक्रिया, संसदीय मामिला र यससम्बन्धी रिपोर्टिङसम्बन्धी सञ्चारकर्मीहरूसँग अन्तरक्रिया, सुशासन र सञ्चारकर्मीहरूको भूमिकासम्बन्धी अन्तरक्रिया लगायत १२ वटा राष्ट्रियस्तरका, ७ वटा संघीयस्तरका र ८ वटा स्थानीय तहस्तरमा अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

## साझा खबर

सीआईएनबाट दिनको २ पटक प्रसारण हुने साझा खबर लकडाउनको घोषणा भएसँगै २०७६ चैत ११ बाट २ वटा समाचार बुलेटिन थप गरी दैनिक ४ वटा बुलेटिन प्रसारण गरिएको थियो । यस अवधिका साझा खबरहरू विशेषगरी कोभिड-१९ र यससँग सम्बन्धित विभिन्न भ्रमहरू चिर्नका लागि विशेषज्ञहरूबाट सही र सत्यतथ्य सूचना सम्प्रेषण गर्ने कार्यमा केन्द्रित भई कोभिड-१९ को महामारी तथा यसको रोकथाम र बच्ने उपायहरूबारे सचेतनामूलक सन्देश तथा सामग्री समेटेर बुलेटिन प्रसारण गरिएको थियो ।



# कूरीतिजन्य परम्परागत हानीकारक अभ्यास अन्त्यका लागि एकजुट भएर लाग्ने प्रतिबद्धता



बालविवाहलगायतका कूरीति अन्त्यका लागि अन्तरधार्मिक अगुवा र बालबालिकाका बीचमा अन्तरक्रिया भएको छ । ललितपुरमा फागुन ६ गते भएको कार्यक्रममा सहभागी धार्मिक अगुवाहरू बलविवाहलगायत कूरीतिजन्य परम्परागत हानीकारक अभ्यास अन्त्यका लागि आफूहरू एकजुट भएर लाग्ने प्रतिबद्धता जनाएका छन् । कुनै पनि धर्मशास्त्रका मुख्यग्रन्थले बालविवाहलगायतका परम्परागत हानीकारक अभ्यासलाई प्रोत्साहन नदिने भन्दै धर्मगुरुले धर्मशास्त्रको सही व्याख्या गराउनका लागि सबै एक भएर लाग्नुपर्ने बताएका हुन् ।

वर्ल्ड भिजन इन्टरनेसनल नेपालसँगको सहकार्यमा सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालले गरेको कार्यक्रममा राष्ट्रिय अन्तरधार्मिक सञ्जाल नेपालका अध्यक्ष हर्ष थापाले समाजमा गलत परम्पराको रूपमा रहेको बालविवाह रोक्नका लागि मन्दिर, मस्जिद, चर्च, गुम्बा आदिका धर्मगुरुहरूलाई तालिम दिइरहेको बताउनुभयो ।

बौद्ध धर्मका गुरु आनन्द भिक्षुले समाजमा बालविवाह हटाउनका लागि बालबालिकालाई उचित शिक्षादीक्षा दिनुपर्ने बताउनुभयो । बुद्धधर्मले बालविवाह निषेध र अभिभावकको भूमिकालाई विशेष जोड दिएको उहाँको भनाइ थियो । हिन्दु धर्ममा २५ वर्षपछि मात्रै गृहस्थआश्रम अर्थात विवाह गर्न योग्य उमेर उल्लेख गरेको हिन्दुधर्मका अगुवा एवं मनोदार्शनिक प्राध्यापक आनन्दविनोदले बताउनुभयो ।

नेपालको कानुनले २० वर्ष पुगेपछि विवाहयोग्य माने पनि शारीरिक र मानसिक हिसाबले तयार भएपछि अर्थात २५ वर्ष उमेर पूरा भएपछि मात्रै विवाह गर्नु पर्ने उहाँको भनाइ छ ।

शारीरिक, आर्थिक तथा मानसिक रुपमा सक्षम हुनु विवाहका लागि पूर्वशर्त रहेको इस्लाम धर्मका अगुवा इरफान पोखरेलले बताउनुभयो । कुरानमा विवाहलाई उपासना र अनिवार्य भनेको तर

पुरुषलाई कमाउन सक्ने भएपछि र महिलालाई बालबालिकालाई घरमा नैतिक शिक्षा दिन सक्ने भएपछि विवाह गर्न आदेश गरेको उहाँको भनाइ छ ।

क्रिश्चियनअन्तर्गतको क्याथोलिक धर्ममा विवाह र परिवारबारेमा बालबालिकालाई ७ वटा सामाजिक सिद्धान्तबारे साप्ताहिक शिक्षा दिइन्छ । परिपक्व नभएसम्म विवाह गर्न नमिल्ने व्यवस्था रहेको क्याथोलिक धर्मगुरु जस निरौलाले बताउनुभयो । विवाह गर्ने व्यक्तिहरू राजीखुसी भएको, देशको कानुनले तोकेको उमेर पुगेको हुनुपर्ने र विवाह गर्न लागेका युवायुवतीलाई एक हप्तासम्म परामर्श गरेपछि मात्रै विवाहको प्रक्रिया अघि बढ्ने उहाँको भनाइ छ । क्रिश्चियनअन्तर्गतको प्रोटेस्टेन्ट धर्मका गुरु ईसुजङ्ग कार्कीले चर्चमा विवाहका लागि आएको एक जोडीलाई उमेर नपुगेका कारण फर्काएको अनुभव सुनाउनुभयो ।

## सञ्चारकर्मीका लागि कोभिड-१९ ज्ञान




देशभरिका सामुदायिक रेडियोकर्मीका लागि कोभिड- १९ र मानसिक तथा मनोवैज्ञानिक स्वास्थ्यसम्बन्धी तालिम असोज ५ गतेदेखि १९ गतेसम्म आयोजना गरियो । युनिसेफ नेपाल, कान्तिबाल अस्पताल, सामुदायिक रेडियो प्रसारक संघ, सीआईएन र टीपीओको सहकार्यमा गरिएको र्भचुअल तालिम १३ वटा समुहमा विभाजन गरेर आयोजना गरिएको थियो ।

एक समुहलाई एक दिन गरेर १३ दिन सञ्चालन गरिएको हो । पहिलो दिन तालिमको सुरुवात गर्दै कान्तिबाल अस्पतालका बाल मनोचिकित्सक अरुण कुँवरले रेडियोकर्मीले मानसिक तथा मनोवैज्ञानिक स्वास्थ्यको बारेमा आमश्रोतालाई सही सूचना तथा जानकारी दिने भूमिका खेल्न सक्ने बताउनु भयो । युनिसेफका विकासका लागि सञ्चार शाखाका प्रमुख सञ्जु भट्टराईले देशभरिका रेडियोकर्मीहरूलाई प्रशिक्षण दिएपश्चात निरन्तर सहकार्य गरेर एउटै सञ्जालमा जोडिइरहने बताउनु भयो ।

सीआईएनका म्यानेजर एवं तालिम संयोजक दीपकआचार्यले देशभरिका चाहना भएका सबै रेडियोलाई तालिममा सहभागी गराएको जानकारी गराउनु भयो । १३ वटा समुहमा गरिएको तालिममा ३ सय ३० भन्दा बढी रेडियोकर्मीको सहभागिता थियो ।

# दसौं विश्व रेडियो दिवस विभिन्न कार्यक्रमसाथ सन्पन्न




रेडियोको महत्व तथा भूमिकालाई मध्यनजर गर्दै संयुक्त राष्ट्रसङ्घको आव्हानमा सन् २०१२ फेब्रुवरी १३ का दिनबाट प्रत्येक वर्षको फेब्रुवरी १३ मा विश्वभर रेडियो दिवस मनाउन थालिएकोमा नेपालका सामुदायिक रेडियोहरूले बिभिन्न कार्यक्रमसाथ मनाएका छन् ।

सामुदायिक रेडियो प्रसारक संघ र सदस्य रेडियोहरूले केन्द्र, प्रदेश र स्थानीय तहमा बिभिन्न कार्यक्रम गरेका थिए । 'नयाँ विश्व, नयाँ रेडियो' भन्ने मूलनारासाथ मनाइएको रेडियो दिवसका अवसरमा विशेष रेडियो कार्यक्रम पनि प्रसारण गरियो । दिवसको अवसरमा शुभकामना सन्देश जारी गर्दै सामुदायिक रेडियो प्रसारक सङ्घ (अकोराब) का अध्यक्ष सुवास खतिवडाले सबै रेडियो र रेडियोकर्मीलाई शुभकामना व्यक्त गर्नुभएको थियो भने दिवसको दिन रेडियो प्रसारकहरूको सहभागितामा भर्चुअल छलफल भएको थियो ।

## ३० रेडियोका ३० रेडियोकर्मीलाई तालिम

रेडियो दिवसको अवसरमा माघको २९ र ३० गते रेडियोकर्मीका लागि क्षमता अभिवृद्धि तालिम आयोजना गरियो । गिभ टु एसियाको सहयोगमा नयाँ रेडियो कार्यक्रम उत्पादन गर्ने र विपतसम्बन्धी रिपोर्टिङको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तालिम आयोजना गरिएको हो ।

उक्त तालिममा विपतसम्बन्धी रिपोर्टिङका लागि निर्देशिका तयार गर्नेबारेमा पनि छलफल भएको थियो । तालिमको समापनमा सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष सुवास खतिवडा, सचिव बन्दना दनुवार र अन्य पदाधिकारी तथा गिभ टु एसियाका नेपाल प्रतिनिधि सुरेश तामाङले रेडियो दिवसको शुभकामना दिनुभएको थियो ।

ACORAB Nepal

**Association of Community Radio Broadcasters Nepal**
सामुदायिक रेडियो प्रसारक संघ, नेपाल

Regd. No. 01/069-070
SWC Aff. No. 21143
PAN 3-0-2-2-7-4-7-4-7

## सामुदायिक रेडियो प्रसारक संघ (अकोराव) नेपाल द्वारा आर्थिक वर्ष २०७७।०७८को नीति तथा कार्यक्रम र बजेटमा समेटिनु पर्ने कार्यक्रमबारे नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय समक्ष प्रस्तुत गरिएको ज्ञापन–पत्र

नेपालका सामुदायिक रेडियोले मुलुकको परिवर्तनका हरेक कालखण्डमा आफ्नो सामाजिक जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्दै आइरहेका छन् । सामाजिक जागरणमा सामुदायिक रेडियोले खेलेको भूमिका आज विश्वस्तरमा नमुनायोग्य अभ्यासका रुपमा स्थापित छ । समुदायको अपार विश्वासका वावजुद उपयुक्त नीतिगत अभ्यासको अभावमा सामुदायिक रेडियोले अहिले विभिन्न समस्यासँग संघर्ष गरिरहनु परेको छ । राज्यतहबाट नीतिगत व्यवस्था सहित सामुदायिक रेडियोको भूमिकालाई अझ फराकीलो वनाउन आगामी आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम एवं वजेटमा निम्न बुँदामा केन्द्रित रहि नीतगत व्यवस्था एवं बजेटको माग सहित नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय समक्ष यो ज्ञापन पत्र पेश गर्दछौं ।

१. समुदायको स्वामित्व, सहभागिता र सक्रियतामा सञ्चालीत सामुदायिक रेडियोले समुदायको निकट रहेर सामाजिक विकास एवं जागरणका साथै परम्परगत हानिकारक अभ्यासहरू जस्तै : बालविवाह, दाइजो प्रथा, बोक्सी, छुवाछुत तथा छाउ प्रथा अन्त्यका लागि सामाजिक अभियान सञ्चालन गरिरहेका छन् । सामुदायिक रेडियोले सञ्चालन गर्दै आइरहेका यस्ता सामाजिक अभियानमा नेपाल सरकारको तर्फबाट साझेदारीको नीतिगत प्रबन्ध गरियोस् ।

२. कोरोना भाइरस (कोभिड १९) संक्रमण फैलिन नदिन सरकारले गरेको लकडाउनका कारण एफएम रेडियो प्रत्यक्ष प्रभावित भएका छन् । एफएम सञ्चालनका लागि आर्थिक श्रोतहरूको तिव्र संकटका बीच पनि विपद्को यस घडीमा कोरोना भइरससम्बन्धी जनचेतनामूलक सामग्री प्रसारण गरि आम नागरिकलाई सजग र सचेत बनाउन सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । एफएम रेडियोले सामना गर्नुपरेको आर्थिक संकट न्यूनिकरणका निम्ति आगामी वर्षको नविकरण तथा यो वर्षको रोयल्टी छुटका लागि नीतिगत व्यवस्था गरियोस् ।

३. सुशासन, पारदर्शिता एवं स्थानीय स्तरसम्म लोकतान्त्रीक संस्कृतिको प्रबर्द्धन र मानव अधिकारको रक्षाका साथै सामुदायिक विकासको क्षेत्रमा एफएम रेडियोलाई अझ प्रभावकारी रुपमा अग्रसर हुनका लागि प्रेरित गर्ने र हौसला बढाउन राज्यका तर्फबाट आधारभूत तहका नागरिकसम्म सूचना एवं कार्यक्रम प्रसारणका माध्यमवाट तत् सम्वन्धि सचेतना पुऱ्याउन लोककल्याणकारी विज्ञापन बजेट बृद्धि गर्न आग्रह गर्दछौं ।

४. सामुदायिक रेडियोको स्वामित्वमा महिला, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलित, मधेशी, पिछडिएको क्षेत्रको सक्रिय सहभागिता रहेको छ । सामुदायिक रेडियोले लोपोन्मुख परम्परा, संस्कृति र समुदायको विविधताको आवाजलाई प्राथमिकता दिंदै आएको छ । समाजको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा सामुदायिक रेडियोको प्रेरणादायी भूमिका रहदै आएकाले रेडियोको संस्थागत विकासको लागि सामुदायिक रेडियो विकास कोषको निर्माण गरियोस् ।

५. सामुदायिक रेडियो सञ्चालनका लागि आवश्यक उपकरण खरिदमा लाग्ने भन्सार दस्तुर मिनाहाका लागि नीतिगत व्यवस्था गरियोस् ।

६. विभिन्न कठिनाई र अप्ठ्यारोका बावजुत नागरिकमा सूचनाको पहुँच पुऱ्याउनु तथा लोपोन्मुख भाषा, संस्कृतिको संरक्षण र विकासमा सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । देशभर सञ्चालनमा रहेका सामुदायिक रेडियोले नियमित रुपमा ७० भन्दा वढि भाषामा कार्यक्रम र समाचार उत्पादन, प्रसारण गरेर अल्पसंख्यक र लोपोन्मुख भाषासंस्कृतिको संरक्षण र प्रबर्द्धनमा समेत टेवा पुऱ्याएका छन् । नेपाली भाषा बाहेक अन्य लोपोन्मुख भाषामा कार्यक्रम एवं समाचार उत्पादन तथा प्रसारण गर्ने सामुदायिक रेडियोलाई यसको निरन्तरताको लागि बार्षिक रुपमा अनुदान उपलब्ध गरियोस् ।

७. एफएम रेडियोको संख्यात्मक बृद्धिले लगभग सवै नागरिकसम्म सूचनाको पहुँच पुगेको छ । तर संख्यात्मक बृद्धिको अनुपातमा दक्ष जनशक्तिको उपलब्धता न्यून छ । सामुदायिक रेडियो प्रसारक संघले केही गैरसरकारी संघ संस्थासँगको साझेदारीमा सञ्चालन गरेको क्षमता अभिबृद्धि कार्यक्रमले मात्र आवश्यक दक्ष जनशक्तिको मागलाई सम्बोधन गर्न नसकीरहेको अवस्थामा प्रभावकारी र गुणस्तरीय कार्यक्रम, समाचार उत्पादन र प्रसारणको निम्ति आवश्यक जनशक्ति तयार गर्न सरकारले बार्षिक बजेटको व्यवस्था गर्न आग्रह गर्दछौं ।

८. सामुदायिक रेडियोका लागि विद्युत तथा टेलिफोन महसुल छुटका गर्नका लागि सम्वन्धित संस्थाका सार्वजनिक सूचनाहरू स्थानीय एफएम रेडियोवाट प्रसारण गरि मिलान गर्ने गरि नीतिगत व्यवस्थाका लागि पहल गरियोस् ।

९. सडक, विद्युत, टेलिफोन लगाएतका विकासका आधारभूत अन्य सुविधा समेत नपुगेका स्थानमा समेत समुदायका लागि सहज रुपमा सूचनाको पहुँच पुऱ्याउन स्थापित सामुदायिक प्रसारणलाई राज्यका तर्फबाट उचित सहुलियत र पुरस्कार उपलब्ध गराउनुको साटो, बार्षिक नविकरण गर्न छुटेका एफएम रेडियोबाट नविकरण शुल्कका अतिरिक्त रोयल्टी जरिवानाका नाममा कयौं गुणा बढी रकम असुलउपर गरी इजाजत पत्र समेत खारेज गर्ने र विना आधार नयाँ इजाजत पत्र जारी गर्ने कार्य हुदै आएकोमा सो कार्य कार्य बन्द गरी नविकरण एवं रोयल्टी बुझाउन छुटभएका रेडियोका लागि अन्तिम नविकरण गर्ने मौका उपलब्ध गराइयोस् भन्ने माग गर्दछौं ।

**सुवास खतिवडा**
अध्यक्ष
२०७७ वैशाख १२

ACORAB Nepal
Association of Community Radio Broadcasters Nepal
सामुदायिक रेडियो प्रसारक संघ, नेपाल
Regd. No. 01/069-070
SWC Aff. No. 21143
PAN 3-0-2-2-7-4-7-4-7

## सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालद्वारा सामुदायिक रेडियोको सरोकार र साझेदारी गर्न सकिने सवालहरूमा ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्री वर्षमान पुनसमक्ष प्रस्तुत गरिएको ज्ञापन–पत्र

नेपालका सामुदायिक रेडियोले मुलुकको परिवर्तनका हरेक कालखण्डमा आफ्नो सामाजिक जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्दै आइरहेका छन् । सामाजिक जागरणमा सामुदायिक रेडियोले खेलेको भूमिका आज विश्वस्तरमा नमुनायोग्य अभ्यासका रुपमा स्थापित छ ।

समुदायको अपार विश्वासका बाबजुद उपयुक्त नीतिगत अभ्यास स्थापित हुन नसक्दा सामुदायिक रेडियोले विभिन्न समस्या झेल्नु परिरहेको छ । सामुदायिक विकास, सुशासन र नागरिकको सूचना एवं अभिव्यक्ति स्वतन्त्रताको महत्वपूर्ण साधनका रुपमा स्थापित सामुदायिक रेडियोहरू समाजको विकास र सशक्तीकरणमा उत्प्रेरकको भूमिका निर्वाह गर्दै आइरहेका छन् । देशको विविधतायुक्त भु-बनौट, भाषा, संस्कृति एवं विविधतायुक्त समाजमा प्रभावकारी रुपमा सूचना र जानकारी पु¥याउन सक्ने माध्यम सामुदायिक रेडियो भएकाले सरकारका कतिपय राष्ट्रिय कार्यक्रम र अभियानमा यिनको सहभागितालाई सुनिश्चित गराउने गरी कार्यक्रम अघि बढाउन ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्री वर्षमान पुनसमक्ष यो ज्ञापनपत्र पेश गर्दछौं ।

१. कोरोना भाइरस (कोभिड-१९) संक्रमण फैलिन नदिन सरकारले गरेको लकडाउनका कारण एफएम रेडियो प्रत्यक्ष प्रभावित भएका छन् । एफएम सञ्चालनका लागि आर्थिक स्रोतहरूको तीव्र संकटकाबीच पनि विपद्को घडीमा कोरोना भाइरससम्बन्धी जनचेतनामूलक सामग्री प्रसारण गरी आमनागरिकलाई सजग र सचेत बनाउन सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । एफएम रेडियोले सामना गर्नुपरेको आर्थिक संकट न्यूनीकरणका निम्ति कम्तीमा लकडाउन अवधिको विद्युत् महसुल छुट गरिदिनुहुन अनुरोध गर्दछौं ।

२. सामुदायिक रेडियोमा महिला, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलित, मधेशी, पिछडिएको क्षेत्रको स्वामित्वका साथै सक्रिय सहभागिता रहेको छ । सामुदायिक रेडियोले लोपोन्मुख परम्परा, संस्कृति र समुदायको विविधताको आवाजलाई प्राथमिकता दिँदै आएको छ । समाजको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा सामुदायिक रेडियोको प्रेरणादायी भूमिका रहँदै आएको हुँदा विद्युत् प्राधिकरणले आफ्ना उपभोक्तालाई दिनुपर्ने सूचना जानकारी एवं शिक्षामूलक सामग्री सामुदायिक रेडियोमार्फत प्रसारणको प्रबन्ध गर्न हामी अनुरोध गर्दछौं ।

३. सामुदायिक रेडियोले विद्युत् चुहावट नियन्त्रणसम्बन्धी सूचना, विद्युत् खपत बढाई राष्ट्रिय पुँजी सुदृढ गर्ने एवं विद्युत् उपभोगसम्बन्धी जानकारीमूलक र शिक्षामूलक सामग्री प्रसारण गर्ने तथा विद्युत प्राधिकरणले एक रेडियो स्टेसनलाई अधिकतम मासिक २० रुपैयाँसम्मको विद्युत् महसुलमा मिलान गर्ने गरी सेवा विनिमयको साझेदारीको प्रस्ताव कार्यान्वयनको निम्ति अनुरोध गर्दछौं ।

४. विभिन्न कठिनाई र अप्ठ्यारोका बावजुद नागरिकमा सूचनाको पहुँच पु¥याउनु तथा लोपोन्मुख भाषा, संस्कृतिको संरक्षण र विकासमा सामुदायिक रेडियोले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । देशभर सञ्चालनमा रहेका सामुदायिक रेडियोले नियमित रुपमा ७० भन्दा बढी भाषामा कार्यक्रम र समाचार उत्पादन, प्रसारण गरेर विविधताको संरक्षण एवं अल्पसंख्यक र लोपोन्मुख भाषा संस्कृतिको प्रबर्द्धनमा समेत टेवा पु¥याएका छन् । समुदायको विकासका निम्ति समर्पित गैरनाफामूलक उद्देश्यले स्थापित सामुदायिक रेडियोलाई पनि छापाखाना (प्रेसलाई) निर्धारण गरिएसरह विद्युत् महसुल कायम गरियोस् ।

सुवास खतिवडा
अध्यक्ष
मिति : २०७७०२२१

Association of Community Radio Broadcasters Nepal
सामुदायिक रेडियो प्रसारक संघ, नेपाल
ACORAB Nepal
Regd. No. 01/069-070
SWC Aff. No. 21143
PAN 3-0-2-2-7-4-7-4-7

## कोरोना भाइरस (कोभिड–१९) संक्रमण रोकथामका निम्ति सरकारले गरेको लकडाउनका कारण विद्यालय बन्द भएको र लाखौँ बालबालिका घरमै बसिरहेको अवस्थामा उनीहरूलाई लक्षित गरी सामुदायिक रेडियोहरूबाट शैक्षिक कार्यक्रम सञ्चालनसम्बन्धी सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालद्वारा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसमक्ष प्रस्तुत गरिएको ज्ञापन–पत्र

नेपालका सामुदायिक रेडियोले मुलुकको परिवर्तनका हरेक कालखण्डमा आफ्नो सामाजिक जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्दै आइरहेका छन् । सामाजिक जागरणमा सामुदायिक रेडियोले खेलेको भूमिका आज विश्वस्तरमा नमुनायोग्य अभ्यासका रुपमा स्थापित छ । समुदायको अपार विश्वासका बाबजुद नीतिगत र स्रोतसाधनको सीमितताका कारण सामुदायिक रेडियोले विभिन्न समस्यासँग संघर्ष गरिरहनु परेको छ ।

नागरिकको सहज पहुँच र सबैभन्दा प्रभावकारी सञ्चारमाध्यमको रुपमा स्थापित नेपालका सामुदायिक रेडियोले विपद्को घडीमा नागरिकलाई अत्यावश्यक सूचना, जानकारी एवं शिक्षामूलक कार्यक्रम सञ्चालन गरेर सामाजिक जिम्मेवारी निर्वाह गर्दै आएका छन् । कोरोना भाइरस संक्रमण फैलिन नदिन सामुदायिक रेडियोले निरन्तर सचेतनामूलक कार्यक्रम प्रसारण गर्दै आइरहेका छन् । यतिबेला विद्यालय बन्द भएको र लाखौं बालबालिका घरमै रहनुपरेको अवस्थालाई मध्यनजर गरेर कतिपय सामुदायिक रेडियोले स्थानीय स्तरमा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका छन् । आमनागरिकको सबैभन्दा नजिक र अधिकांशको पहुँचमा भएको माध्यम सामुदायिक रेडियोबाट शैक्षिक कार्यक्रमलाई व्यापक र प्रभावकारी बनाएर देशव्यापी रुपमा सञ्चालन गर्न हामी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसमक्ष शैक्षिक कार्यक्रम सञ्चालनका लागि साझेदारीको अनुरोध गर्दै यो ज्ञापनपत्र पेश गर्दछौं ।

१. लामो समय विद्यालय बन्द हुँदा बालबालिका र अभिभावकहरूमा चिन्ता बढ्नु स्वभाविक छ । नियमित रुपमा विद्यालय सञ्चालन हुने अवस्था निर्माण नहुँदासम्म सामुदायिक रेडियोबाट कक्षा सञ्चालन गर्न सकिन्छ । यसका निम्ति मन्त्रालयको सम्बन्धित निकाय र सामुदायिक रेडियोहरूकाबीच साझेदारीमार्फत विद्यार्थीलाई घरमै पठनपाठन गराउन सकिने जानकारी गराउँदै यसको कार्यान्वयनको पहल गरियोस् ।

२. घरमै रहेका बालबालिकाको सिर्जनशीलता, कला तथा क्षमता रेडियोमार्फत उजागर गर्नको लागि बालकेन्द्रित रचनात्मक रेडियो कार्यक्रम उत्पादन तथा प्रसारणको साझेदारीको पहल गरियोस् ।

३. विद्यार्थीलाई लक्षित गरी कला, संस्कृति, वनवातावरण, सामाजिक तथा नैतिक शिक्षा, विपद्ले उत्पन्न गरेको असामान्य अवस्थाको सामान्यीकरणका लागि बालमनोविमर्श रेडियोमार्फत सञ्चालन गर्ने ।

४. अभिभावकलाई लक्षित गरी बालमनोविज्ञान तथा सकारात्मक अभिभावकत्व सम्बन्धी जानकारीमूलक एवं प्रेरणादायी सूचना तथा सामग्रीहरू रेडियोबाट प्रसारण गर्ने ।

सुवास खतिवडा
अध्यक्ष
मिति : २०७७ वैशाख २३ गते

ACORAB Nepal
Association of Community Radio Broadcasters Nepal
सामुदायिक रेडियो प्रसारक संघ, नेपाल
Regd. No. 01/069-070
SWC Aff. No. 21143
PAN 3-0-2-2-7-4-7-4-7

मिति : २०७७/०३/२८

माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यू
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषय : यस वर्षको नवीकरण छुट तथा नवीकरण छुटेका सञ्चार माध्यमको जरीवाना मिनाहा सम्बन्धमा ।

माननीय मन्त्रीज्यू,

आर्थिक वर्ष २०७७/०७८ को बजेट बक्तव्यको बुँदा नं. ५९ मा कोरोनाका कारण निर्माण, यातायात, आमसञ्चार, चलचित्रलगायत क्षेत्रमा परेको प्रभाव सम्बोधन गर्न इजाजत तथा उपकरणको नवीकरण दस्तुरमा छुटको व्यवस्था तथा बुँदा नं. २६६ मा चालू आर्थिक वर्षसम्म नवीकरण गर्न छुट भएका सामुदायिक, निजी तथा सहकारी क्षेत्रबाट सञ्चालित प्रसारण संस्थाले नवीकरण गर्दा लाग्ने थप शुल्क र जरिवाना छुट दिने व्यवस्था गरेकोमा हामी अत्यन्तै आभारी छौँ ।

हालसम्म पनि यी विषयहरूमा ठोस निर्णय र परिपत्र नभएका कारण नवीकरणमा अन्यौलता सिर्जना भएको छ । हाल संसदबाट बजेट पास भई कार्यान्वयनको चरणमा रहेको अवस्थामा बजेट वक्तव्यको मर्मविपरीत इजाजत तथा उपकरणको नवीकरणमा लाग्ने दस्तुरमा ५० प्रतिशतमात्र छुट दिने निर्णय भएको भन्ने बुझ्न आएको छ । यदि यस्तो निर्णय भएको हो भने यस विषयमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । हाल देशभरिका प्रसारण संस्थाहरू कोभिड-१९ को कारणले धराशायी भएको अवस्थामा २०७२ सालको विनासकारी भूकम्पपश्चात पनि एक वर्षको लागि नवीकरण शुल्क पूर्णरुपमा छुट गरिएजस्तै यस वर्षको नवीकरण शुल्कमा पनि पूर्णरुपमा छुट गर्नका लागि हामी आग्रह गर्दछौँ ।

त्यसैगरी विभिन्न कारणले चालू आर्थिक वर्षसम्म नवीकरण गर्न छुट भएको प्रसारण संस्थाहरूको नवीकरण गर्दा लाग्ने थप शुल्क र जरिवाना छुट दिने व्यवस्था कार्यान्वयनका लागि पनि हालसम्ममा तहतप्काका कार्यालयहरूमा कुनै परिपत्र नगएका कारण सोसम्बन्धी आवश्यक परिपत्र मातहतका कार्यालयमा यथाशीघ्र पठाउनका लागि पनि हामी आग्रह गर्दछौँ ।

सुवास खतिवडा
अध्यक्ष

## नगरपालिका संघ नेपाल, गाउँपालिका राष्ट्रिय महासंघ र सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको संयुक्त विज्ञप्ति

कोरोना भाइरस (कोभिड-१९) महामारीविरुद्ध विश्व समुदाय संघर्ष गरिरहेको छ। विश्वमा कोरोना भाइरस संक्रमणका कारण हजारौंले ज्यान गुमाइसकेका छन् भने लाखौं मानिस कोरोना सक्रमणबाट बिरामी छन्। कोरोना भाइरस थप संक्रमण हुन नदिन राष्ट्रहरूले लकडाउन गर्नुका साथै सावधानीका विभिन्न उपाय अवलम्बन गरिरहेका छन्। विपद्को घडीमा व्यक्तिगत स्वास्थ्य सुरक्षालाई भन्दा आफ्नो दायित्व पूरा गर्न सक्रिय स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अनवरत रुपमा नागरिकलाई सूचना र जानकारी प्रवाह गर्न सक्रिय सञ्चारकर्मीप्रति हामी सम्मान व्यक्त गर्दछौं। यो महामारीमा ज्यान गुमाउनेहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै बिरामीहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।

कोरोना भाइरस संक्रमण हुनबाट जोगिन सामाजिक दूरी कायम राख्ने, सरकारले आह्वान गरेको लकडाउनको पालना गर्ने र व्यक्तिगत स्वास्थ्य सरसफाइमा ध्यान दिनुको विकल्प छैन। कोरोना भाइरसबारे नागरिकलाई सुसूचित गर्ने, सचेत गर्ने एवं शिक्षामूलक र जानकारीमूलक सन्देश प्रवाह गरेर नेपालका सामुदायिक रेडियोहरूले महत्वपूर्ण योगदान दिइरहेका छन्। नागरिकहरूको सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रताको पहरेदारको रुपमा स्थापित नेपालका सामुदायिक रेडियोले विपदको यस क्षणमा पनि अझ प्रभावकारी रुपमा सेवाप्रवाह गरिरहेका छन्। कतिपय सञ्चारमाध्यम तथा सामाजिक सन्जालबाट अन्यौल र भ्रमपूर्ण समाचार सम्प्रेषण भइरहेको अवस्थालाई मध्यनजर गरी सामुदायिक रेडियोले कोरोना भाइरसको सङ्क्रमणबारे नागरिकसमक्ष यथार्थ जानकारी पुऱ्याउँदै आएका छन्। मानवीय संकटको यस घडीमा अत्यावश्यक सूचनाप्रवाहको निरन्तरताको लागि हामी नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ र सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल सहकार्य र साझेदारीको प्रतिबद्धता व्यक्त गर्दछौं।

१. अन्य सञ्चारमाध्यमको पहुँच पुग्न नसकेको स्थानमा समेत नागरिकको सहज पहुँचमा रहेको सामुदायिक रेडियोले कोरोना भाइरस संक्रमण फैलिन नदिन नागरिकलाई सचेत र सुसूचित गर्ने अभियानलाई निरन्तरता दिन हामी आग्रह गर्दछौं। यस अभियानलाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक स्थानीय सञ्चार माध्यमसँग सहकार्य र सहयोग गर्न देशभरका स्थानीय तहहरूलाई हामी आवह्वान गर्दछौं।

२. विपदको घडीमा स्थानीय तहहरूले कोरोना संक्रमण फैलिन नदिन सञ्चालन गरेका कार्यक्रम, पीडितहरूलाई राहत वितरण एवं जनचेतनामूलक कार्यहरूको प्रसारणमा स्थान दिन हामी सामुदायिक रेडियोहरूलाई आग्रह गर्दछौं। साथै रेडियो स्टेशन र आफ्नो स्वास्थ्य सुरक्षामा ध्यान दिन हामी आग्रह गर्दछौं।

३. विपदको समयमा सूचनाको हक, अभिव्यक्ति स्वतन्त्रता, सुशासन र मानवअधिकारको रक्षाको निम्ति राज्यले विशेष सावधानी अपनाउन हामी माग गर्दछौं। वृद्धवृद्धा, बालबालिका, विशेष अवस्थाका महिला, एवं फरक क्षमता भएकाहरू तथा पेशागत रुपमा दैनिक ज्यालादारी गर्नेहरू र किसान बढी प्रभावित हुने भएकाले उनीहरूलाई लक्षित गरी राहत र संरक्षणको नीति अवलम्बन गर्न हामी सरकारलाई आग्रह गर्दछौं।

४. कोरोना रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले देशभर लकडाउन गरेको कारण नेपालको समग्र जनजीवन प्रभावित हुनु स्वभाविक छ। विपदको समयमा औषधोपचार र खाद्यान्न जस्तै नागरिकलाई सूचना पनि अत्यावश्यक हुन्छ। तर लकडाउनका कारण एफएम रेडियो दैनिक सञ्चालन गर्नसमेत कठिन बन्न थालेको अवस्थालाई मध्यनजर गर्दै तत्काल रेडियो सञ्चालनको लागि स्रोत साधनको उपलब्धतामा संवेदनशील हुन सबैको ध्यानाकर्षण गराउन चाहान्छौं।

५. कोरोना भाइरस संक्रमणका कारण उत्पन्न अवस्थाले स्थानीय सरकारहरूको वार्षिक कार्यक्रम र बजेट कार्यान्वयनमा प्रत्यक्ष असर पारेको छ। स्थानीय सरकारलाई थप बजेट विनियोजन गर्ने एवं कोरोना रोकथाम कोष वृद्धि गरी गरिब, भूमिहीन तथा अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरूको लगत राखी राहत उपलब्ध गराउन निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढाउन आग्रह गर्दछौं।



**अशोक ब्यान्जु**
अध्यक्ष
नेपाल नगरपालिका संघ



**होमनारायण श्रेष्ठ**
अध्यक्ष
गाउँपालिका राष्ट्रिय महासंघ



**सुवास खतिवडा**
अध्यक्ष
सामुदायिक रेडियो प्रसारक संघ
(अकोराब) नेपाल

## राष्ट्रिय सहकारी महासंघ, गैरसरकारी संस्था महासंघ र सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको संयुक्त विज्ञप्ति

कोरोना भाइरस (कोभिड-१९) महामारीले उत्पन्न गरेको चुनौतीविरुद्ध विश्व समुदाय संघर्षरत छ। विश्वमा कोरोना भाइरस संक्रमणका कारण हजारौंले ज्यान गुमाइसकेका छन् भने लाखौं मानिस कोरोना संक्रमणबाट बिरामी छन् । कोरोना भाइरस संक्रमण फैलन नदिन राष्ट्रहरूले सावधानीका विभिन्न उपायहरू अवलम्बन गरिरहेका छन् । विपद्को घडीमा पनि आफ्नो दायित्व र जिम्मेवारीप्रति प्रतिबद्ध स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयंसेवी तथा अनवरत रुपमा नागरिकलाई सूचना र जानकारी प्रवाह गर्न सक्रिय सञ्चारकर्मीप्रति हामी सम्मान व्यक्त गर्दछौं । यो महामारीमा ज्यान गुमाउनेहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै संक्रमितहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

कोरोना भाइरस संक्रमण हुनबाट जोगिन सामाजिक दूरी कायम राख्ने, सरकारले आह्वान गरेअनुसार अनुशासनमा बस्ने र व्यक्तिगत स्वास्थ्य सरसफाइमा ध्यान दिनुको विकल्प छैन । कोरोना भाइरसबारेमा नागरिकलाई सुसूचित गर्ने, सचेत गर्ने एवं शिक्षामूलक र जानकारीमूलक सन्देश प्रवाह गरेर नेपालका सामुदायिक रेडियोहरूले महत्वपूर्ण योगदान दिइरहेका छन् । नागरिकहरूको सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रतामा सक्रिय सामुदायिक रेडियोले विपदको यस क्षणमा पनि प्रभावकारी रुपमा सेवा प्रवाह गरिरहेका छन् । कोरोना संक्रमण नियन्त्रण गर्न शक्ति सम्पन्न राष्ट्रहरूलाई समेत हम्मेहम्मे पारिरहेको अहिलेको अवस्थामा नेपालका सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र र सामुदायिक क्षेत्रले निर्वाह गरिरहेको भूमिका प्रशंसनीय छ । मानवीय संकटको यस घडीमा वृद्धवृद्धा, बालबालिका, विशेष अवस्थाका महिला, एवं फरक क्षमता भएकाहरू तथा किसान र दैनिक ज्यालादारीहरूप्रतिको हाम्रो जिम्मेवारीमा प्रतिबद्ध रहँदै अत्यावश्यक सूचना प्रवाहको निरन्तरताका लागि हामी राष्ट्रिय सहकारी महासंघ, गैरसरकारी संस्था महासंघ र सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल निम्न बुँदाहरूमा सहकार्य र साझेदारीको प्रतिबद्धता व्यक्त गर्दछौं ।

१. अन्य सञ्चारमाध्यमको पहुँच पुग्न नसकेको स्थानमा समेत नागरिकको सहज पहुँचमा रहेको सामुदायिक रेडियोले कोरोना भाइरस संक्रमण फैलिन नदिन नागरिकलाई सचेत र सुसूचित गर्ने अभियानलाई निरन्तरता दिन हामी आग्रह गर्दछौ । यस अभियानलाई प्रभावकारी रुपमा अघि बढाउन सहकारी क्षेत्र, गैरसरकारी संघसंस्था सामुदायिक रेडियोसँग सहकार्यका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौ ।

२. विपदको घडीमा सहकारी, गैरसरकारी र सामुदायिक संघसंस्थाहरूले कोरोना संक्रमण फैलिन नदिन सञ्चालन गरेका कार्यक्रम, पीडितहरूलाई राहत वितरण एवं जनचेतनामूलक कार्यहरूको प्रसारणमा स्थान दिन हामी सामुदायिक रेडियोहरूलाई आग्रह गर्दछौं । साथै सञ्चारकर्मीलाई आफ्नो स्वास्थ्य सुरक्षामा ध्यान दिन हामी आग्रह गर्दछौं ।

३. कतिपय सञ्चारमाध्यम तथा सामाजिक सन्जालबाट अन्यौल र भ्रमपूर्ण समाचार सम्प्रेषण भइरहेको अवस्थालाई मध्यनजर गरी सामुदायिक रेडियोले कोरोना भाइरसको सङ्क्रमणबारे नागरिकसमक्ष आधिकारिक स्रोत एवं सहकारी र नागरिक समाजसँगको समेत समन्वयमा सत्य तथ्य र यथार्थ जानकारी प्रसारण गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

४. विपदको समयमा औषधोपचार र खाद्यान्न जस्तै नागरिकलाई सूचना पनि अत्यावश्यक हुन्छ । तर, लकडाउनका कारण उत्पन्न संकटले एफएम रेडियो दैनिक सञ्चालनमा समेत कठिन बन्न थालेको अवस्थालाई मध्यनजर गर्दै तत्काल रेडियो सञ्चालनको लागि स्रोतसाधनको उपलब्धतामा हामी सक्दो सहयोगका लागि प्रतिबद्ध छौं, साथै अन्य सरोकारवाला क्षेत्रलाई पनि सहयोगका लागि आग्रह गर्दछौं ।

५. कोरोना भाइरस संक्रमणका कारण उत्पन्न अवस्थाले सरकारहरूको वार्षिक कार्यक्रम र बजेट कार्यान्वयनमा प्रत्यक्ष असर पारेको छ । स्थानीय सरकारको भूमिकालाई थप प्रभावकारी बनाउन एवं कोरोना रोकथाम कोष वृद्धि गरी गरिब, भूमिहीन तथा अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरूको लगत राखी राहत उपलब्ध गराउन निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढाउन हामी आग्रह गर्दछौं ।

| **मीनराज कडेल** | **जीताराम लामा** | **सुवास खतिवडा** |
|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| राष्ट्रिय सहकारी महासंघ | गैरसरकारी संस्था राष्ट्रिय महासंघ | सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल |

मिति २०७७ वैशाख १० गते







रेडियो जनप्रिय



# BRIDGING THE COMMUNITIES THROUGH RADIOS




TOTAL COMMUNITY RADIOS IN NEPAL

ACORAB Nepal